वर्ष : १३, अंक : ४८, काठमाडौं, २०७४ चैत ९ गते शुक्रबार 23 March 2018, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

शुल्क	सेवा
रू. ५०००।- (पाँच हजार मात्र)	फोन, फ्याक्स, इमेल

मधेश मिडिया हाउस

हनुमानस्थानचोक, अनामनगर, काठमाडौं

फोन नं. : ०१-४२६६१४१, ९८०८१२५०२४

ई-मेल : madheshmediahouse@gmail.com

इयुको अर्थहीन कदम : नेपाललाई विखण्डनतर्फ धकेल्ने प्रयास

मधेशवाणी डेस्क

काठमाडौं । युरोपियन युनियनले खस आर्यलाई आरक्षण समूहबाट हटाउन सुझाव दिएपछि नेपाली राजनीतिमा तरंग उत्पन्न भएको छ । युरोपियन युनियन (ईयु) एउटा प्रतिवेदनका कारण विवादमा तानिएको छ ।

ईयु निर्वाचन पर्यवेक्षण मिसनले भविष्यमा हुने निर्वाचनहरूका लागि सिफारिसहरूसहितको प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचन सम्बन्धी आफ्नो अन्तिम प्रतिवेदन प्रस्तुत गरेपछि विवादमा तानिएको हो ।

खस-आर्य समुदायलाई समावेशी सूचीमा राखेकोमा आपत्ति जनाउँदै सुझाव पेश गरेपछि यतिबेला ईयुको व्यापक आलोचना भइरहेको छ ।

'लैंगिक र सामाजिक समावेशीकरणलाई प्रवर्द्धन गर्न लागू गरिएको आरक्षण व्यवस्थामा पहिल्यै राम्रोसँग प्रतिनिधित्व भएका समूहहरू पनि रहेका छन् । सकारात्मक कार्यसम्बन्धी व्यवस्थाहरू समानता प्रवर्द्धन गर्ने माध्यम मात्र भएकाले यो कुरा समानतासम्बन्धी अन्तर्राष्ट्रिय मापदण्डको विपरीत रहेको तर्क गर्न सकिन्छ' ईयुको प्रेस विज्ञप्तिमा भनिएको छ ।

त्यस्तै विस्तृत रिपोर्टको सिफारिसको बुँदा नम्बर तीनमा संविधानको धारा ८४ लाई संशोधन गर्न सुझाव दिइएको छ ।

नेपालमा गएको मँसिरमा भएको प्रदेशसभा र प्रतिनिधिसभा निर्वाचनको पर्यवेक्षण गरेको युरोपियन युनियन निर्वाचन पर्यवेक्षण मिसनले राजधानीमा निर्वाचन अनुगमनको प्रतिवेदन सार्वजनिक गर्दै खस आर्यलाई आरक्षण समूहबाट हटाउन सिफारिस गरेको थियो । जसका विषयमा विभिन्न टिप्पणीहरू भइरहेका छन् ।

अनेकौं आरोह-अवरोहपश्चात अन्ततः २०७२ असोजमा संविधानसभाबाटै संविधान जारी भएको छ । त्यो संविधानको स्वागतको त कुरै छाडौं, आलोचनात्मक भए पनि समर्थन गर्नुपर्ने न्यूनतम कर्तव्यबाट समेत युरोपियन युनियन च्युत हुनुपुगेछ । मानव अधिकारका सवालमा झन्डै तीन दर्जन प्रावधान मौलिक हकका रूपमा संविधानमा समावेश भएको विषयलाई तिनले देखेका छैनन् । नेपालमा लोकतन्त्र र स्थिरताको पक्षमा छवि बनाएको युरोपियन युनियन अन्ततः अस्थिरतालाई बढावा दिन खोज्दैछ भन्ने धारणा प्रबल बन्न पुगेको छ ।

यही संविधान अन्तर्गत स्थानीय तहसहित प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन सम्पन्न भएको स्थितिमा संविधानप्रति युरोपियन युनियनको दृष्टिदोष प्रस्ट हुन्छ भने संविधान जारी भएपछिका वितण्डा गलत थिए भन्ने स्वतः प्रमाणित हुन्छ ।

के के गरे इयुले ?

- युरोपियन युनियनले नेपालका खस आर्यको आरक्षण खारेज गर्न सुझाव दिएको छ । निर्वाचनको पर्यवेक्षणका लागि नेपालमा आएको युरोपियन युनियनको निर्वाचन पर्यवेक्षण मिसनले प्रतिनिधिसभा र प्रदेशसभाको जातीय संरक्षणसम्बन्धी आरक्षण प्रणालीको प्रभाव समीक्षा गर्न सुझाएको हो ।

- इयुका कुटनीतिज्ञले विखण्डनकारी गतिविधिमा संलग्न डा.सीके राउतलाई पनि भेटेको छ । सरकारले स्पष्टीकरण सोधे पछि इयुकी तत्कालीन राजदूत रेन्स्जे टेरिन्कले क्षमा मागेकी थिइन् ।

- वेलायतका तत्कालीन राजदूत एण्ड्रयु स्पार्क्सले नेपालको नयाँ संविधानले धर्म परिवर्तनको अधिकार सुनिश्चित गर्नु पर्ने भन्दै आलेख नै लेखे । त्यसको व्यापक विरोध भयो ।

- हालैका निर्वाचन पर्यवेक्षणका लागि आएका इयुका पर्यवेक्षण टोलीले सीके राउतलाई चुनावकै दौरानमा जनकपुरमा भेटेको छ ।

- चैत १८, २०७२ मा ब्रसेल्समा भएको शिखर सम्मेलनमा जारी भएको वक्तव्यमा नेपाललाई संविधान संशोधन गर्न दबाव दिनेगरी एउटा बुँदा समेटियो । नेपालको संविधान नितान्त आन्तरिक मामिलाको विषय कुन प्रसंगले इयुले संयुक्त वक्तव्यमा यस्ता विषय पारे ।

- इयुले नेपालमा धर्म निरपेक्षताको पक्षमा विगतमा ठूलो लगानी गरेको छ । अहिले नेपालमा भएका क्रिश्चियन मिसनरीको मुख्य दातामध्ये इयु एक हो ।

- इयुका हरेक प्रतिनिधिमण्डलले तिब्बतीलाई नेपाली भूमिमा भेट्नै पर्ने तर इयुले स्पेनको क्याटलोनियामा उठेको स्वतन्त्रता आन्दोलनबारे किन मौन रहनु पर्ने ?

नेपालको पछिल्लो राजनीति वातावरणमा युरोपियन युनियनको अभिव्यक्तले सनसनी मच्चाएको छ । युरोपियन युनियन अन्तर्गतका स्क्यान्डाभियन देशहरू खासगरी नर्वे, स्वीडेन, डेनमार्क, बेल्जियम लगायतका देशहरूको चलखेल नेपालमा अकल्पनीय ढङ्गबाट बढेको छ । तिनै देशहरूको चलखेलका कारण नेपालले अनन्त जातीय द्वन्द्वको निर्यात भोग्नु पर्ने स्थितिको सिर्जना हुँदैछ । यसरी नेपालमा युरोपियन देशहरूको व्यापक चलखेल बढ्दै जाँदा देश द्वन्द्वको भूमरीमा फस्ने सम्भावना छ ।

नेपालमा चल्दै आएको वर्गसङ्घर्ष र कम्युनिज्मको प्रभावलाई समाप्त गर्न

बाँकी पृष्ठ ८ मा

कसले के भने ?

एउटा विदेशी नियोगले नेपालको कुनै जाति विशेषलाई 'आरक्षण' नदिनू भन्ने आपत्तिजनक उर्दी जारी गरेको सुनियो ! हामी नेपाली जनता स्वयम्ले बनाएको संविधानमा कतै 'आरक्षण' शब्द छैन त्यहाँ 'समानुपातिक समावेशी प्रतिनिधित्व' मात्र छ, जुन बिल्कुल सही छ ! गुड र गोबर नचिन्ने थुतुनो नचलाएकै वेश !

– बाबुराम भट्टराई, संयोजक नयाँ शक्ति पार्टी नेपाल

संविधानमा व्यवस्था भएको खस आर्यको आरक्षण खारेज गर्न युरोपियन युनियनले दिएको सुझाव अवाञ्छित, अनावश्यक, अनुपयुक्त र हस्तक्षेपकारी छ । नेपाली जनताका बीचमा विवाद र विभाजनको बिऊ रोप्ने यस्ता कार्य नगर्न युरोपियन युनियनलाई परराष्ट्र मन्त्रालयले सचेत गराउनुपर्छ ।

– कमल थापा, अध्यक्ष राप्रपा

खस आर्यका सम्बन्धमा युरोपियन युनियनको टिप्पणी दुर्भाग्यपूर्ण छ । यसले नेपाली समाजमा बन्दै गरेको जातीय एकता र साम्प्रदायिक सदभावमा गम्भीर असर पर्न सक्छ । स्वयम ईयुको नियतमाथि समेत प्रश्न उठ्न सक्छ ।

– योगेश भट्टराई, एमाले सचिव

राजाले सन् २००५मा तानाशाही व्यवस्था लादेर सबैको अधिकार कुण्ठित पारेको बेला इयु, युएन र अन्य अन्तर्राष्ट्रिय संघ/संस्थाहरूले नेपालको लोकतन्त्र र मानवअधिकारको लागि दुनियाभरीमा आवाज उठाउँदा आँच आएन तर आज इयुले नेपालको संविधान र कानुनमा रहेको विभेदकारी व्यवस्थालाई सच्चयाउन आग्रह गर्दा किन यति बढी विरोध ? लाज लाग्दै लोकतन्त्र र मानवअधिकारको माला जपनेहरू इयुलाई अन्यवाद दिनुपर्छ ।

– विजयकान्त कर्ण, बुद्धिजीवि

स्थानीय तहबारे सामान्य ज्ञान

- जिल्ला संख्या ——→ ७७ वटा
- महानगरपालिका ——→ ६ वटा
- उपमहानगरपालिका ——→ ११ वटा
- जम्मा गाउँपालिका ——→ ४६० वटा
- जम्मा नगरपालिका ——→ २७६ वटा
- जम्मा वडा संख्या ——→ ६७४३ वटा
- नगरपालिकाविहिन जिल्ला ——→ ४ वटा
- गाउँपालिकाविहिन जिल्ला ——→ २ वटा
- सबैभन्दा कम स्थानीय तह भएको जिल्ला ——→ पूर्वी रुकुम (३ वटा)
- १८ स्थानीय तह भएका २ जिल्ला ——→ धनुषा, सप्तरी
- १७ स्थानीय तह भएका २ जिल्ला ——→ सिराहा, मोरङ
- सबैभन्दा धेरै स्थानीय तह भएको जिल्ला ——→ सर्लाही (२० वटा)
- सबैभन्दा ठुलो महानगरपालिका ——→ पोखरा-लेखनाथ
- गाउँपालिकाविहिन जिल्ला ——→ भक्तपुर र काठमाडौं
- नगरपालिकाविहिन जिल्ला ——→ रसुवा, मनाङ, मुस्ताङ र पूर्वी रुकुम।

यसभित्र...

बलियो सरकारको कमजोर राजनीतिक धरातल
उपेन्द्र झाको विचार-विश्लेषण, पृष्ठ २ मा

सत्ता यात्रामा लागेको पूर्णविराम
सम्पादकीय पृष्ठ २ मा

एमालेलाई विश्वास गर्नुको विकल्प पनि त छैन : रानी शर्मा तिवारी
प्रदेशको सीमांकन हेरफेर गर्दा राष्ट्रिय अखण्डतामा असर पर्दैन : मो.इस्तियाक राई
अन्तर्वाता पृष्ठ ३ मा

रेशम चौधरी दोषी होइनन् पृष्ठ ४ मा

प्रदेश २ मा दुई लाख बालबालिका विद्यालय बाहिर पृष्ठ ५ मा

मधेशी दलले मधेशलाई बन्धक बनाएको छ पृष्ठ ६ मा

ओलीले मधेशी दलको माग पूरा गर्न सक्लान् ?

काठमाडौं । एमाले अध्यक्ष केपी ओली प्रधानमन्त्री बनेको एक महिना पूरा भएको छ । यस अवधीमा उनले पटक पटक संविधान संशोधन गर्ने र मधेशको माग पूरा गरिदिने कसम पनि खाएका छन् । दुई तिहाइभन्दा बढी समर्थन प्राप्त ओलीले संघीय समाजवादी फोरम र राजपा नेपाललाई सरकारमा ल्याउन प्रयास पनि गरेका छन् । मधेशी दललाई सरकारमा ल्याएर ओलीले आफूमाथि लागेको मधेश विरोधीको ट्याग हटाउन चाहेका छन् ।

तर मधेशी विरोधी र संविधान संशोधनमा उनले विगतमा दिएको अभिव्यक्ति र निर्वाह गरेको भूमिकाले उनी सहजै संविधान संशोधन गर्लान त ? प्रश्न उठ्नु स्वभाविक हो तर पनि फोरम र राजपाले ओलीलाई विश्वासको मत दिएर झन शक्तिशाली बनाइ दिएका छन् ।

यद्यपी फोरम र राजपाले दुई तिहाइको मत भएको सरकारले नै संविधान संशोधन गर्न सक्छ भनेर आफूहरूले विश्वासको मत दिएको तर्क गरिरहे पनि भित्री आशय भनेको उनीहरूको सत्ता यात्रा नै हो ।

उपेन्द्र यादव नेतृत्वको संघीय समाजवादी फोरम नेपाल र महन्थ ठाकुर नेतृत्वको राष्ट्रिय जनता पार्टी नेपालसंग विगतमा तीन बुंदे सम्झौता गरेर प्रधानमन्त्री शेरबहादुर देउवालाई पनि मत दिएका थिए । त्यसको पछाडि संविधान संशोधन गराउनु नै थियो ।

मधेशी दलले यसरी नै १० वर्षदेखि विभिन्न प्रधानमन्त्रीसंग सहमति गर्दै माग पूरा गराउन संघर्ष गर्दै आएका छन् । उनीहरूको सबै माग यथावत छ र सम्बोधन भइरहेको छैन ।

२०६३ माघ १ गतेदेखि पहिलो मधेश आन्दोलन शुरू हुँदा स्व.गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री थिए । मधेश आन्दोलन चर्केपछि उनले दुई-दुई पटक मधेशलाई सम्बोधन गरे । मधेशको आन्दोलनलाई शान्त पार्नका लागि २२ बुंदे सम्झौता पनि गरेका थिए तर त्यो सम्झौता कार्यान्वयन नभएपछि पुनः आन्दोलन भएको थियो । त्यसपछि २०६४ फागुन १६ गते ८ बुंदे सम्झौता भएपछि मात्र आन्दोलन रोकिएको थियो ।

आठ बुंदे सम्झौतामध्ये कति कार्यान्वयन भयो, कति भएन केही पत्तो छैन । तर आठ बुंदे सम्झौतापछि मधेशी दल विगतमा थुपै पटक सरकारमा सहभागिता भए तर आफूले उठाएको माग पूरा गराउन सकेन ।

जसको सरकारमा जाँदा उनीहरूले कुनै न कुनै सम्झौता गरेर नै जान्थे । तीन बुंदे, चार बुंदे र आठ बुंदेसम्मको सम्झौता भएको छ । पहिलो संविधानसभाको चुनावपछि माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' प्रधानमन्त्री भए । विगतमा भएका आठ बुंदे सम्झौता कार्यान्वयन गर्ने भनी सहमति गर्दै मधेशी मोर्चामा प्रचण्ड नेतृत्वको

बाँकी पृष्ठ ८ मा

टिप्पणी **जेपी गुप्ता**

कुरो नबुझेको बेवकूफ यूरोपियन युनियन

वास्तवमा यिनीहरूले अहिले संविधानको कार्यान्वयन गरिरहेको भन्नुको अर्थ नै संघीयताको समाप्तिको आधारभूमिको निर्माण भैरहेको भन्नु नै हो । सायद, संसदको यहि कार्यकालमा संघीयताको अवसान हुनेछ ।

युरोपीयन युनियनको निर्वाचन पर्यवेक्षण टोलीले खस-आर्य समूह अर्थात् यस कल्स्टरको आरक्षण हटाउन सुझाव दिएको छ । यसपछि नेपाली राजनीतिमा नयाँ तरंग उत्पन्न भएको छ ।

नेपालको संविधानमा संघीयताको प्रवेश, निर्वाचन प्रणालीमा समानुपातिक(समावेशीकरणको व्यवस्था, निजामति सेवामा उपेक्षित-वहिष्कृत समुदायको आरक्षण आदि परिवर्तनमुखी केही नयाँ व्यवस्थाहरूलाई धेरैले स्वभाविक मानेका छैनन् ।

यी प्रावधानहरू नेपाल भित्रबाट माँगिएका विषय होइनन्, बरू युरोपीयन यूनियन, डानिडा, डिफिड जस्ता विदेशी दातृसंस्थाहरूको लगानी तथा उक्साहटबाट बलात् भित्राइएको विषय मान्नेहरू धेरै छन् । यस्ता मतालम्बीहरू कांग्रेस, एमाले र दुर्भाग्यवश माओवादीमा पनि छन् । यिनीहरू घेरेलु राजनीतिमा आपस्तमा जत्तिनै झैझगडा गरेपनि संघीयताका यी आधारभूत विषयहरूको विपक्षमा समान प्रकारका धारणा राख्दछ । वि.सं. २०६४ पछि कांग्रेसबाट डा. रामशरण महत अर्थमन्त्री भएपछि यिनले विश्व बैंकको सहयोगमा 'नेपालमा समावेशीकरण' प्रोजेक्टलाई रिपोर्ट पनि सार्वजनिक गर्न नदिएर पोका पुन्तरा बाँध्न लगाए । माधव नेपाल र डा. बाबुराम भट्टराई क्रमशः प्रम भएको बेला अनमिन र संयुक्तराष्ट्र संघको मानव अधिकार आयोगको नेपाल अफिसलाई धपाएको कुरा पनि यस सन्दर्भमा याद राख्नु पर्ने समिचिन विषय हुन् । मधेश र जनजाति फाँटमा काम गर्ने केही गैरसरकारी संस्थाहरूबाट लगानी फिर्ता गराउन समेत यिनीहरूले धोतिटुप्पी कसेर विदेशी दातृ संस्थाहरूलाई नेपाल भाँड्न लागेको आरोप लगाए । यस्ता उदाहरण धेरै छन् ।

वास्तवमा यिनीहरूबाट संघीयता-समावेशीकरणको विरूद्धमा सोझो भाषामा विरोध नगरेर विदेशीहरूले नेपाली समाजमा जातीय विभाजन ल्याएको, ईसायीकरणलाई बढाएको, सामाजिक वैमनस्यता फैल्याएको भनी परोक्ष रूपमा तितो पोखिने गरिन्छ । यस झुसिलो डकार पछाडिको अन्तर्निहित मनशाय भने नयाँ संविधानबाट आंशिक रूपमै भएपनि केही प्रगतिशील कुराहरू स्वीकार गरिनु हो, जो यिनीहरूको आज पर्यन्तको शासकीय अवसरको अविच्छिन्नतामा थोरै भएपनि कटौती गर्दछ । यो कुरो नै यिनीहरूलाई खपिनखानु भएको छ । सत्य यही हो । यही लुप्त सत्यमा टेकेर यिनीहरू संघीयताको विरोधमा देशलाई क्रमशः ध्रुविकृत गर्दै लाने काममा सफलता पाउँदै गएको छ । संघीयताकै कारणले राजतन्त्र र हिन्दू राष्ट्रको मान्यता खत्तम भयो भनेर यही समुदायका पंचमार्गी-राजावादीहरूले संघीयताको विरोध गरिरहेको हुन्छ । अर्को तिर, मधेश आन्दोलनबाट उत्पन्न परिस्थिति र भारतको गलत नेपाल नीतिलाई देखाएर संघीयताले गर्दा नै नेपाल टुक्रिने अवश्यंभाविताको अतिरंजित चर्चा पसारेर यही समुदायका सबै पार्टीमा रहेकाहरूले अथक रूपमा राष्ट्रको रक्षाको नाममा ध्रुवीकरणलाई हौस्याएको छ । यसमा मधेशी पार्टीहरूको बेवकुफी र मधेशमा यता देखा परेका सिके राउतहरूले पनि मद्दत नै पुऱ्याइरहेका छन् । दलित जागरण, जनजातिहरूको राजनीति- यी विषयहरूलाई पस्केर पनि यही खस-आर्य समुदायका शक्तिशाली पक्षले संघीयतालाई दोषी देखाउँदै छ । धेरै भनि नरहनु पर्ला, संघीयता जन्मेर वामे सर्न पनि नपाउँदै आज सबै पार्टीहरूमा संघीयतालाई समाप्त पार्ने गंभीर चर्चाले ठूलै ठाउँ चर्चेको देखिन्छ ।

यो अभियान निकै बलियो छ । यसलाई हिन्दू धर्मान्धतावादी-राजनीतिमा छेउकिनारा लागेका राजावादी-अवसरवादीहरू, चुनावमा पराजित कांग्रेसीहरू, गएको चुनावमा भावनात्मक-राष्ट्रवादी नारामा बलियो उपस्थिति बनाउन सकेका वाम गठबन्धन र यही प्रवृतिका पृष्ठपोषक अन्य राजनीतिक दलहरूको दरो एक्यबद्धता छ । वास्तवमा, आजको समसामयिक राजनीतिमा यसको काट अन्य कुनै घरेलु शक्तिसंग छैन ।

बाँकी पृष्ठ २ मा

सम्पादकीय

सत्ता यात्रामा लागेको पूर्णविराम

प्रधानमन्त्रीमा केपी शर्मा ओलीलाई विश्वासको मत दिएपछि प्रदेश २ मा वर्चश्व बनाएको संघीय समाजवादी फोरम र राजपा नेपालको वाम गठवन्धन नेतृत्वको केन्द्रीय सरकारमा जाने बाटो खुलेको छ। दुबै पार्टीका अध्यक्ष र प्रधानमन्त्रीसँग भएका अघिल्ला छलफलहरू सकारात्मक मोड लिएपछि आजै भोली सरकारमा सहभागि हुने करिब करिब निश्चित थियो।

गत शुक्रबार प्रधानमन्त्रीले तेस्रो पटक मन्त्रिपरिषद् विस्तार गर्दा कम्तीमा फोरम सहभागी हुने वातावरण बनेको थियो। फोरम र राजपालाई पनि सहभागी गराउनकै लागि पनि मन्त्रिपरिषद् विस्तारको कामलाई प्रधानमन्त्रीले ढिलाई गरेका थिए। तर अन्तिम अवस्थामा फोरम सरकारमा सहभागी भएन भने राजपाले पनि सहभागि हुने भन्दाभन्दै पछि हटेको छ। के दुबै मधेशी दलको सरकारमा सहभागी हुने विषयमा पूर्णविराम लागेकै हो त ? यसको जवाब न त ती दुबै दलसँग नै छ न त वाम गठवन्धनसंग नै। वास्तवमा दुबै पार्टी सरकारमा जानका लागि सुरक्षित अवतरण खोजिरहेका छन्। न्यून आलोचनाका साथ उनीहरू सरकारमा जान चाहेका छन्।

संविधानको विपक्षमा उभिएका दुबै दल निर्वाचनमा सहभागी भएर प्रदेश २ मा खुम्चिएको छ। उनीहरूको राजनीतिक धरातल आठ जिल्लाबाहेक माथि उठ्न सकेको छैन। संविधान संशोधनको एक सूत्रीय विषयमा दुबै दलबीच समान धारणा छैन भने त्यसका लागि कार्यगत एकता पनि छैन। दुबै दल अलग अलग प्रकारले संशोधनको कुरा उठाइरहेका छन् र अलग अलग तरिकाले सरकारमा प्रवेश खोजिरहेका छन्।

> मधेशको मुद्दामा विगतमा सँगै लडेका यी दुई दल आखिर निर्वाचन पछिको ताजा जनादेश र राजनीतिक अवस्थामा किन समान रूपमा सँगै जान नसेकका हुन् ?

मधेशको मुद्दामा विगतमा सँगै लडेका यी दुई दल आखिर निर्वाचन पछिको ताजा जनादेश र राजनीतिक अवस्थामा किन समान रूपमा सँगै जान नसेकका हुन् ? यो गम्भीर प्रश्नको जवाब खोज्ने बेला आएको छ।

खासमा फोरमको सत्ता यात्रामाथि विराम पार्टी भित्र उत्पन्न विवादका कारणले लागेको हो। अध्यक्ष उपेन्द्र यादवको मन्त्री बन्ने चाहना र पार्टीका अन्य नेताहरूमा आफू नै मन्त्री बन्ने तीव्र आकांक्षाले पार्टीले सन्तुलन मिलाउन नसक्दा उसले तत्काल जान नसकेको हो।

उता, राजापाभित्र पनि यस्तै प्रकारको विवाद छ। शीर्ष नेताहरू नै मन्त्री बन्ने दौडमा रहेका कारण उसले पनि सन्तुलन मिलाउन सकेको छैन भने पछिल्लो पटक प्रहरी हिरासतमा रहेका रेशम चौधरीको विषयले उसलाई सरकारमा जान रोकेको हो। संविधान संशोधन र रेशम चौधरीको विषयमा सत्तारूढ दलको प्रतिबद्धता आएमा राजपा सरकारमा जान तयार रहेको बताइन्छ। राजपाले संशोधनको विषयमा सत्तारूढ दल माओवादी केन्द्र र एमालेसँग स्पष्टता खोजेको छ। जुन विषयमा ती दल सकारात्मक छन्।

संविधान संशोधन गर्ने विषयमा संघीय समाजवादी फोरम नेपालसँग सत्तारूढ दल एमाले र माओवादी केन्द्रले गरेको सैद्धान्तिक सहमति जस्तै राजपाले पनि चाहेको छ। फोरम नेपालसँग भएको सहमति जस्तै राजपा नेपालसँग भयो भने सरकारमा सहभागी हुन सहज हुने देखिन्छ।

संविधान संशोधन तथा कार्यान्वयनका लागि दुई तिहाई बहुमत चाहिन्छ त्यसका लागि राजपा नेपाल र फोरम नेपाल सरकारमा जानुपर्ने ती दलका नेताहरूको तर्क छ। उनीहरूले अहिले नै संविधान संशोधन गरि दिनुपर्छ भनि न भने पनि सुनिश्चितता मात्र खोजिएको हो।

पहिला पटक पटक लिखित सहमति हुँदा पनि त्यो कार्यान्वयन भएको छैन। किनभने त्यतिबेला दुई तिहाई बहुमत कसैसँग थिएन तर अहिले दुई तिहाई बहुमत स्पष्ट देखिन्छ त्यसैले संशोधनको विषयमा स्पष्ट धारणा सार्वजनिक गरेपछि राजपा र फोरम सरकारमा जान सक्छ।

सातको सात बात

नेपाल बनोस् भन्ने सबैको चाहना छ तर कसरी ? विगततिर फर्केर पश्चाताव वा समीक्षा गर्ने होईन, भविष्यलाई हरेर देश निमार्णमा लाग्नुपर्छ। जिम्मेवारीमा रहेका सबैले आफ्नो आचरण परिवर्तन गरेर देश र जनतामा समर्पित हुने समय आएको छ। **केपी शर्मा ओली, प्रधानमन्त्री**

जबसम्म दुई नम्बर प्रदेशको विकास हुँदैन, तबसम्म देशकै विकास हुन सक्दैन। प्रधानमन्त्री ओलीसँगै मेरो प्रतिवद्धता नै प्रदेश २ मा बाटोघाटो, शिक्षा, स्वास्थ्य, रोजगार, सिंचाई सबैलाई समेट्ने गरी विशेष प्याकेज ल्याउने हो। **पुष्पकमल दाहाल, अध्यक्ष, नेकपा माओवादी केन्द्र**

लोकतन्त्र र संविधानको रक्षामा कांग्रेसको सबै शक्ति प्रयोग भयो। प्रदेश र केन्द्रमा जुन सरकार बनेको छ, त्यसको भूमिका जनताको पक्षमा भएको छ कि छैन भन्ने कुरामा हामी सचेत हुन्छौं। **विमलेन्द्र निधि, नेता, नेपाली कांग्रेस**

नेपाल र भारतको सम्बन्ध सदीयौं पुरानो हो अबका दिनमा यो सम्बन्धलाई अझ प्रगाढ बनाउँदै लैजानुपर्छ। नेपाल र भारतबीचको खुल्ला सिमानाको फाइदा आपराधिक तत्वहरूले नउठाउन् भनेर दुबै देश सचेत हुन जरूरी छ। **रामबहादुर थापा, गृहमन्त्री**

अब संकमणकालको बहानामा जनताका काममा ढिलासुस्ती र हेलचेक्याई गर्ने दिन सकिए। कर्मचारीहरूले इमान्दारी र दृढतापूर्वक जनताको खुसीका लागि काम गर्नुपर्छ। **शक्तिबहादुर बस्नेत, वन तथा वातावरणमन्त्री**

स्व. गिरिजाप्रसाद कोईरालाको अगुवाइमा मुलुकमा ठूलो राजनीतिक उपलब्धि हासिल भएको हुनाले उहाँको सम्झनामा स्थापना गरिने संग्रहालयका लागि प्रदेश सरकार सदैव सहयोगी हुनेछ। **शेरधन राई, मूख्यमन्त्री, प्रदेश १**

हाम्रो पार्टीका तर्फबाट उम्मेदवार बनेर प्रतिनिधिसभा सदस्यका लागि विजयी भएका रेशम चौधरी अहिले कारागारमा हुनुहुन्छ। उहाँको न्यायोचित मागको सम्बोधन नहुँदासम्म हामी मन्त्रीमण्डलको सदस्य भएर सगर्वित हुन सक्दैनौं। तसर्थ चौधरीको माग पूरा नभएसम्म हामी सरकारमा जाँदैनौं। **मनिष सुमन, नेता, राजपा नेपाल**

बलियो सरकारको कमजोर राजनीतिक धरातल

विचार-विश्लेषण

उपेन्द्र झा

> मधेशको सर्वांगीण विकास एमाले सरकारको माध्यमबाट भयो भने मधेशमा एमालेको प्रभाव बढ्दै गएपछि मधेशको पार्टीको लोकप्रियता त्यसै पनि घटेर जाने एमालेको रणनीति हो। मधेशको विकास नै सरकारको प्राथमिकतामा रहेकोले त्यहाँ नियतको कुरा उठ्दैन।

बलियो सरकारको अभावमा राजनीति सहज ढंगले गतिशील नभएर घिस्रिदै अगाडि बढेको विगतको इतिहास छ। अस्थिर सरकारको तरल अवस्थामा विकासका अवधारणाहरू अवरूद्ध हुँदै आयो। सौभाग्यले कुनै बेला बहुमतको जनादेश पाएर सरकार बने पनि लगत्तै त्यो दुर्भाग्यको शिकार भएको छ। बहुमत र अल्पमतको सरकार आफ्नो कार्यकाल पूरा गर्न नसकेर विकासको, उद्योगको अभीष्ठ पूरा हुन सकेन भन्ने बलियो कारण देखाएर सरकार संचालकहरूले क्लीन चीट पाउँदै आएका छन्। लामो समयसम्म अस्थिर सरकारको दुर्भाग्य नेपाली जनताले भोग्दै आए। हरेक सरकार जनताको अपेक्षा पूरा गर्ने दायित्वबाट बञ्चित नै रहे। फलतः जन अपेक्षा पूरा नभएको कारण ठूला ठूला द्वन्द्वहरू बेहोर्नु पऱ्यो।

नेपालले पहिलो पल्ट दुईतिहाई प्राप्त बलियो सरकार पाएको छ। व्यवधानका रूपमा प्रतिपक्षको क्षीण आवाज सत्यापित हुन सक्दैन। प्रधानमन्त्री के.पी.शर्मा ओलीले मन्त्री मण्डलको सदस्यमा कर्मशील योद्धा साथीहरूलाई छनौट गरेको कुरालाई प्रशंसा गर्नु गल्ती हुँदैन। आर्थिक सहयोगका लागि कुबेरको भण्डारै ओपेन भएको छ। *इच्छा छ, टीम छ, योजना छ, सहयोग छ* परिस्थितिको यस्तो अनुकूलतामा विकासको अभावमा समाजमा फैलिएको विषमतालाई हटाउन सकिएन, विकासलाई गतिशील बनाएर अवसर सिर्जना गरिएन भने घोषणा पत्रका सारा प्रतिवद्धता मिथ्या साबित हुने र एक से एक कर्मशील योद्धाहरू निकम्मा साबित हुनेमा किञ्चित शंका हुँदैन। प्रधानमन्त्रीको टीममा छनौट गरिएका सदस्यहरू दृढ इच्छाशक्ति, उच्च मनोवल, प्रगतिशील र जन उत्तरदायी भएकोले शंका गर्ने ठाउँ छैन।

कमजोर राजनीतिक धरातलः-

नेपाल दुई महाशक्ति देशबीच अवस्थित छ। चीन समृद्धि हासिल गरेर एक दशकदेखि नेपालमा हस्तक्षेपकारी चासो राखेको छ। दीर्घकालीन रणनीति अन्तर्गत चीनले नेपालको हरेक क्षेत्रमा आफ्नो प्रभाव बढाउने चासो राखेको छ। नेपाल गरिब मुलुक भएकोले सहयोगको माध्यमबाट नेपाललाई आफ्नो पकडमा लिने उद्देश्यले चीनले एसडीपी कार्यक्रम अन्तर्गत नेपालका सीमामा पर्ने ५५ वटा हिमाली जिल्लालाई विकास गरि समृद्ध बनाई दिने भनेर लिएको छ। भारतको झूठो आश्वासनको भरमा नेपाल दिनानुदिन पराश्रित बन्दै गएको भनेर चीनसंग सम्बन्ध बनाउने बाध्यता रहेको मान्यता राख्ने वर्तमान सरकार विकास सहयोग लिएर चीनसंग एकतर्फी सम्बन्ध बनाएकोले नेपाली राजनीतिमा असन्तुलन बढेको बुद्धिजीविहरूको आकलन छ। हिमाली जिल्ला तथा केन्द्र सरकार चीनको प्रभावमा गई सकेकोले मधेश अहिले चीनको टारगेटमा परेको छ। मधेश भारतको विश्वसनीय आधारक्षेत्र रहेको मान्यता राख्ने चीन मधेशमा उद्योग धंधेहरूको माध्यमबाट विकास गरि आफ्नो धरातलीय प्रभाव बनाउन खोजेको छ। मधेशमा एमालेको प्रभाव पनि न्यून रहेको निर्वाचनको नतिजाले देखाई सकेको छ। मधेशको सर्वांगीण विकास एमाले सरकारको माध्यमबाट भयो भने मधेशमा एमालेको प्रभाव बढ्दै गएपछि मधेशको पार्टीको लोकप्रियता त्यसै पनि घटेर जाने एमालेको रणनीति हो। मधेशको विकास नै सरकारको प्राथमिकतामा रहेकोले त्यहाँ नियतको कुरा उठ्दैन। यसरी हिमाल पहाड र मधेशलाई आफ्नो पकडमा लिने चीन पार्श्वमा तीव्र रूपले सक्रिय छ भने सतहमा विकासका विशाल आकृति देखिएको छ जसको नेपाल कहिल्यै कल्पना गर्न सक्दैन। पहिलो पल्ट जुरेको विकासका यस्ता अवसरहरू प्राप्त गर्नु मुर्खता कसैले भन्न पनि सक्दैन।

श्रीलंका जस्तै अनुदान र ऋणभारले गुलाम बनाए जस्तै नेपाललाई पनि विकासको नाममा चीनले आफ्नो अनुयायी बनाएको हो। भखरै पनि चैत १ गते ५० अरबको अनुदान सहयोग दिनेबारे अर्थ सचिव र चीनको राजदूतबीच सम्झौता भएको हो। भारतले यति धेरै मात्रामा सहयोग गर्न सक्दैन भन्ने सोचले नेपाल चीनतिर आकर्षित भएको हो। भारतसंग एकपक्षीय सम्बन्धको उदासीनता तथा हेपिएको भनेर सोझै चीनसंग अप्राकृतिक सम्बन्ध बनाउनु प्रतिक्रियात्मक व्यवहारबाहेक अरू केही होईन। यसबाट भारत नेपालको सम्बन्धमा आउने असन्तुलनको जवाफदेहिता पनि नेपालसँगै रहने भएकोले यसको दबाव निश्चय पनि सरकार समक्ष अवरोधको रूपमा आउने कुरामा शंका छैन।

समृद्ध शक्तिशाली राष्ट्रको रूपमा विकसित भएको चीन अब आफ्नो क्षेत्रफलभित्र अटाउन सकि रहेको छैन। ठाउँ खोज्दै संसारभरि विचरण गर्ने उसको बाध्यता हो। यसै क्रममा नेपाललाई आफ्नो प्रभावमा ल्याउन खोजेको हो। भारतसंग चीनको मैत्रीपूर्ण वैरभाव रहेको नेपालको सन्दर्भमा स्पष्ट देखिएको छ। भारतमा मोदी सरकारको उदयदेखि नेपाली राजनीतिमा चीनको पकड तीव्र रूपमा बढेको छ। आफ्नो फायदा मात्र देखेर चीनसंग प्रगाढ सम्बन्ध बनाउने नेपाललाई चीन र भारतको राजनीतिक सन्तुलन कायम राख्न यति सहज पनि छैन।

नेपाल भारतको प्राकृतिक सम्बन्ध आदिकालदेखि रहि आएको छ। धार्मिक, सामाजिक र सांस्कृतिक आधारमा बनेको सम्बन्धलाई अहिलेको बदलिएको परिवेशमा कृत्रिम ढंगले परिभाषित गर्नु अनुचित नै हुनेछ। खुला सिमानाले नेपाल भारत सम्बन्धलाई अझ प्रगाढ बनाएको छ। धार्मिक सत्कर्म, सांस्कृतिक कार्य, अवसर, उपभोग्य वस्तुको बेरोकटोक आयात तथा अन्य आवश्यक कार्य हेतु खुला सिमानाको स्वतन्त्रतापूर्वक उपभोग गर्दा दुई स्वतन्त्र देशको भेद मेटिएको जस्तो लाग्थ्यो। यसैकारण कतिपय भारतीयहरूले नेपाल भारत कै हिस्सा हो भनेर भ्रमवश गल्ती पनि गरेका छन्।

नेपालका शासकहरू किरात, लिच्छवी, मल्ल र शाहवंश भारतबाटै आएर यहाँ शासन गरेकोले भारतको प्रभाव नेपाली समाजमा आदिकालदेखि रहेको छ। भारतीय प्रभावकै अभ्यासमा शताब्दियौंपछि नेपाली मौलिक पहिचान बनाउन सफल नेपाली समाजको धार्मिक, सामाजिक, सांस्कृतिक, भाषा, वेशभूषा आदिमा भारतीय झलक अवशेषको रूपमा अहिले पनि पाइन्छ। २००७ सालको परिवर्तन पश्चात हिन्दी भाषालाई पाठ्यक्रममा समावेश गरियो। शिक्षकको अभावमा स्कूलदेखि कलेजसम्म पढाउन सक्ने शिक्षकहरू भारतबाट झिकाईए। नेपालको शिक्षामा अतुलनीय योगदान गरेका ती सयकडौं शिक्षकहरू सेवा गरेवापत नेपालको नागरिकता पनि पाए। नेपाल भारतको प्राकृतिक सम्बन्ध भनिएको यही कारणले हो।

खुला सिमाना र भौगोलिक सुगमताले दुबै देशको अन्योन्याश्रित सम्बन्ध एकपक्षीय रूपमा रहेकोले सानो देशको हैसियतले हेपिएको र चेपिएको अनुभूति तथा अन्यान्य कारणले भारत विरोधी भावना नेपालमा तीव्र रूपमा बढ्दै गयो। तीनतिरबाट भारतले घेरेको तथा खुला सिमानाले जहाँ भातृत्व भावनालाई प्रगाढ बनाई भूपरिवेष्ठित राज्य नेपालको भारतसंग प्राकृतिक सम्बन्ध बनाएको छ सोही अनुपातमा भारतविरोधी भावना पनि नेपालमा शक्तिको रूपमा विकास भएको छ। भारत कै विरोध गरेर एमाले शक्तिशाली पार्टी बनेको हो। यसको एकपक्षीय रूपमा चीनसंग प्रगाढ सम्बन्ध रहेको छ। भारतको विरोधमा आफ्नो पहिचान बनाउन सफल एमाले भारतसंग जतिसुकै कूटनैतिक मैत्रीभावको सदभाव प्रकट गरेतापनि चीनलाई क्रस गरेर भारतसंग मधुर सम्बन्ध बनाउन सक्दैन। मित्रता र वैरभाव व्यवहारबाटै थाहा हुन्छ। भारतीय विदेशमन्त्रीको नेपालमा आकस्मिक अवतरणलाई पचाउन नसकेर पाकिस्तानी प्रधानमन्त्रीलाई बोलाएर भारतलाई जवाफ दिनु कस्तो मैत्री सम्बन्ध हो ?

नेपालमा वाम गठवन्धनको शक्तिशाली सरकार बनेपछि भारतले पनि समर्थनमा कूटनीतिक अभिव्यक्ति नदिएको होईन। यो सरकारलाई कसैले "वाम गठबन्धन भारतले बनाएको हो" भने। कसैले "प्रधानमन्त्री के.पी.शर्मा ओली भारतीय प्रभावको मानिस भएकोले भारतसंग सहकार्य गरेर जाने" भने। तर यथार्थ भने यो होईन। नेपालका कतिपय बुद्धिजीवीहरूले पनि राजनीतिक असन्तुलनबारे लेखि सकेका छन्। राजनीतिक असन्तुलनले विषम परिस्थितिको निर्माण गर्छ भन्ने तर्क दिएर कतिपय बुद्धिजीविहरूले एमाले सरकार सहज रूपमा अगाडि नबढ्ने सम्भावना प्रकट गरेका छन्।

चीन र भारतलाई काखा र पाखा गर्ने नेपाल सरकारको रणनीति निश्चय पनि तीनै नेपालको हितमा छैन। भौगोलिक जटिलताका कारण चीनसंगको कूटनीतिक सम्बन्धबाहेक व्यावहारिक सम्बन्ध राख्न सकिन्न। भारतसंगको प्राकृतिक सम्बन्धलाई तनावमा राखेर नेपाल सहजताको बाटोमा हिंड्न सक्दैन। नेपालमा बढि रहेको भातिविरोधी भावना तीव्र रूपमा बढ्नुको कारण के हो यो विषयमा भारतले पनि समीक्षा गर्न जरूरी छ। नेपाललाई हेर्ने भारतको परम्परागत दृष्टिकोणमा परिवर्तन ल्याउन जरूरी छ। आफ्नै छिमेकी देशहरू नेपाल, श्रीलंका, माल्दिभ्स, पाकिस्तान चीनको प्रभावमा जानु निश्चय पनि भारतको लागि सोचनीय विषय हो। नेपाल भारत नछुट्याईने देशको रूपमा रहेको सम्बन्ध तनावपूर्ण हुनुमा नेपाल मात्र दोषी हुन सक्दैन। भारतले पनि आफ्नो त्रुटिलाई सच्याउनु पर्दछ। चीन सम्बन्धको अध्ययन गर्ने एक जना भारतीय विश्लेषक जयदेव राणा देले हालै अनलाईनमा नेपाल सन्दर्भमा चीनको बढ्दो प्रभाव भारतको लागि खतरा भन्ने आशयको लेख प्रकाशित गरेको छ। नेपालसंग भारतको खुला सिमाना जहाँ भाईचाराको प्रतीक थियो, अब त्यो भारतको लागि थ्रेट बनेको छ।

नेपालको सन्दर्भमा चीनको प्रभावले भारतलाई प्रतिरक्षा पंक्तिमा पुऱ्याएकोले काखा पाखाको मापदण्डले नेपालमा राजनीतिक असन्तुलनलाई तीव्र रूपमा बढाएको छ। अर्को शब्दमा यहाँ चीन र भारतको शीतयुद्ध नै शुरू भएको छ। यसले नेपालको राजनीतिमा नराम्रो प्रभाव पार्न सक्दछ। अन्धराष्ट्रवादको उदय पश्चात नेपाल भारत सम्बन्धमा तनाव बढ्दै गएको हो। यो असन्तुलनले नेपालको राजनीतिक धरातल कमजोर भएको छ। यसले बलियो सरकारको भार थाम्न सक्छ कि सक्दैन। हेरौं नेपाल भारतको उज्ज्वल भविष्यको लागि भारतसंग सहकार्य गर्ने प्रधानमन्त्रीको अभिव्यक्ति कति साँचो रूपमा आउला यसको भने प्रतीक्षा नै गर्नु पर्ला।

janukjha24@gmail.com

कुरो नबुझेको...

अन्य कुनैपनि पक्ष यस संघीयता विरोधी सहकार्यलाई परास्त गर्ने क्षमता राख्दैन। संघीयताको धारसँगै प्रादुर्भाव भएको नयाँ शक्तिको रूपमा परिचित मधेशी र जनजाति पक्ष आज यिनै संघीयता विरोधी शक्तिको रछ्युान टिप्नमा नै व्यस्त छ। आउने समयमा यिनीबाट कुनै आश गर्न सकिन्न। यदाकदा समावेशीकरणका पक्षमा रहेका, संघीयतालाई प्रवर्द्धन गर्न चाहेका विदेशी शक्तिहरू यस पटकको निर्वाचनको परिणामलाई हेरेर प्रतिरक्षात्मक भएको छ। फलतः नेपालमा संघीयताको आयु भनेको यसको समाप्तिको घोषणा नहुंजेलसम्म मात्र हो। अवसर जुराएर यिनीहरूले यसलाई समाप्त पार्ने छन्। वास्तवमा यिनीहरूले अहिले संविधानको कार्यान्वयन गरिरहेको भन्नुको अर्थ नै संघीयताको समाप्तिको आधारभूमिको निर्माण भैरहेको भन्नु नै हो। सायद, संसदको यहि कार्यकालमा संघीयताको अवसान हुनेछ।

अब, मूल विषय युरोपीयन युनियनको टोलीले भनेको कुरा। तिनीहरूले एक पत्रकार सम्मेलन गरी मुख्यतः दुईटा विषय उठाएका छन्। पहिलो, निर्वाचन प्रणालीमा रहेको 'खसआर्य'को कल्स्टर हटाउनु पर्ने कुरा। बोली र शब्दावलीमा आरक्षण भनिएपनि भनेको कुरा निर्वाचन प्रणालीको कल्स्टरमा खस-आर्यको प्रतिनिधित्व उसको जनसंख्याको तुलना वा अनुपातमा अस्वाभाविक रूपमा बढी भएकोले हटाउनु वेश हुने भनेका छन तिनीहरूले। र, दोस्रो कुरा निर्वाचन आयोगको खर्च तथा अन्य कतिपय कुराहरू पारदर्शी नरहेको कुरा। यसमा के अनर्थ भयो त ?

अहिलेको संसदको बनावट अर्थात संसदमा प्रतिनिधित्वको तथ्यांकले नै बताउँछ कि कूल जनसंख्याको थोरै प्रतिशत रहेको खस-आर्यको संसदीय उपस्थिति भने ६० प्रतिशतको हाराहारीमा छ। यो समानुपातिक समावेशीकरणको कपटपूर्ण प्रयोगबाट त भएको हो। यसमा के असत्य छ ? देशले कि त, समानपातिक समावेशीकरणलाई मान्नु नै हुँदैन। मानेमा यसको कपटपूर्ण प्रयोग किमार्थ पनि हुनुहुँदैन। यही त हो सत्य ! फेरी यत्रो हायतौवा किन ?

तराई-मधेशबाट श्रम स्वीकृति लिने प्रक्रिया अघि बढाउन निर्देशन

काठमाडौं। श्रम तथा रोजगारमन्त्री गोकर्ण विष्टले तराई-मधेशका दुई स्थानबाट ततकाल श्रम स्वीकृति लिने प्रक्रिया अघि बढाउन निर्देशन दिएका छन्।

मन्त्री विष्टले प्रदेश नं. २ र पश्चिम नेपालमा विभागको श्रम कार्यालय खोल्न आवश्यक तयारी सुरू गर्न निर्देशन दिएको बताउँदै भने, 'त्यसका लागि अर्थ मन्त्रालयसँग छलफल हुन्छ।' उनले भने, 'थप ४० जनासम्म कर्मचारी चाहिने रहेछ। त्यसो भयो भने श्रम स्वीकृति गर्न काठमाडौं आउनुपर्ने बाध्यता हट्छ।'

अहिले विभागको ताहचलस्थित कार्यालयबाट मात्रै श्रम स्वीकर्ति दिने गरिएको छ। दैनिक १५ सयले विभागबाट विदेश जाने स्वीकृति पाउँछन्। तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहालले जनकपुरमा विभागको कार्यालय खोल्ने निर्णय गरेका थिए। तर, कर्मचारीले अनेक समस्या देखाएपछि कार्यान्वयन भने भएन।

कामदार काठमाडौं नै आउँदा उनीहरूबाट अनुचित लाभ लिइरहेका विभागका कर्मचारीले काठमाडौं बाहिर 'कमाइको बाटो' जान दिएका थिएनन्।

विभागमा हुने भीडभाडलाई मौका बनाएर आर्थिक चलखेल हुने गरेको छ। त्यसलाई रोक्न पनि उपत्यकाबाहिर श्रम स्वीकृति दिने व्यवस्था गर्न लागिएको हो।

एमालेलाई विश्वास गर्नु बाहेक अर्को विकल्प पनि त छैन

हामीसँग विश्वास गर्नुबाहेक अन्य विकल्प छैन । हामीले लिखित सम्झौता पनि नगरी विश्वासको मत दियौं । एक मात्र आधार थियो उहाँहरूलाई विश्वास गरेको । त्यसकारण उहाँहरूले संशोधन गर्नुहुन्छ भन्ने विश्वासका साथ हामी अगाडी बढिरहेका छौं ।

रानी शर्मा तिवारी

वरिष्ठ उपाध्यक्ष, राष्ट्रिय जनता पार्टी नेपाल

० तपाईंहरूले कुन आधारमा प्रधानमन्त्री केपीशर्मा ओलीलाई विश्वासको मत दिनुभएको हो ?

– हामीले जहिले पनि कँग्रेस, माओवादी, एमालेको सरकारलाई समर्थन गयौं । एउटा न एउटा प्रतिबद्धताकै आधारमा सरकारलाई समर्थन गरेका हौं । तर अहिलेसम्म के देखियो भने लिखित प्रतिबद्धता गरे पनि ठोस उपलब्धी केहि देखिएन । लिखित प्रतिबद्धता हुँदा पनि विश्वास गर्ने कुनै आधार थिएन र विश्वास गर्ने वातावरण के छ भने जहिले पनि हामीले शर्तमा काम गर्यौं । आज निःशर्त काम गर्यौं । हामीलाई व्यक्तिगत रूपमा केही चाहिएको होइन । संविधान संशोधन गर्नु पर्ने माग मात्र हामीले भनेका हौं । त्यसका लागि यस पटक हामीले निःशर्त विश्वास गरेका हौं । यसबाट हामीले के आशा गरेका छौं भने जसरी हामी खुला तरिकाबाट अगाडी बढ्यौं, त्यसरी नै सरकार र वाम गठबन्धन पनि अगाडी बढ्नु पर्छ र मधेशका मागहरू सम्बोधन गर्छन भने आशा राखेका छौं ।

० तपाईंहरूले राष्ट्रपति निर्वाचनमा पनि वाम गठबन्धनको उम्मेदवारलाई मत दिनुभयो, त्यो पनि विना शर्त । यसबारे त बाहिर विभिन्न किसिमका टिका टिप्पणीहरू भइरहेको छ ?

– राजनीतिमा राम्रो-नराम्रो पक्ष त भई नै रहन्छ । जति राम्रो काम गरे पनि नराम्रो नै भन्नेहरू पनि हुन्छन् । मैले पहिले नै भने जसरी अहिले हामीले निःस्वार्थ मत दिएर अगाडी बढेका छौं त्यसरी नै उहाँहरू पनि अगाडी बढ्नु हुनेछ भन्ने आशा गर्दछौं । राष्ट्रपतिलाई मत दिने कुरा जहाँसम्म छ, राष्ट्रपतिको निर्वाचन हुंदा अगाडी नै प्रदेश सरकार गठनको क्रममा हामीलाई वाम गठबन्धनबाट विश्वासको मत प्राप्त भएको थियो । हामीमाथि जुन प्रकारको गुन वाम गठबन्धनले लगाएको थियो, त्यो गुन हामीले पनि तिरेका हौं । हामीले निःस्वार्थ मत दिएर हामीले आफ्नो काम गरिसकेका छौं । अब उहाँहरूले के गर्नुहुन्छ त्यो हामीले हेर्न बाँकी नै छ ।

० तपाईंहरूले ऋण चुक्ता गर्नुभएको हो या सरकारमा जाने वारगेनिङ्ग गर्नु भएको हो ?

– राजपाले कहिले पनि सरकारमा जाने भनेको छैन । राजपाले सरकारलाई समर्थन गर्दा पनि प्रदेश सरकारमा त जाने तर केन्द्र सरकारमा जाने भनेर कहिले पनि मत दिएको छैन । कुनै नेताले भनेको छैन कि हामी सरकारमा जाँदैछौं । राजपाले पहिलेदेखि नै हामी सरकारलाई समर्थन मात्र गर्छौं तर सरकारमा जान्नौं भन्दै आइरहेको छ । महन्थ ठाकुर उपराष्ट्रपति बन्दै हुनुहुन्छ भन्ने किसिमका कुरा मिडियामा हल्लाको रूपमा मात्र फैलिएको हो । यो सब निराधार मात्रै हो । त्यो कुरा अहिले प्रमाणित भइसकेको छ ।

० सरकारमा जाने नजाने विषयमा पार्टी र नेताहरू पनि विभाजित छन् । वास्तविक कुरा के हो ?

– ठूलो परिवार भएको ठाउँमा सबैको कुरा सबैसँग मिल्दैन, यो स्वभाविक पनि हो । त्यस्तै राजपा पनि ठूलो पार्टी हो । यसमा धेरै सदस्यहरू छन् । त्यसकारण केही साथीहरूले नजाने भन्ने कुरा गर्नुभएको । सबैको विचार एउटै हुन्छ भन्न सकिदैन । विचार सबैको आफ्नो-आफ्नो हुन्छ । कसैको विचार त्यस्तो भए पनि त्यो बहुमतको विचार होइन । त्यसकारण त्यसमा निर्णय नभएसम्म आफ्नो विचार मनमा नै राख्नु भयो होला तर त्यसले कुनै आधार दिँदैन ।

० राजपा केन्द्रीय सरकारमा जाने पक्षमा थियो त ?

– थिएन, हामीले पहिले पनि भनेका थियौं कि हामी केन्द्रीय सरकारमा जाँदैनौं । राजपा सरकारमा जाँदैछ भनेर मिडियामा हल्ला आए । मलाई लाग्दैछ कि ति हल्लाहरूले जवाफ पाइसके ।

० तर पार्टीको नेतृत्व पंक्तिले पटक-पटक सरकारी पक्षसँग वार्ता गरेको छ ?

– उहाँहरूले सरकारमा जानका लागि वार्ता गर्नुभएको होइन । कुनै पनि दिन हामीलाई सरकारमा सहभागि गराउनुस् भनेर वार्ता भएको छैन । हामीले सरकारलाई समर्थन गर्दा उहाँहरूले सोध्नुभएको थियो कि तपाईंहरूको शर्त के हो ? हामीले भनेका थियौं कि हाम्रो एक मात्र सर्त भनेको संविधान संशोधन हो । त्यो कुरामा मात्र वार्ता भएको हो तर सरकारमा जाने कुरामा कुनै वार्ता भएको छैन ।

० राजपाका अध्यक्ष एवम् संयोजकलाई उपराष्ट्रपतिको पनि अफर आएको थियो ?

– मैले यस्तो कुरा सुनेको छैन । यो सब हल्ला मात्र हो । यसको भित्री कुराके बारेमा मलाई केही थाहा छैन । त्यस्तो अफर आए पनि हामी मान्नेवाला थिएनौं । त्यसकारण अफर आए पनि नआए पनि त्यसले कुनै फरक पारेको छैन ।

० विगतका निर्वाचनमा एमालेलाई मधेश विरोधी भन्दै आएको राजपाले अहिले उही एमालेको सरकारलाई विश्वासको मत दियो । अब जनतालाई के भन्नुहुन्छ ?

– चुनावमा एक अर्कोलाई आक्षेप लगाउने परम्परा नै छ । त्यस समयमा मधेशमा हामीले एमालेको विरोध गरेकै हौं । चुनावको एउटा प्रक्रिया समाप्त भइसकेको छ । हरेकतिर आफ्नो सरकार गठन हुँदैछ । अब संशोधनका कुरा आउँदैछ र त्यहाँ पनि वाम गठबन्धनको बहुमत छ । उहाँहरूको हातमा बहुमत भएको हुनाले संशोधन पनि उहाँहरूले नै गर्नुपर्छ भन्ने आशा हामीले गरेका छौं । किनकि अर्को विकल्प अबको लागि रहेन । विकल्प नभएपछि जे गर्न बाध्य हुनुपर्छ । हामीले पनि त्यहि नै गरेका हौं । वाम गठबन्धनले नै चाह्यो भने संविधान संशोधन हुन्छ, नभए हुँदैन भन्ने हामीलाई लाग्यो । त्यसकारण हामी त्यही बाटोमा नै हिडेका हौं । हामीलाई विश्वास पनि छ कि वाम गठबन्धनले संविधान संशोधन गर्छ ।

० जनतालाई भन्नुपर्दा एमालेलाई समर्थन गर्नुका ठोस कारण के हो ?

– यो कुरा स्पष्ट नै छ कि हामीसँग बहुमत रहेन । हामीले केन्द्रमा बहुमत जुटाउन सकेनौं । त्यसकारण जो सँग बहुमत छ उसैसँग हामीले आस गर्ने हो । अहिले जनताले जुन जनादेश दिएको छ, त्यो भनेको वाम गठबन्धनको नै बहुमत छ । बहुमतलाई कदर हुने स्वभाविक प्रक्रिया नै हो । बहुमतलाई नै हेरेर उहाँहरूले संशोधन गर्नु हुन्छ भन्ने विश्वासका साथ विश्वासको मत दिएका छौं । हामीसँग बहुमत नभएको हुनाले र अन्य विकल्प पनि हामीसँग केही नभएको हुनाले हामीले विश्वासका साथ मत दिएका हौं । उहाँहरूले संविधान संशोधन गर्नुहुन्छ भन्ने विश्वास छ । यदि संशोधन गर्नुभएन भने हाम्रो लडाई जारी नै रहनेछ र हामी फेरी आन्दोलन गर्न बाध्य हुनेछौं ।

० तपाईंहरूले संविधान संशोधनको शर्तमा वाम गठबन्धनलाई समर्थन गर्नुभएको हो ?

– हामीसँग लिखित सम्झौता भएको छैन । लिखित सम्झौता नभएपछि त्यसलाई शर्त भन्न मिल्दैन । लोकतन्त्रमा बहुमतको कदर गर्नुपर्छ भनेर नै हामीले समर्थन गरेका हौं । अरू केही होइन ।

० राजपाले विश्वासको मत दिइसकेपछि तपाईंहरूका लागि भनेर राखिएको चियापान कार्यक्रममा पनि प्रधानमन्त्रीले समयको माग र आवश्यकताअनुसार संविधान संशोधन हुन्छ भन्नुभएको छ, संशोधन हुनेमा नै कति विश्वस्त हुनुहुन्छ ?

– हामीसँग विश्वास गर्नुबाहेक अन्य विकल्प छैन । हामीले लिखित सम्झौता पनि नगरी विश्वासको मत दियौं । एक मात्र आधार थियो उहाँहरूलाई विश्वास गरेको । त्यसकारण उहाँहरूले संशोधन गर्नुहुन्छ भन्ने विश्वासका साथ हामी अगाडी बढिरहेका छौं ।

० संविधानमा के के संशोधन हुनु पर्छ ?

– हाम्रो माग भनेको भाषामा नै छ । सिमांकनको कुरा त अझै पनि छँदै छ । प्रदेश २ घोषणा गरेर मधेशलाई आठ वटा जिल्लामा मात्र सिमित पारिएको छ, यसमा हामी सन्तुष्ट छैनौं । हामीले कम्तीमा २० जिल्लालाई मधेश मानेका थियौं । त्यो अहिले टुक्राएर ८ जिल्ला मात्र भएको छ । अर्को त भाषादेखि लिएर हरेक कुराहरूमा समावेशी हुनुपर्छ भन्ने माग नै छ । त्यो सबै अहिलेसम्म पनि यथावत नै छ ।

० तपाईंहरूको मुख्य माग नै सिमांकन हो ?

– हो, सिमांकन नै हाम्रो प्रमुख माग हो ।

० सिमांकन सम्बन्धमा प्रधानमन्त्रीको प्रतिक्रिया कस्तो पाउनुभएको छ ?

– यो सम्बन्धमा कुनै छलफल भएको छैन । यदि छलफल भयो भने यो विषयमा पनि उहाँहरू सकारात्मक नै रहनु हुनेछ भन्ने आश राखेका छौं ।

० अहिलेको सरकारलाई तपाईंहरूको समर्थन कहिलेसम्म रहनेछ ?

– जुन दिन हाम्रो माग पूरा हुँदैन भन्ने हामीलाई लाग्छ त्यहि दिन नै समर्थन पनि समाप्त हुनेछ ।

० तपाई प्रदेश सांसद पनि हुनुहुन्छ । प्रदेश २ को सरकारले कहिलेसम्म पूर्णता पाउँछ ?

– एक किसिमले भन्ने हो भने त पूणैता भइसकेको नै छ । तीन वटा राज्यमन्त्री मात्र चयन गर्न बाँकी छ । यो पनि केही दिनभित्र नै हुनेछ ।

० समानुपातिक समावेशिताको आवाज उठाउँदै आएको राजपाले प्रदेश सरकारमा नै आफ्नै अवधारणा लागू गरेको देखिदैन । प्रदेश सरकारमा महिलाको संख्या अत्यन्तै न्यून छ, यसमा के भन्नु हुन्छ ?

– महिलाले अधिकार पाउनका लागि हरेक विषयमा महिलाअधिकार सम्बन्धी कानुन राख्ने पर्छ । जबसम्म कानुनमा राखिदैन तबसम्म हामीले पाउँदैनौं भन्ने स्थिति देखियो । जसरी केन्द्र र प्रदेश संसदमा ३३ प्रतिशत महिला हुनुपर्छ भनेर संविधानमा राखियो त्यसरी नै मन्त्रिपरिषद्लगायत हरेक निकायमा संविधानमा उल्लेख भएको भए यो स्थिति आउने थिएन ।

प्रदेशको सीमांकन हेरफेर गर्दा राष्ट्रिय अखण्डतामा असर पर्दैन

हामी नेपाललाई बेचेर संघीयता खोजेका छैनौं । अधिकार प्रदेशमा दियौं भने राष्ट्रिय अखण्डतामा असर पर्छ भन्ने उहाँहरूले ठान्नु भएको होला, जो गलत हो । हामीले नेपालकै भूगोलमा रहेर राष्ट्रिय अखण्डतालाई मध्यनजर गरेर नै संघीयता खोजेका छौं ।

मो.इस्तियाक राई

प्रतिनिधिसभा सदस्य

संघीय समाजवादी फोरम नेपाल

० निर्वाचनपछि संघीय समाजवादी फोरम नेपालले केन्द्रीय राजनीतिमा कस्तो भूमिका निर्वाह गर्छ ?

– हाम्रो प्रमुख चुनावी एजेन्डा नै मधेशका समस्याहरू लगायत अन्य विषयहरू जस्तो संविधान संशोधनमार्फत् सम्बोधन गराउनु हो । सरकारको तर्फबाट निर्णय गराएर हाम्रा मुद्दा सम्बोधन गराउनु प्रमुख उद्देश्य रहेको छ । मधेश आन्दोलनको जगमा स्थापित भएका संघीयता, समावेशिता, जुन प्रावधानहरू छन् त्यस अनुसारका कानूनहरू बनाउनुपर्ने हाम्रो प्राथमिकता हो ।

० त्यो भूमिका निर्वाह गर्न फोरमले के गर्दैछ ?

– वर्तमान परिवेशमा वाम गठबन्धनलाई झण्डै दुई तिहाईको बहुमत रहेको छ । हामी वाम गठबन्धन नेतृत्वको सरकारसँग विभिन्न मुद्दाहरूमा विभिन्न चरणमा वार्ताहरू गरिसकेका छौं । केपी ओली नेतृत्वको सरकार संविधान संशोधनमार्फत् मागहरू सम्बोधन गर्न तयार छौं भन्ने अभिव्यक्ति पनि आइसकेको छ । हामीले पनि संविधान संशोधनका आधारमा उहाँको अभिव्यक्तिअनुसार उहाँलाई सहयोग गरेका छौं । प्रतिपक्षका बेन्चमा बसेर पनि उहाँलाई सहयोग गरेका छौं । प्रमुख कुरा 'गिभ एन्ड टेक' हो । प्रधानमन्त्रीले मधेशको समस्या समाधान गर्छौं, संविधान संशोधन गर्छौं लगायतका विषयमा लगभग सहमति जनाइसक्नु भएको छ ।

० निर्वाचनबाट तपाईंहरूले पाउनुभएको मत परिणामलाई कसरी विश्लेषण गर्नुहुन्छ ?

– वास्तविक रूपमा हामीले जुन अपेक्षा गरेका थियौं, त्यो प्राप्त गर्न सकेनौं तर मधेशका एउटा भूभाग प्रदेश नं. २ ले राजपा र फोरमलाई जिम्मेवारी सुम्पेको छ । यो एउटा झटारो पनि हो राष्ट्रिय भनाउँदा दलहरूका लागि । हामीले अहिले पनि आफूलाई नेपाली महसुस गर्न नसकेर प्रदेश नं. २ मा राजपा र फोरमले बहुमत पायो । अन्य प्रदेशहरूमा पनि राजपा र फोरम जितेर आउनु भनेको हामीले जति आशा गरेका थियौं त्यो नपाए पनि हामी 'कम ब्याक अगेन' भनेर हामीले महसुस गरेका छौं । त्यसैको आधारमा हामीले पाएका उपलब्धीहरूलाई संस्थागत गर्ने र प्राप्त हुन नसकेको कुराहरूका लागि हाम्रो संघर्ष जारी छ ।

० राजपा र फोरम प्रदेश २ मा मात्र राम्रो परिणाम ल्याये, अन्य प्रदेशमा त कमजोर देखियो नि?

– यसको कारण के हो भने दुनियाँमा कहीं नभएका फरक-फरक धार भएका दुई कम्युनिष्ट एक ठाउँमा आउनु । अप्रत्याशित रूपमा भएको वाम गठबन्धनका कारण धेरै जिल्ले स्थानमा हामी जित्न सकेनौं । त्यो बेला पनि सत्ताविप्सामा खासगरी पुराना राजनीतिक नेताहरू जस्तै, हृदयेश त्रिपाठी लगायतलाई अन्तिम क्षणमा राजपाले सन्तुष्ट गर्न नसकेपछि पलायन हुनु पनि एउटा कारण रह्यो । यस्तै, प्रदेश २ मा राजपा र फोरमको गठबन्धन बन्नुले हामीले राम्रो उपस्थिति प्राप्त गर्न सक्यौं । प्रदेश २ बाहेक अन्य प्रदेशहरूमा राजपा पूर्ण रूपमा पलायन भइसक्यो, फोरम एक्लैले चुनाव लड्यो । तर, भोलीका दिनमा हामी प्रदेश २ जस्तै प्रदेश १, ५ र ७ मा पनि राम्रो अवस्थामा छ । आगामी दिनमा ती प्रदेशहरूमा पनि एकल नभए पनि साझा सरकार अवश्य निर्माण हुन्छ ।

० केन्द्रीय सरकारमा जान जनादेशले म्यान्डेड दिएको छ ?

– हामीलाई केन्द्रीय सरकारमा जान जनादेश दिएको छैन । तर, मधेश र उत्पीडितहरूका जुन मुद्दाहरू छन् त्यसलाई सम्बोधन गराउनका निम्ति, विगतमा भएका आन्दोलनका उपलब्धिलाई संस्थागत गर्नका लागि र हामीले प्रदेश २ मा मात्र सरकार बनाउन सक्यौं । त्यसको समृद्धिका निम्ति पनि 'गिभ एन्ड टेक'को आधारमा सरकारमा जान्छौं । हामी अहिलेसम्म पनि सरकारमा गइसकेका त छैनौं । हामीले लिखित प्रतिबद्धता खोजेका छौं । संविधान संशोधन गर्ने, मधेशका मुद्दाहरू सम्बोधन गर्ने, उत्पीडितहरूको अधिकार सुनिश्चित लिखित प्रतिबद्धतापछि मात्र हामी सरकारमा जान्छौं ।

० तपाईंहरू लिखित प्रतिबद्धता चाहनुहुन्छ, तर सरकारले लिखित प्रतिबद्धताप्राप्ति चासो नै दिएको देखिदैन नि ?

– ओली सरकारको चासो छैन भने त्यो हाम्रो सरोकारको विषय भएन । हामीसँग लिखित प्रतिबद्धता गर्न वा नगर्ने त्यो उहाँहरूको इच्छामा भर पर्छ । उहाँको सार्वजनिक अभिव्यक्ति आइसकेकै छ । लिखित सम्झौताको आधारमा मधेशवादी दललाई पनि सरकारमा सहभागी गराउने भन्ने आह्वान नै गरेको छ । राजपाले लिखित सम्झौता चाहेको छैन, मौखिक प्रतिबद्धता भए जाने भनेको छ तर फोरमले त्यसो भनेको छैन । हामी लिखित प्रतिबद्धता आए मात्र सरकारमा जान्छौं, नभए बाहिरै बस्छौं । सरकार बाहिरै रहेर गुण र दोषको आधारमा सरकारलाई समर्थन गर्छौं । संविधान संशोधन गरेर मधेशको मुद्दा सम्बोधन गर्छ भने हामी सहयोग गर्छौं ।

० तर, सरकारले तपाईंहरूसँग लिखित प्रतिबद्धता गर्छ भन्ने कति आशा गर्न सकिन्छ ?

– त्यो त उहाँहरूले आवश्यकता महसुस गर्नुभयो भने गर्नुहुन्छ । किनकि वर्तमान सरकारले हामीलाई आफै आह्वान गरेर बोलाएको थियो । प्रधानमन्त्री ओलीले तपाईंहरू आउनुस्, हामी यो देशमा अब आर्थिक क्रान्ति गर्छौं, सडकमा आन्दोलन होस् भन्ने हाम्रो चाहना छैन, विगतमा भएका कुराहरूलाई बिर्सेर राष्ट्र निर्माणमा लागौं भन्नुभएको थियो । यसपटक निर्वाचनमा मुलुकको एक भागमा फोरम र राजपाको पक्षमा परिणाम आउनु भनेको हामीलाई पनि समेटेर लैजाने उहाँहरूको चाहना हो । त्यसैले उहाँहरूले हामीसँग लिखित प्रतिबद्धता गर्नुहुन्छ भन्ने विश्वास छ । यसका लागि उहाँहरूले हामीसँग प्रतिबद्धता जनाउनु भएको हो । त्यो प्रतिबद्धताका आधारमा हामीले प्रधानमन्त्री निर्वाचनमा, राष्ट्रपति निर्वाचन लगायतमा सहयोग गरेका छौं ।

० प्रधानमन्त्री ओलीले फोरमलाई सरकारमा ल्याउने र राजपालाई बाहिरै राख्ने रणनीति लिनु भएको हो जस्तो लाग्छ ?

– राजपाभित्र त आफ्नै भागवन्डा नमिलेर सरकारमा नजाने निष्कर्षमा पुगेको हो । ६ वटा पार्टीलाई एक ठाउँमा ल्याएर फेंविकोलले जोडिदिएको जस्तो लाग्छ । ६ जनाको अध्यक्षमण्डल छ, कुनै एक जनालाई स्वीकार गर्न सकिएको छैन । अब ६ जनालाई नै मन्त्री त दिन सकिदैन । त्यो पनि हुन सक्छ जसले गर्दा राजपा सरकारबाहिर बस्ने अवस्थामा छ । आन्तरिक भागवन्डा मिलाउन नसकेर सरकारमा नजाने निर्णय गरेपछि त फोरमका लागि तीनवटा मन्त्रालय छोडिएको हो भनेर भनिदैछ । हामी पनि सरकारमा गई नै हाल्छौं भन्ने पनि छैन । तर, मधेश मुद्दामा हामी एक छौं । हामीले प्रदेश २ मा संयुक्त सरकार बनाएका छौं ।

० लिखित प्रतिबद्धतामा के के हुनुपर्छ ?

– हाम्रो मुद्दाहरू त जगजाहेँ छ । खासगरी संविधानको धारा २७४, प्रदेश सीमांकन, नागरिकता लगायतका छन् । अन्य मुद्दाहरूबारे सरकारले एउटा निर्णय गरेर समाधान गर्न सकिने प्रावधानहरू छन् । विगतमा हामीसँग भएको २२ बुँदे सम्झौताका सम्बोधन हुन बाँकी रहेका मुद्दाहरू छन् ।

० तपाईंहरूले उठाउँदै आउनुभएको राज्य पुनर्संरचनाको मुद्दा कसरी समाधान होस् भन्ने चाहनु भएको छ ?

– विगतमा उहाँहरूले नै बनाएको एउटा आयोगले १० प्रदेशको खाका ल्याएको थियो । छिमेकी मित्रराष्ट्र भारतमा तिलंगना र आन्ध्र प्रदेश त अलग भयो नि । यसका लागि उत्तर प्रदेश र उत्तराखण्डलाई त सोध्नु परेन । प्रदेश छुट्टयाउन अन्य प्रदेशको बहुमत चाहियो भन्ने किसिमको प्रावधान संविधानबाट हटाउनु पर्यो भनेका छौं । भोली प्रदेश ५ प्रदेश २ बन्न खोज्छ भने त्यो उसको अधिकारको कुरा हो । यो प्रावधान हटनु पर्यो । त्यसपछि राज्यपुर्संरचना, भाषा, नागरिकताका हुन्छ । हाम्रा मुद्दाहरू अहिले पनि जीवितै छ ।

० तपाईंहरूले सीमांकन, नागरिकता, भाषा लगायतका मुद्दाहरू उठाउँदा 'राष्ट्रिय अखण्डता'मा असर पर्छ भन्ने सुनिन्छ नि ?

– ठूला दलका नेताहरूलाई धेरै थाहा होला राष्ट्रिय अखण्डताका बारेमा । हामीले देशलाई बेच्न त भनेका छैनौं । चीन वा भारतलाई बेचिदिनुस् भनेर भनेका छैनौं । बेच्न भने पो त राष्ट्रिय अखण्डता खतरामा पर्छ । प्रदेशको सीमांकन हेरफेर गर्दा राष्ट्रिय अखण्डतामा असर पर्छ त ? त्यस्तो कदापि पनि हुँदैन, त्यो उहाँहरूको आफ्नो मानसिकता होला । हामी नेपाललाई बेचेर संघीयता खोजेका छैनौं । अधिकार प्रदेशमा दियौं भने राष्ट्रिय अखण्डतामा असर पर्छ भन्ने उहाँहरूले ठान्नु भएको होला, जो गलत हो । हामीले नेपालकै भूगोलमा रहेर राष्ट्रिय अखण्डतालाई मध्यनजर गरेर नै संघीयता खोजेका छौं ।

० संघीयता मधेश आन्दोलनको देन हो तर अहिले संघीयतामाथि विभिन्न प्रकारका शंका उपशंका गरिँदैछ । यसलाई कुन रूपमा लिनुहुन्छ ?

– शंका उपशंका गर्नेहरूले पहिला संघीयताको अर्थ बुझ्नुपर्छ । संघीयता भनेको अधिकारको विखण्डीकरण गर्ने हो । केन्द्रका शक्तिलाई जनताकावीच सरल र सहज तरिकाले पुऱ्याउनका लागि संघीयता ल्याइएको हो । दुनियाँमा संघीयतामा दुईटा सरकार हुन्छ तर, नेपालमा तीन वटा सरकार बनाइएको छ । त्यसले गर्दा शंका के छ भने संघीयतालाई नै समाप्त पार्न खोजिएको हो कि ।

रेशम चौधरी दोषी होइनन्

संजय यादव

आज भन्दा २ वर्ष अगाडि नयाँ दिल्लीको आन्नदविहार बस स्टपमा रेशम चौधरीसँग मेरो अचानक भेट भएको थियो। त्यति बेला म *युनाइटेड मधेशीज अफ नेपाल*को अध्यक्षको रूपमा दिल्लीमा रहेका नेपालीहरूको हितका लागि काम गर्दै थिएँ।

थारू आन्दोलनका क्रममा कैलालीको टीकापुरमा भएको हिंसात्मक घटनाका मुख्य अभियुक्तको रूपमा राज्यले रेशम चौधरीलाई घोषणा आरोपित गरे पनि उनी भने पटक पटक आफुलाई निर्दोष भन्दै आएका छन्। घटनाको बेला आफू कैलालीमा नरहेको पनि उनको दावी छ। उनी भन्दैछन्- थारू समुदायमाथिको ज्यादती कसैले देखेको छैन्।

फरार रहेकै अवस्थामा प्रतिनिधिसभाको चुनाव लडेका चौधरी कैलाली-१ वाट निर्वाचित भएका छन्। राजपाबाट उम्मेदवार बनेका उनी झण्डै २१ हजार मतान्तरले विजयी बनेका थिए। चौधरी ३४ हजार ३४१ मत पाउँदा निकटतम प्रतिस्पर्धी वाम गठबन्धकी गरिमा शाहले १३ हजार ४०६ र कांग्रेसकी ईश्वरी न्यौपानेले ११ हजार २०३ मत पाएकी थिइन्।

घटनाको मुख्य योजनाकार भएको दावी गर्दै चौधरीविरूद्ध कर्तव्य ज्यान, ज्यान मानें उद्योग र डाँकाचोरी मुद्दा परेको छ। चौधरीले भने आरोप अस्वीकार गर्दै आएका छन्।

फरार रहेकै वेला भारत भ्रमणमा रहेका तत्कालीन प्रधानमन्त्री प्रचण्डलाई भेटेपछि उनी चर्चामा आए। पछिल्लो पटक सरकारवाट उनले डेढ करोड वढी क्षतिपूर्ति पनि पाएका छन्।

अदालतवाट न्याय पाउने आशका साथ चौधरीले पछि आएर कानुनको पूर्ण सम्मान गर्दै अदालत सामू आत्मसमर्पण पनि गरे। त्यस लगतै कैलाली जिल्ला अदालतका न्यायाधीश परशुराम भट्टराईको इजलासले भएको बयानमा चौधरीले आफूमाथि लागेको अभियोग अस्वीकार गरेका थिए।

कैलाली जिल्ला अदालतले पुर्पक्षका लागि चौधरीलाई धुनामा पठाएको थियो त्यसक्रममा चौधरीले आफूलाई निर्वाचित भएको प्रमाणपत्र दिनुपर्ने, सपथ खान पाउनुपर्ने, टीकापुर घटनाका २६ जना आरोपीलाई क्षतिपूर्तिसहित रिहा गर्नुपर्ने लगायतका माग राखेर अनशन बसेका थिए। करिब ८ दिनसम्म उनी यिनै मागहरू राख्दै अनसन बसे।

तर, सत्ता र भत्ताको खेलमा कसको के जान्छ र? अझ त्यसमा पनि नेपालको कानुन! जब हाम्रो न्यायालयमा नै सत्ता हावी छ भने एउटा निर्दोष व्यक्ति पनि दोषी ठहर हुने र अपराधी खुलेआम घुम्न बेर लाग्दैन।

अनशनरत रहँदा उनका मागहरू पूरा गर्ने प्रतिवद्धता व्यक्त गर्दै गृहमन्त्री रामबहादुर थापा बादलले वीर अस्पताल गई जुस खुवाएर अनसन उनको तोडाए। राज्यवाट सम्मानित, पुरस्कृत भएको व्यक्तिले जब न्यायालयवाट न्याय पाउन सकेन भने अरूले के पाउला।

राज्यले चौधरीलाई देशद्रोही किन न भनोस्, तर म दिल्लीमा रहँदा जुन चौधरीसँग भेटेको थिएँ त्यो भेट मेरो लागि अविस्मरणीय छ।

तर मैले आज पनि त्यो सोच्दा मेरो आँखावाट आँसु बग्छ अनि महशुस हुन्छ कि सत्ता, शक्ति र पैसाको अगाडी कसैको केही चल्दैन। चौधरीसँग भएको क्षणिक भेटमा उनले देखाएको आत्मियताको सीमा छैन र अर्को कुरा के पनि लाग्छ भने आज चौधरी थारू समुदायवाट भएको हुनाले नै राज्यवाट निर्दोष साबित हुन सक्ने स्थिति छैन।

एउटा गम्छाले मुख छोपेको मान्छे, जो दिल्लीको आनन्द विहार बस अड्डामा भेटेको थिएँ, यसलाई राज्यले फरार सुचीमा राखेको थियो। शुरूमा उनीसँग डराउँदै भेटें तर परिचयपात्र भए पछि उनी दिल्लीको लक्ष्मीनगरस्थित डेरामा आए। उनी माथि लगाइएको झूठो आरोपको बारेमा खाना खाँदै खाँदै सबै कथा सुनाए।

खाना खाई सके पछि उनले मसँग हात जोडेर भनेको कुरा म कहिल्यै बिर्सन सक्दिन। उनले भनेका थिए-'संजयजी, तपाईलाई हृदय देखि धन्यवाद छ। धेरै दिन पछि यति मीठो खाना खान आएकोछु।' त्यो रात उनी मसँगै लक्ष्मीनगरमा नै बसे र उनको व्यथा सुन्दा रात भरी नसुतेको घटना अझै सम्झनामा नै छ।

हाम्रो राज्यवाट मधेशी, थारू लगायत सिमान्तकृत समुदायलाई गरिने व्यवहार र अवस्थावारे हामीबीच रातभर कुराकानी भइरह्यो।

तर, त्यो एक रातमै मलाई मधेश, मधेशी, थारूलगायत सिमान्तकृत वर्गका लागि केही गर्ने सोचलाई उर्जा प्रदान गऱ्यो र त्यो भन्दा कयौं गुणा चौधरीसँग देशले गरेको दुव्यर्वहारले उनीसँग मिलेर केही गर्ने प्रेरणा पनि मिल्यो मलाई।

त्यति बेला चौधरीको आँखावाट झरेको आँसु मलाई रगत नै बगेको जस्तो लागेको थियो।

उनले भनेका थिए-'म बर्वाद भएँ, मेरो सब थोक जलाइयो। जुन देशले मलाई सम्मानका पुरस्कृत गरेको थियो, आज त्यहींवाट तिरस्कृत भएको छु। न्यायको लागि भौंतारिरहेको छु। आज म आफ्नै देश, ठाउँ र गाउँमा एकलो महशुस गरीरहेको छु।'

'मैले गाएको राष्ट्रिय गीतको केही महत्व रहेन। मलाई मेरो आफ्नै जनताको सामू सरकारले देशद्रोही बनाई दिए। योभन्दा लजास्पद कुरा मेरो लागि केही हुन सक्दैन। राष्ट्रको लागि केही गर्ने व्यक्तिलाई देशद्रोही बनाएर मलाई देशले मरे तुल्य बनाएको छ', उनले भनेका थिए।

'घटनास्थलमा नै उपस्थितै नभएको मान्छेलाई जबजस्ती फसाइयो। मैले देशको लागि केही अठोट लिएको मान्छे हो तर यहाँ त काम गर्ने भन्दा पनि ब्रिफकेस खाने मान्छेहरूको वढी बहुल्यता छ। मैले त मात्र परिवर्तन चाहेको छु। म चाहन्छु, मेरो देश एउटा रंगीविरंगी फूलवारी बनोस् जहाँ सबैको वर्चस्व र महत्व कायम होस्। यो देश मधेशी, थारू र जनजातिको पनि उत्तिकै हो जति अरूको'-उनको मर्मस्पर्शी भनाइ अहिले पनि म समझन्छु।

पछि त यस्तो भयो कि हाम्रो भेट, हाम्रो कुराकानी सीमन्तकृत समुदाय, देश विकास र युवाको एकतामा नै केन्द्रित हुन्थ्यो। सिमान्कृत समुदायले आफ्नो हक, अधिकारका लागि अझ पनि लड्न वांकी नै छ भन्ने उनको धारणावाट म प्रभावित थिएँ। उनी भन्ने गर्थे-'मधेशीहरू आफ्नो समुदायको अधिकारको लागि आवाज उठाउने भइसकेका छन। उनीहरूलाई थाहा पाइसकेका छन् कि आफ्नो अधिकार स्थापित गर्ने बेला आइसकेको छ तर थारूमा अहिले पनि जनचेतनाको अभाव छ।'

जनजाती र अरू अल्पसंख्यकलाई पनि यो देशका केही सत्ताधारीहरूले झूठो आश्वाशन र राष्ट्रियताको चर्को नारामा अलमलमा राखेका छन। उनीहरू पनि एकदिन आफ्नो अधिकार खोजका लागि लड्ने छन्।

त्यसबेला मैले उनलाई हौसला दिएँ र दोषी होइन भन्ने कुरा साबित गर्नका लागि सल्लाह दिएँ। राज्यले सुरूमा उनलाई दिइएको सम्मान फेरी त्यही राज्यबाट पाउन सकिन्छ भन्ने आश्वासन पनि दिएँ।

यदि कोहि निर्दोष छ भने पैसाले मुख कति दिन बन्द गर्न सकिन्छ। एक न एक दिन सत्यसवैको सामुने उजागर अवश्य हुन्छ।

त्यसै क्रममा मैले उनलाई फेसबुक अकाउन्ट खल्न आग्रह गरें र खोलि पनि दिएँ। त्यसपछि उनले फेसबुकमार्फत जनता समक्ष आफ्नो कुरा राख्न सल्लाह र सुझाव दिएँ। किनभने जनता अहिले पनि उनको सत्यतावाट टाढा छन्।

हामीवीच धेरै भावनात्मक कुराहरू पनि भयो। मैले दाई भनेर सम्बोधन गर्न थालें। उनले मलाई दिल्लीमा वसोवास गरिरहेका नेपालीहरूको अभिभावकको संज्ञा पनि दिए।

दिल्ली आउँदा उनीसँग भाडा नहुँदा हामी विद्यार्थीहरू चन्दा उठाएर आउने-जाने खर्च उपलब्ध गराइ दिन्थे।

मैले भन्नु पर्दा एउटा निर्दोष, राज्यबाट पीडित, राज्यको न्यायालयवाट न्याय पाउनवाट वञ्चित र आखाँमा आँसु भएको न्याय न पाएका रेशम चौधरीलाई देखेका छु! आफ्नै देशवाट पीडित र झूठा मुद्दामा जानाजान फसाइएको रेशम चौधै देखेका हुँ! प्रवासमा वस्दा पनि आफ्नो देशको धेरै चिन्ता र माया भएको रेशम चौधरीलाई देखेका हुँ!

मधेश अपडेट

विकास कार्य तीव्र गतिमा संचालन गर्न निर्देशन

जनकपुरधाम। प्रदेश नं.२ को भौतिक पूर्वाधार विकासमन्त्री जितेन्द्र जितेन्द्र प्रसाद सोनारले निर्देशन दिएका छन्। मंगलवार मन्त्रालय अन्तर्गत पर्ने कार्यालयका प्रमुखहरूसँग छलफल गर्दै मन्त्री सोनारले यस्तो निर्देशन दिएका हुन्। शहरी विकास तथा भवन डिभिजन, खानेपानी तथा सरसफाई डिभिजन कार्यलय, सडक डिभिजन कार्यालय, वीरगंज पथलैया व्यापारी मार्ग विस्तार योजना पथलैया, हुलाकी राजमार्ग योजना, जटही जनकपुर ढल्केवर व्यापारी मार्ग विस्तार योजना तथा जनकपुर परिक्रमा सडक योजना, वार्दिवास आठौं जिल्लाको कार्यालय प्रमुखहरूसँग मन्त्री सोनारले छलफल गरेका छन्।

मधेशी नेतामा अवसरवादी प्रवृत्ति : डा. भट्टराई

सिरहा। नयाँ शक्ति पार्टी नेपालका संयोजक डा वावुराम भट्टराईले मधेशी दलका नेतामा अवसरवादी प्रवृत्ति देखिएको आरोप लगाएका छन्। लहानमा नयाँ शक्तिको प्रदेश १ र २ को दुईदिने प्रशिक्षण तथा बैठक कार्यक्रमपछि आयोजित पत्रकार सम्मेलनमा डा. भट्टराईले यस्तो आरोप लगाएका हुन्। उनले जनताले जे कुराका लागि म्याण्डेट दिएको छ त्यो भन्दा पनि सत्तामा भागवन्डा गर्न लागेको आरोप लगाए। मधेशी दलले संविधान संशोधनको मुद्दा बोकेर जनताबाट पाएको मतको कदर गर्न सुझाएका छन्। उनले संविधान संशोधन मुलुकको आवश्यकता भएको भन्दै त्यसो नभए मुलुकमा अर्को द्वन्द्वको बीउ रोपिने खतरा रहेको तर्फ ध्यानाकर्षण गराएका हुन्।

"लगानी भित्र्याउन ऐन कानून ल्याउँदैछौं"

विराटनगर। प्रदेश नं. १ का मुख्यमन्त्री शेरधन राईले विदेशी तथा स्वदेशी लगानी भित्र्याउन सहज हुने गरी ऐन कानून ल्याउन लागेको बताएका छन्। उनले प्रदेश नं १ मा स्मार्ट सिटी, केवलकार तथा मोनो रेललगायतका पूर्वाधार बनाउन प्रदेश सरकारले सम्भाव्यता अध्ययन शुरू गरिसकेको समेत जानकारी दिए। उनले केन्द्रमा स्थिर सरकार निर्माण भएकाले विदेशी लगानी भित्रिने विश्वास व्यक्त गरेका छन्।

"कृषि आधुनिकीकरण हाम्रो प्राथमिकता"

रौतहट। प्रदेश नं.२ का भूमि व्यावस्था, कृषि तथा सहकारी राज्यमन्त्री योगेन्द्र राय यादवले प्रदेश २ को कृषि आधुनिकीकरण पहिलो प्राथमिकतामा रहेको बताएका छन्। उनले प्रदेश २ को कृषि उत्पादनवाट समग्र नेपालकै खाद्य सामग्री पुग्ने गरी कृषिमा योजना तथा कार्यक्रमहरू ल्याउने प्रतिवद्धता जनाएका छन्। सदरमुकाम गौरमा सञ्चारकर्मीहरूसँगको भेटघाटमा उनले कृषि क्षेत्रको चौतर्फी विकास गर्दै प्रदेश प्रदेश मात्र नभई नेपालका सवैलाई आत्मनिर्भर बनाउने बताएका हुन्। कृषि क्षेत्रलाई आधूनिकिकरण गर्न आवश्यक स्रोत साधन, गुणस्तरीय बीउ विजन, मल खाद्य, कृषकलाई अनुदान, कृषि बीमा, उत्पादित सामग्रीको उचित बजारीकरण लगायतका विषयमा प्रदेशले योजनाहरू निर्माण गरिरहेको उनले जानकारी गराए।

"बाँतर जातिको संक्षिप्त चिनारी" विमोचित

विराटनगर। 'बाँतर जातिको संक्षिप्त चिनारी' नामक पुस्तकको विमोचन गरिएको छ। प्रदेश नं १ का सामाजिक विकासमन्त्री जीवन घिमिरेले सोमवार ग्रामीण जागरण राष्ट्रिय साप्ताहिक पत्रिकाको आठौं वार्षिकोत्सवका अवसरमा सो पुस्तक विमोचन गरेका हुन्। पदमकुमार सरदारद्वारा लिखित सो पुस्तकमा बाँतर जातिको रहनसहन, संस्कार, पेशा, आर्थिक अवस्था, शिक्षा, धर्म संस्कृतिलगायतका विषय समेटिएको छ। सो अवसरमा सामाजिक विकासमन्त्री जीवन घिमिरेले अल्पसंख्यक जातिको पहिचान र उत्थानका साथै संरक्षण तथा संवर्द्धन गर्न सरकार प्रतिवद्ध रहेको बताए। प्रदेश नं १ का प्रदेशसभा सदस्य जयराम यादवले बाँतर जाति पिछडिएको जाति भएकाले यसको उत्थानका लागि सरकार अग्रसर हुनुपर्ने बताए।

वन डडेलो नियन्त्रण गर्न टोली परिचालित

मणि प्रसाद गैहे, कपिलवस्तु। देशभर १९ हजारको हाराहारीमा सामुदायिक वन रहेकामध्ये अधिकाशं जङ्गलमा चैत वैशाखमा धेरै आगलागी हुने गरेका छन्। वन क्षेत्रमा हुने आगलागीका कारण बसिनौं हजारौं वन्यजन्तु मर्ने गरेका छन्। वनमा हुने आगलागी कम होस् भन्ने उद्देश्यका साथ वन व्यवस्थापन समितिले आफ्नो वन क्षेत्र भित्र डडेलो नियन्त्रण कार्यक्रम सञ्चालन गरी रहेका छन। यसै विच कपिलवस्तुमा रहेका सामुदायिक वनले पनि चैत महिना लागे सगै सवाधानी अपनाएका छन। अहिलेको समय दैनिक जसौ आगलागीका घटाना नियन्त्रण गर्नका लागि वन समितिनै लागि परेको छ। आगलागीवाट हुने सम्भावित घाटनालाई मध्ये नजर गर्दै कपिलवस्तुमा रहेका सामुदायिक वन व्यवस्थापन समितिले समेत सचेतना अपनाउदै अग्नी नियन्त्रक वन भित्र परिचलित गरेको छ। वनमा हुने आगलागीले मानवीय क्षतिसमेत हुने गरेको छ। वनमा लागेको आगालागीलाई नियन्त्रण लिनका लागि सामुदायिक वनले विभिन्न दक्ष प्राविधिक समेत खटेका छन्।

रौतहटमा लामखुट्टे नियन्त्रण गर्ने अभियान

राकेश यादव, रौतहट। रौतहट जिल्लाको गौर नगरपालिका कार्यालयले नगर क्षेत्र भित्रमा बढेको लामखुट्टेको नियन्त्रण गर्नका लागि औषधि छर्न सुरू गरेको छ !! जनतामुखी र विकासप्रेमी नगर प्रमुखको रूपमा चर्चित रहेका नगरप्रमुख अजय कुमार गुप्ताले लामखुट्टेको प्रकोपवाट नगरवासीलाई राहत दिने उद्देश्यले औषधि छर्न लागेको हो। बेलुकीको समयमा नै लामखुट्टेले टोकन सुरू गर्न थालेपछि नगरवासीले औषधि छर्न माग गरे लगत्तै मेयर गुप्ताले लामखुट्टे मार्ने औषधि जिल्ला अस्पतालबाट पहल गरेर छर्न थालेका छन्। गुप्ताले नगरपालिकाको सम्पूर्ण वार्डमा रहेको नालामा औषधि छर्ने कार्य जारी रहेको बताएका छन्। पानी जमेको ठाउँमा लामखुट्टेको लार्वा हुने गरेकोले त्यसलाई नष्ट गर्नका लागि नालाहरूमा औषधि हाल्न लगाएको बताएका छन्। मेयर गुप्ताको कार्य सराहनीय रहेको संघीय समाजवादी फोरम नेपालका केंद्रीय सदस्य रेवन्त झाले बताएका छन्। जनताको कस्ट समयमा निवारण गर्न कदम चाल्ने नेता, प्रमुख नै जनतामुखी वन्न सकिने नेता झाको तर्क रहेको छन्। गौर नगरपालिकाको विकासमा नगरप्रमुख गुप्ताको प्रयास लोकप्रिय रहेको नेपाली कांग्रेसका चिरंजीवी प्रसाद सिंहले बताएका छन्। जनताको गुनासो सुनेर नगरपालिकाका प्रमुख गुप्ताले चालेको कदम सराहनीय र प्रसंशनीय रहेको उनको भनाइ रहेको छ।

पर्यटनको विकास आवश्यक : राजदूत

नेहाल खान, वीरगन्ज। नेपाल-भारत सम्वन्धलाई वलियो वनाउनका लागि पर्यटन व्यवस्थालाई अझै विकासतर्फ लैजाने नेपालका लागि भारतीय राजदूत मञ्जीव सिंह पुरीले बताएका छन्। भरतपुर महानगरपालिका र भारतीय महावाणिज्य दूतावास वीरगंजको संयुक्त आयोजनामा भएको नेपाल-भारत द्विपक्षीय पर्यटन प्रवंद्धन सम्वन्धि गोष्ठिमा राजदूतले सो कुरा बताएका हुन्। नेपाल-भारतको सम्वन्धलाई र पर्यटन क्षेत्रको विकासतर्फ पूर्णरूपले सहयोग गरिने राजदूत पुरीले गोष्ठि कार्यक्रम मार्फत जानकारी दिए। भारतीय महावाणिज्य दूतावास वीरगंजका महावाणिज्य दूत वैष्णव चरण प्रधानले भारतको विभिन्न क्षेत्रमा प्रवल लगानी भएको र पर्यटन क्षेत्रतर्फ पनि भारत सरकारले अधिकतम् लगानी गर्ने वताए। तीनदिने गोष्ठि कार्यक्रममा प्रमुख अतिथि राजदूत पुरी, भरतपुर महानगरपालिकाका मेयर रेणु दाहाल रहेका थिए। त्यसैगरी, विशिष्ठ अतिथिहरूमा महावाणिज्य दूत प्रधान, वाणिज्य दूत राजेश कुमार, विनोद लोसाली र भरतपुर महानगरपालिकाका प्रमुख जिल्ला अधिकारी, वडा अध्यक्षहहरू लगायत विभिन्न संघसंस्थाका प्रमुखहरूको कार्यक्रम स्थल भरतपुर उद्योग वाणिज्य संघको सभाहलमा उपस्थिति रहेको थियो।

"सिंचाइ गरौं - उत्पादन बढाऔं"

- कृषि उत्पादनमा टेवा पुऱ्याउन मुलुकमा उपलब्ध जलस्रोतको अधिकतम् उपयोग गरी सिंचाइ क्षेत्रको विकास र विस्तारमा जोड दिऔं।
- सिंचाइ प्रणालीको विकास र दिगो व्यवस्थापनका लागि जनसहभागितामूलक पद्धतिको अंगीकार गरौं।
- सिंचाइ प्रणालीबाट उपलब्ध सिंचाइ सुविधाको आवश्यकताअनुसार प्रयोग गरौं र प्रयोग गर्न सल्लाह दिऔं।
- सिंचाइ प्रणालीबाट उपलब्ध हुने सिंचाइ सुविधाको समन्यायिक तरिकाले सबैलाई उपलब्ध हुने गरी जल व्यवस्थापन गरौं।

सिंचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना

जावलाखेल, ललितपुर

फोन नं. : ५५३२६२२, ५५२८५८५

फ्याक्स : ५५३०९३८

भारतको सहयोगमा भूकम्पपीडितका लागि आवास निर्माण सुरू

नुवाकोट। भूकम्पपीडितको निजी आवासको सुरक्षित पुनर्निर्माणमा सघाउनका लागि नेपाल आवास पुनर्निर्माण परियोजना सुरू भएको छ। परियोजनाले जिल्लामा भूकम्पपछिको सुरक्षित पुनर्निर्माणका लागि सामाजिक प्राविधिक सहजीकरण गर्नेछ। भारतीय सहयोगमा युनोप्सले सञ्चालन गरेको परियोजनाको सोमवार सदरमुकाम विदुरमा विदुर नगरपालिका-९, डिही बजारकी मनदेवी शाक्यलाई निःशुल्क नक्शा प्रदान गरी सेवा आरम्भ गर्दै नेपालका लागि भारतीय राजदूतावास, पुनर्निर्माण विभाग प्रमुख सुचिता किशोरले भूकम्पपछि नेपालको पुनर्निर्माणका लागि परियोजना सञ्चालन गर्न लागिएको हो। परियोजनामा ५६ प्राविधिक इञ्जिनीयरमार्फत भूकम्प प्रतिरोधी २३ हजार ८८ घर निर्माणमा सचेतीकरण, स्थानीय तहसँग सहजीकरण र प्राविधिक सहयोग गरिने कार्यक्रम रहेको छ। परियोजना विदुर नगरपालिका र साविकका गाविस वर्सुन्चेत, किम्ताड, सामरी, दाड्सिङ, खड्गभञ्ज्याङ, गोस्र्याङ, कल्याणपुर, देउराली, बुङ्ताड, चारघरे, जिलिङ, मनकामना, वागेश्वरी, खानीगाउं, मदानपुर, खरानीटार, सुन्दरादेवी र बालकुमारीमा सञ्चालन हुनेछ।

नेपाल-भारतबीच अर्थपूर्ण आर्थिक सहकार्यमा जोड

काठमाडौं। भारत भ्रमणमा रहेका उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री मातृका यादवले भारतीय विदेशमन्त्री सुष्मा स्वराजसँग सोमवार भएको भेटवार्तामा दुई देशबीच पारस्परिक फाइदाका लागि अर्थपूर्ण आर्थिक सहकार्यमा जोड दिएका छन्। नयाँदिल्लीमा भएको भेटवार्तामा भारतीय विदेशमन्त्री स्वराजले नेपालको विकास र समृद्धिमा निरन्तर सहयोग गरिने विश्वास दिलाइन्। त्यसअघि मन्त्री यादवसँग भारतीय वाणिज्य तथा उद्योगमन्त्री सुरेश प्रभुबीच द्विपक्षीय व्यापार, पारवाहन तथा लगानीका विषयमा विचारविमर्श भएको थियो।

प्रदेश २ मा दुई लाख बालबालिका विद्यालय बाहिर

कल्पना भट्टराई

सडक, सञ्चारलगायत सुविधाका हिसाबले तुलनात्मक रूपमा अगाडि रहेको प्रदेश-२ का आठ जिल्लामा स्कूल जाने उमेरका दुई लाख बालबालिका विद्यालय बाहिर छन् ।

सरकारले सातवटै प्रदेशका अस्थायी मुकाम (राजधानी) तोकेलगतै प्रदेश-२ का प्रमुख दुई शहरमध्ये जनकपुरमा हर्षोल्लासको माहोल देखापऱ्यो भने वीरगञ्जमा विरोधको स्वर गुञ्जियो । आफूलाई राजधानीको दावेदार वीरगञ्ज सरकारको निर्णयबाट विरूद्ध थियो । प्रदेश राजधानीका निम्ति आफूलाई योग्य ठान्ने यी दुबै शहरसंग आ-आफ्नै वैभवहरू होलान, तर एउटा आँकडा भने यी दुबै शहरलाई समान रूपमा लज्जित तुल्याउने खालको छ ।

प्रदेश सदरमुकाम बन्न प्रयत्नरत धनुषाको जनकपुर होस् वा पर्साको वीरगञ्ज यी दुबै शहरमा सबभन्दा धेरै बालबालिका विद्यालय जान वञ्चित रहेको अँध्यारो पाटो छ । शिक्षा मन्त्रालयको आँकडाले भन्छ- प्रदेश-२ मा विद्यालय जान वञ्चित बालबालिकाको संख्या केलाउँदा धनुषा र पर्सा क्रमशः पहिलो र दोस्रो नम्बरमा आउँछन् ।

धनुषामा २७ हजार २९७ र पर्सामा २७ हजार १०५ बालबालिका विद्यालय बाहिर छन् । यो सूचीमा त्यसपछि क्रमशः बारा, सर्लाही, रौतहट, सिरहा, सप्तरी र महोत्तरी जिल्ला आउँछन् । शिक्षा मन्त्रालयले एक वर्षअघि गरेको सर्वेक्षणको नतिजा अनुसार प्रदेश-२ का आठ जिल्लामा १ लाख ९१ हजार २२१ बालबालिका विद्यालयभन्दा बाहिरै छन् । जसमध्ये बालिकाको संख्या बालकको तुलनामा धेरै छ । मुलुकका अरू ६ वटा प्रदेशसंग तुलना गर्दा पनि प्रदेश-२ को यो तथ्याङ्क सबभन्दा धेरै हो ।

संविधानले शिक्षालाई 'अनिवार्य' र 'निःशुल्क' भनेको छ । तर सडक, सञ्चारलगायत सुविधाका हिसाबले तुलनात्मक रूपमा अगाडि रहेको प्रदेश-२ का जिल्लाहरूमै धेरै बालबालिका विद्यालय बाहिर छन् । यसको कारण के होला ?

ढोका धुन्ने गरीबी

दुई महिनाअंघि महोत्तरीको सदरमुकाम जलेश्वरको खैराटोलमा पुग्दा ९ वर्षकी राधा सदा र ११ वर्षीया सञ्जिला सदा घरको अन्य काम सकेर जुठाभाँडा माझदै थिइन । घरकी जेठी छोरी सञ्जिलाले घरको सबै काम हेर्नुपर्छ, बहिनी राधाले उनलाई सघाउँछिन् ।

खैराटोलकै अनु सदा (१०) पनि बहिनी र भाइको हेरविचारसँगै खाना पकाउने, भाँडा माझने काममा व्यस्त भेटिइन् । १५ वर्षीया ललिता सदा भने खेतमा काम गर्दै थिइन् ।

मुसहर समुदायका ४० परिवार बस्ने खैराटोलका अधिकांश बालबालिकाको दिन यसैगरी बिच्छ । कलिला यी बालबालिका सबै किसिमका काम गर्छन् । चौध-पन्ध्र वर्षकाहरू आमाबाबुसँगै मजदूरीमा जान्छन् । यहाँका बालबालिका किन विद्यालय जादैनन् ? टोलमा पुग्नेले आफैं जवाफ पाउँछ ।

यो टोलका गोकुल सदा (१४) लाई पढ्ने रहर छ, तर उनी विद्यालय होइन, बाबुआमासँगै कमाउन खटिरहेका छन् । उनका दिदी, दाजु, भाइ कसैले पनि पढ्न पाएका छैनन् । दिदीको बिहे भइसक्यो, दाजु भारतमा काम गर्छन् र १२ वर्षीय भाइ गोकुलसँगै काम गर्छन् । त्यस्तै, १२ वर्षीया कलावती सदा घर सम्हाल्छिन्, आमाबाबु मजदूरी गर्न जान्छन् ।

५ कक्षामा पढिरहेका ११ वर्षीय अनिल सदा भेटिए, तर उनकी दिदी र बहिनीले विद्यालय टेक्न पाएका छैनन् । स्थानीय विशेश्वर सदा भन्छन, 'यहाँका बालबालिका १२-१३ वर्षकै उमेरदेखि अरूको खेतमा काम गर्न जान्छन् ।' स्थानीय गैर-सरकारी संस्था समाज विकास केन्द्रका अनुसार, खैराटोलमा विद्यालय जाने उमेरका ९५ बालबालिका छन् । तीमध्ये ३० जनाको नाम लेखाइए पनि कक्षामा नियमित छैनन् । टोलका एकजनाले पनि एसएलसी उत्तीर्ण गरेका छैनन् ।

सबै मुसहर परिवारसँग छाप्रो अट्ने बाहेक एक धुर पनि जग्गा छैन । छाप्राहरू यति स-साना छन् कि परिवारका सबैलाई सुत्न पनि मुश्किलले पुग्ने ठाउँ हुन्छ । टोलका आधा महिलासँग नागरिकताको प्रमाणपत्र छैन । धेरैजसो बालबालिकाको जन्मदर्ता पनि छैन ।

बालविवाह, अभिभावकमा छोराछोरी पढाउनुपर्छ भन्ने चेतनाको कमी र कमाएर खानुपर्ने बाध्यताले बालबालिकालाई पढाइभन्दा काम अनिवार्य बनेको छ । गरीबीले सबैका लागि विद्यालयको ढोका थुनिदिएको छ ।

समाज विकास केन्द्रले टोलका किशोरीहरूका लागि कक्षा सञ्चालन गरिरहेको छ । उनीहरूलाई यसरी ९ महिना पढाएर विद्यालयमा भर्ना गरिदिने केन्द्रको लक्ष्य छ, तर कक्षामा सहभागी भइसकेका २१ किशोरीमध्ये कोही पनि विद्यालय जादैनन् ।

संस्कारको पर्खाल

महोत्तरीको सम्सी गाउँपालिका-६, इस्लामाबाद टोलको कथा केही फरक छ । यहाँकी आयसा खातुन (१८) ले कुरान (इस्लाम धर्मग्रन्थ) राम्रोसँग पढ्न सक्ने भएपछि काममा आमालाई सघाउन मदरसा (धार्मिक पाठशाला) छाड्नु पऱ्यो ।

नगिमा खातुन (१२) र सम्मा खातुन (१२) ले पनि कुरान पढ्न जानेपछि घरको काममा सघाउन मदरसाको पढाइ छाडे । टोलका साजिया खातुन (१७) र जाइस्था खातुन (१८) ले त मदरसा पनि टेक्न पाएनन् ।

सिरहा, विष्णुपुरा-३, अमरगरिया, राजपुर, मुसहरटोलका बालबालिका, जो विद्यालय जादैनन् ।

इस्लामाबाद टोलका एक जना पनि बालबालिका विद्यालय जादैनन् । अभिभावकले मदरसाको धार्मिक शिक्षालाई मात्र महत्व दिएका छन् । र, पनि करीब ५०० बालबालिका रहेको यो टोलका सबैले मदरसा शिक्षा पनि पूरा गरेका छैनन् । कतिपय बालक मदरसाको पढाइ बीचमै छाडेर रोजगारीका लागि भारततिर लाग्छन् । बालिकाहरू चाहिं घरको कामकाजमा व्यस्त हुन्छन् ।

दुई किलोमिटर परको सम्सी बजारमा माध्यमिक विद्यालय छ, तर मदरसाको पढाइ सक्नेलाई पनि अभिभावकले त्यहाँ पठाउँदैनन् । एकजना अभिभावक रूबेदा खातुनले छोरीहरूलाई त सकेसम्म मदरसामा पढाएर घरको काम सिकाउने अनि बिहे गरिदेने बताए ।

अर्का अभिभावक शेष बकाउल्लाले छोराहरू कमाउन जानुपर्ने र छोरीलाई चाहिं विद्यालय पठाउँदा सुरक्षा नहुने भएकाले अनिवार्य धार्मिक शिक्षापछि नपढाइने बताए ।

हैजान अजिजिया सिद्धिकिया मदरसाका मौलाना शेष शलाउदिन राउफ धार्मिक शिक्षा नै पर्याप्त भएको बताउँछन् । मदरसामा प्रायः पाँच कक्षासम्म पढाइ हुन्छ । 'त्यसभन्दा ज्यादा पढ्न आवश्यक छैन' मौलाना राउफ भन्छन्, 'मदरसामा बालिकाहरूलाई अनुशासनमा बस्न, बालबालिका पनि बीचैमा पढाइ छाड्छन, उमेर बढाएर नागरिकता र राहदानी बनाउँछन् अनि वैदेशिक रोजगारमा जान्छन् ।

बालबालिका विद्यालय नजानुको अर्को कारण पारिवारिक विखण्डन हो । उत्तरटोलकी सहनाज खातुन (४५) का श्रीमान् उनलाई छाडेर भारतमा अर्को बिहे गरेर बसे । अरूको घरमा काम गरेर तीन छोराछोरी हुर्काइरहेकी एक्ली सहनाजले स्कूल पढाउन सकिनन् । यो टोलमा उनीजस्ता श्रीमान् र परिवारबाट पीडित महिला २० जना छन् । त्यसको मार बालबालिकामा परेको छ ।

पैसा न पढ्ने ठाउँ

महोत्तरीको मनरासिशवा नगरपालिका-१०, मधवास्थित हनुमान विश्वनाथ जनता प्राविमा १४ मंसीर २०७४ मा एकजना पनि विद्यार्थी थिएनन् । विद्यालयमा शिक्षक रामराव राउत र बाल विकास केन्द्रकी शिक्षिका बबिता पाण्डेय मात्र थिए । पाण्डेयले 'अर्को विद्यालयका विद्यार्थीको मृत्यु भएकाले यहाँ पनि शोक मनाउन विदा दिइएको' बताइन् ।

सोही विद्यालयमा ५ कक्षामा पढ्ने गुड्डिया खातुन धानको बोझ लिएर खेतबाट फर्कंदै गरेको हामीले भेट्यौं । अनि थाहा भयो, धान काट्ने सिजन भएकाले विद्यार्थी विद्यालय नआएका रहेछन् ।

२०१० सालमा स्थापित यो विद्यालयका चारवटा भवनका आठ कोठामध्ये एउटै पनि सढ्ने छैनन् । शिक्षक राउतले विद्यार्थी आएको बेला चौरमै पढाउने बताए ।

धनुषामा २७ हजार २९७ र पर्सामा २७ हजार १०५ बालबालिका विद्यालय बाहिर छन् । यो सूचीमा त्यसपछि क्रमशः बारा, सर्लाही, रौतहट, सिरहा, सप्तरी र महोत्तरी जिल्ला आउँछन् ।

परिवार र श्रीमान्लाई सधैं खुशी राख्न, बुर्का नलगाई बाहिर हिंडडुल नगर्न र परपुरूषसंग नबोल्न सिकाइन्छ ।'

सम्सी गाउँपालिकाका सात वडामध्ये २, ३ र ६ मुस्लिम बहुल हुन् । गाउँपालिकाभित्र तीन सामुदायिक, ६ वटा निजी विद्यालय र ६ वटा मदरसा छन् । महोत्तरी सदरमुकाम जलेश्वरबाट करीब २० किमी टाढा पर्ने इस्लामाबाद टोलको दुई किमी दूरीमा नेपाल-भारत सिमाना छ भने पारिपट्टि बिहारको पूर्वी चम्पारण जिल्लाको कनवा बजार ।

महोत्तरीको मनरासिशवा नगरपालिका-१० मधवास्थित हनुमानदत्त विश्वनाथ जनता प्राविमा परीक्षा दिंदै बालबालिका । विद्यालयका तीनवटै भवन बस्नलायक छैनन् ।

मौसमी खेती र भारतमा ज्याला-मजदूरीबाट जीविकोपार्जन गर्ने यहाँका धेरैजसो बासिन्दा विपन्न छन् । समाज विकास केन्द्रका फिल्ड अफिसर नेहाज अहम्मद भन्छन, 'इस्लामाबाद टोलको परम्परागत सोच र पछौटेपनको प्रमुख कारक गरीबी नै हो ।'

प्रदेश-२ कै सिरहा जिल्लाको सिरहा नगरपालिका-४, रमौल दक्षिण टोल (कुटीपोखरी) को ऐलानी जग्गामा मुस्लिम समुदायका २० परिवार बस्छन् । टोल नजिकै दुईवटा मदरसा र एउटा विद्यालय छ ।

टोलका ८० बालबालिकामध्ये कोही विद्यालय जादैनन, मदरसा जाने २० जना पनि नियमित छैनन् । १४ वर्ष पुगेका बालबालिका अभिभावकसँगै काममा निस्कन्छन् । टोलका अब्दुल करिम (१८) भन्छन, 'मजदूरी नगरे घरमा छाक टर्दैन अनि कसरी पढ्नु र पढाउनू ?'

रमौल उत्तर टोलमा चाहिं 'गर्ल्स मदरसा' पनि छ । अंग्रेजी, हिन्दी, अरबी र नेपाली सिकाइने आवासीय सुविधासहितको यो मदरसामा अन्य जिल्ला र भारतका समेत गरी १३९ किशोरी पढ्छन् ।

किशोरीहरूलाई बाहिर निस्केने अनुमति छैन, निस्कनै परे बुर्का लगाउनुपर्छ । मदरसाका मौलवी मुस्ताफिर हमानी उनीहरूलाई कुरानका विषय, बुर्का लगाएर हिंडन, नचिनेका मान्छेसँग नबोल्न र श्रीमान्लाई खुशी पार्न सिकाइने बताउँछन् ।

२०० घरधुरी रहेको रमौल उत्तरटोलका करीब १०० बालबालिका विद्यालय जादैनन् । उनीहरूले मदरसामा पनि पाइला नटेकेको स्थानीय समाजसेवी महम्मद शाहिदले बताए । टोलमा दुई वटा मदरसा र एउटा विद्यालय छ ।

गरीबी र अभिभावकमा पढाइप्रति रूचि नहुनु यसको मुख्य कारण रहेको शाहिदको निक्योंल छ । आक्कलभुक्कल मदरसा र विद्यालय जाने उनका अनुसार, ५ कक्षासम्म पढाइ हुने विद्यालयमा प्रधानाध्यापक समेत गरी तीन शिक्षक छन् । बाल विकास केन्द्र र एक कक्षालाई एकै ठाउँमा पढाइन्छ । दुई र तीन कक्षालाई एकठाउँमा अनि चार र पाँच कक्षाका विद्यार्थीलाई अर्को ठाउँमा संयुक्त पढाइन्छ ।

मुस्लिम, कुर्मी, चमार, लोहार, सदालगायत समुदायका बालबालिका पढ्ने यो विद्यालयको भौतिक विकासमा कसैको ध्यान पुगेको छैन । शिक्षक राउत जिल्ला शिक्षा कार्यालयले पनि चासो नदेखाएको बताउँछन् । उनका अनुसार, २६१ जनाले नाम लेखाएको यो विद्यालयका ४० प्रतिशत विद्यार्थी मात्र नियमित आउँछन् । टोलका २० बालबालिकाले त विद्यालय टेकेकै छैनन् ।

नेपालकै पुरानोमध्येको यो विद्यालयमा प्रारम्भिक शिक्षा लिएर प्रोफेसर, डाक्टर र इन्जिनियर बनेका थुप्रै छन् । विद्यालय रहेको मुसहर टोलका भने अहिलेसम्म योगेन्द्र सदा (३६) ले मात्र एसएलसी गरेका छन् ।

२०५५ सालमा नजिकैको भौगुलो भैयादाई गुलाबदाई जनता माबिबाट एसएलसी उत्तीर्ण उनले पनि आफ्ना तीन छोराछोरीमध्ये एक छोरा र एक छोरीलाई मात्र प्राथमिक शिक्षा दिन सके ।

सिरहाको पनि अवस्था उस्तै छ । जस्तो, विष्णुपुरा गाउँपालिका-३, अमागरिया राजपुर मुसहर टोलकी राधिका सदा (८) हुन् या राकेश सदा (१०), साताको तीन दिनभन्दा बढी विद्यालय जानै पाउँदैनन् ।

राधिका घरको काम र राकेश बहिनीको हेरचाहबाट फुर्सद पाएको दिन मात्र स्कूल जान पाउँछन् । त्यही टोलकी अनिता सदा (१४) ले २ कक्षापछि विद्यालय जानै पाइनन् । उनी अहिले कृषि मजदूरी गर्छिन् । राजु सदा (१४) ले ३ कक्षासम्म पढ्न पाए, तर उनका भाइको नामसम्म लेखिएन ।

मुसहर समुदायका ९० परिवारको बसोबास रहेको यो टोलमा विद्यालय उमेरका ९० बालबालिकामध्ये ३० जनाले विद्यालय टेकेकै छैनन, नाम लेखिएकाहरू पनि नियमित छैनन् । विष्णुपुरा त गाउँ भयो, जिल्ला सदरमुकाम रहेको सिरहा नगरपालिकाको शैक्षिक स्थिति पनि चौपट छ ।

सिरहा नगरपालिका-२, गोरीयानीका ज्योति मल्लिक (१७) ले ६ कक्षामा पढ्दापद्दै पढाइ छाडे । अहिले भारतमा ज्यालादारीको काम गरिरहेका उनका भाइ ६ कक्षामा पुगेका छन, तर बहिनी विद्यालय नै जान्तन् । डोम समुदायका १५ परिवार बसोबास गर्ने यो टोलमा २५ बालबालिका विद्यालय उमेरका छन, तर कोही पनि विद्यालय जादैनन् ।

तराई-मधेशमा चर्को जातीय विभेद छ । कथित माथिल्लो जातकाहरूले तल्लो जातका भनिनेहरूलाई सरसफाइ बाहेकका अरू काम दिंदैनन् । त्यसले गर्दा पनि डोमलगायतका कथित तल्लो जातकाहरूको हातमा पढाइ खर्च त के राम्ररी खान पुग्ने गरी ज्याला आउने काम पनि हुंदैन ।

स्थायी रूपमा प्रदेश-२ को राजधानी बन्ने ताहुरमाहुर गरिरहेको जनकपुर उपमहानगरपालिका-१२, रामपुरस्थित श्री माध्यमिक विद्यालयबाट १०० मिटर टाढा मात्र छ, कुबा गाउँ ।

विद्यालय चलिरहेका बेला घरमा भेटिएकी सुमित्रा पण्डितले 'राम्रो नपढाउने हुनाले स्कूल नगएको' बताइन् । उनी ५ कक्षाकी विद्यार्थी रहिछन् । कुबा गाउँका वीरेन्द्र नायकले शिक्षकहरू नआउने, आएकाहरूले पनि राम्रोसँग नपढाउने समस्या रहेको बताए ।

तर, प्रधानाध्यापक रामअवतार यादवले पढाइ होइन, विद्यार्थी नियमित नभएको जिकिर गरे । खेतीको सिजनमा प्रायि तहमा आधा विद्यार्थी पनि नआउने उनले बताए ।

उनका अनुसार ८०० विद्यार्थी पढ्ने यो विद्यालयका २० प्रतिशत विद्यार्थीले बीचमै पढाइ छाड्छन, जसमा छात्राको संख्या बढी हुन्छ । प्रअ यादवले भने, 'छात्राले पढाइ छाड्ने एउटा प्रमुख कारण बालविवाह हो भने छात्रहरू वैदेशिक रोजगारमा जान पढाइ छाड्छन् ।'

महोत्तरी सदरमुकाम जलेश्वरको लक्ष्मीचन्द्र मुरारका उच्च माविमा कक्षा १ देखि ८ सम्म ७०० र माबि तहमा ४३० विद्यार्थी छन् । प्रधानाध्यापक सञ्जीब झाका अनुसार, यस वर्ष अन्य विद्यालयबाट भर्ना हुन आएका करीब १०० विद्यार्थीलाई फिर्ता गरियो ।

तर, यो विद्यालयमा पनि प्राबि तहका १५ प्रतिशत विद्यार्थी नियमित विद्यालय आउँदैनन् । प्रधानाध्यापक झका अनुसार, भर्ना भएकामध्ये १० प्रतिशत विद्यार्थीले बीचमै पढाइ छाड्छन् । ३१२ सामुदायिक, ९२ निजी विद्यालय, ५४६ बाल विकास केन्द्र र ९० वटा मदरसा रहेको महोत्तरीमा १८ हजार ४५ जना बालबालिका विद्यालय बाहिर रहेको शिक्षा मन्त्रालयको आँकडा छ । 'विद्यालय भर्ना अभियान' नामक सरकारी कार्यक्रमअन्तर्गत यस्ता बालबालिकालाई विद्यालय भर्ना गराउन स्थानीय ५० वटा गैरसरकारी संस्थालाई पनि सामेल गराइएको शिक्षा विभागको कार्यक्रम शाखाका अधिकृत अर्जुन ढकाल बताउँछन् ।

तर, यो अभियानबाट अहिलेसम्म मात्र दुई हजार बालबालिका मात्रै भर्ना हुन सके । ती पनि कक्षामा नियमित छैनन् । महोत्तरीका जिल्ला शिक्षा अधिकारी ठूलोबाबु दाहाल अर्को शैक्षिक सत्रमा पाँच हजार बालबालिकालाई विद्यालय भर्ना गराउने लक्ष्य रहेको बताउँछन् ।

शिक्षा मन्त्रालयको उक्त अध्ययन प्रतिवेदन अनुसार नेपालमा विद्यालय उमेरका १० लाख बालबालिका अझै पनि शिक्षाबाट वञ्चित छन् । यति ठूलो संख्यामा बालबालिका किन विद्यालय बाहिर छन् ?

शिक्षा मन्त्रालयको अनुगमन तथा मूल्यांकन शाखाका सहसचिव आनन्द पौडेल अभिभावकमा चेतनाको कमीलाई यसको पहिलो कारण मान्छन् । 'दोस्रो, गरीबी र तेस्रोमा विद्यालयको वातावरण राम्रो हुन नसक्नु हो', उनी भन्छन, 'त्यसपछिको कारण हो, सामाजिक परिवेश ।'

७ करोडको उपलब्धि !

विद्यालय बाहिर रहेका धनुषाका २७ हजार २९७ बालबालिकालाई विद्यालयमा ल्याउन र टिकाउन युनिसेफ र अन्य गैरसरकारी संस्थाहरूले पछिल्लो तीन वर्षमा १ करोड ८० लाख रूपैया खर्च गरेका छन् । यो अभियानमा जिल्ला शिक्षा कार्यालयले समेत बार्षिक ५ लाख रूपैया खर्च गर्छ ।

धनुषाका उप जिल्ला शिक्षा अधिकारी दानीकान्त झाका अनुसार मुसहर, डोम र बिन समुदायका बालबालिकालाई सानैदेखि काममा लगाइने हुँदा उनीहरूको भर्ना चुनौतीपूर्ण छ । उनी भन्छन, 'यो समुदायका बालबालिकालाई विद्यालयमा ल्याउनभन्दा टिकाउन गाह्रो हुन्छ ।'

झाका अनुसार, धनुषाका प्राविमा औसतमा ७० प्रतिशत बालबालिका उपस्थित हुन्छन् भने निमाबि र माबिमा क्रमशः ४० र २० प्रतिशत मात्र । पढेर काम नपाउने बुझइका कारण धेरैजसो अभिभावकले उमेर बढाएर छोराहरूलाई वैदेशिक रोजगारमा पठाउँछन् ।

२२ हजार ८९६ बालबालिका विद्यालय बाहिर रहेको सिरहामा जिल्ला शिक्षा कार्यालयले भर्ना अभियान चलाउन र भर्ना हुनेलाई विद्यालयमा टिकाउन ६६ लाख रूपैया बजेटका विभिन्न कार्यक्रम चलाएको छ । कार्यालयले १० हजार ६०१ बालबालिका विद्यालय भर्ना गरिएको अभिलेख उपलब्धिका रूपमा देखाउँछ । तर यीमध्ये ठूलो संख्या विद्यालयमा नियमित छैनन् ।

विद्यालय बाहिर रहेका बालबालिकाका लागि २८ जिल्लामा भर्ना अभियान चलाइएको छ । यसमा प्रदेश-२ का आठ वटै जिल्ला समेटिएको छ ।

शिक्षा विभागमार्फत सञ्चालन हुने यो अभियानको बजेट जिल्ला शिक्षा कार्यालय मातहतका सिकाइ अध्ययन केन्द्रमार्फत खर्च गर्नुपर्ने कार्यविधि छ । तर केही जिल्ला शिक्षा कार्यालयहरूले गैरसरकारी संस्थाहरूलाई बजेट वितरण गरेको देखिएको छ ।

साथमा सिरहाबाट सुरेन्द्र कामती

खोज पत्रकारिता केन्द्रका लागि

संक्षिप्त समाचार

"नेक्सस इन्डियन एजुकेशन फेयर" सुरू

कैलाली । भारतका विभिन्न विश्वविद्यालयको शिक्षाबारे जानकारी दिन 'नेक्सस इन्डियन एजुकेशन फेयर' (शैक्षिक मेला) शुरू भएको छ । दुईदिने सो मेलामा राखिएका स्टलमा ती विश्वविद्यालयमा समावेश भई पढाइ हुने पाठ्यक्रमका साथै छात्रवृत्ति व्यवस्थाका विषयमा जानकारी दिइएको छ ।

प्रदेशसभा बैठक सञ्चालन नियमावली टेबुल

विराटनगर । प्रदेश नं १ को आजको प्रदेशसभा बैठकमा कार्य सञ्चालन नियमावली २०७४ मस्यौदा टेबुल भएको छ । मस्यौदा समितिका संयोजक लिलावल्लभ अधिकारीले उक्त मस्यौदा पेश गरेका थिए । मस्यौदा अध्ययनका लागि प्रदेशसभा सदस्यलाई उपलब्ध गराइएको छ ।

प्रदेश ५ को मन्त्रिपरिषद् विस्तार

रूपन्देही । प्रदेश नं ५ को मन्त्रिपरिषद् विस्तार भएको छ । मुख्यमन्त्री शंकर पोखरेलले सोमबार तीन सदस्य मन्त्री नियुक्त गरेर मन्त्रिपरिषद् विस्तार गरेका हुन् । प्रदेश नं ५ मा मन्त्रिमण्डलमा छ जना छन् । एमालेबाट रूपन्देहीका प्रदेशसभा सदस्य लीला गिरी (उद्योग, पर्यटन, वन, वातावरण र जलवायु) र बाँकेका आरती पौडेल (भूमि व्यवस्थापन, कृषि तथा सहकारी) तथा माओवादी केन्द्रबाट गुल्मीकासुदर्शन बराल (सामाजिक विकास) नियुक्त भएका छन् ।

वडासदस्य खाँको निधन

दिनेश ठाकुर, नेपालगन्ज । बाँके डुडुवा गाउँपालिका वडा नं. ३ का वडासदस्य तथा गाउँसभा सदस्य ४२ वर्षिय अलिउल्ला खाँको निधन भएको छ । छतवाट खसेर गम्भीर घाईते खाँलाई उपचारका लागि अस्पताल लैजादै गर्दा बाटो मै निधन भएको परिवारले बताएको छ । गाउँसभा सदस्य खाँको निधनले गाउँपालिका स्तब्ध भएको छ । गाउँपालिकाका अध्यक्ष नरेन्द्रकुमार चौधरी र ३ नंम्बर वडाध्यक्ष भण्डारीलाल यादवले शोक वक्तव्य जारी गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गरेका छन् । उनीहरूले खाँको निधनले गाउँपालिकालाई नै क्षति पुगेको भन्दै शोकको यस घडीमा मृत आत्माको चिर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनप्रति धेर्यधारण गर्ने शक्ति ईश्वरले प्रदान गरून् भन्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गरेका हुन् ।

आगलागीबाट बस्ती नै सखाप

सुनसरी । सुनसरीको वराहक्षेत्र नगरपालिका-११ इक्राही बस्तीमा आगलागी हुँदा बस्ती नै सखाप भएको छ । शनिबार राति भएको भीषण आगलागीबाट बस्तीमा रहेका ६२ परिवारको झण्डै ८२ वटा कर्कटपाता र फुसका घर जलेर नष्ट भएका छन् आगलागीमा बस्ती नै सखाप भएको तथा केही बालबालिका पनि सामान्य घाइते भएका छन् भने दुईवटा चौपाया जलेर मरेका छन् । बस्ती नै सखाप हुने गरी भएको आगोलाई इटहरी, धरान, इनरूवा र राजविराजबाट आएका चार बारूणयन्त्र तथा नेपाली सेना, सशस्त्र प्रहरी र जनपथ प्रहरी एवं स्थानीयवासीको सक्रियतामा राति १ बजेतिर आगोलाई पूर्ण नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय सुनसरीले जनाएको छ ।

आगलगीबाट तीन जनाको घर जल्यो

रौतहट । रौतहट जिल्लाको बौधिमाई नगरपालिका वार्ड नम्बर ६ पिपरिया परोहामा शनिबार दिउँसो आगलगी हुँदा तीन जनाको घर जलेर नस्ट भएको छ । स्थानीय मंजू देवीको फुसको तथा चाँद महमद मिया र ऐनुल मिया दर्जीको खपडा फुसको घर जलेर नस्ट भएको हो । घरमा रहेका लत्ता कपडा, फर्नीचर, अन्न लगायतको सामग्रीहरू पूर्ण रूपमा जलेर नष्ट भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । घटनामा मानवीय एवं चौपायाको कुनै क्षति भएको छैन । आगो कसरी लाग्यो भने खुल्न नसकेको र क्षतिको पूर्ण विवरण समेत आउन नसकेको प्रहरी नायव उपरीक्षक रामकुमार दानीले बताएका छन् । स्थानीय बासिन्दा र सुरक्षाकर्मीको सहयोगमा आगो नियन्त्रणमा आएको थियो । घटनामा पीडितहरूको ६ लाख मूल्य बराबरको क्षति भएको अनुमान गरिएको छ

मोटरसाइकल दुर्घटनामा एकको मृत्यु

मोरङ । उर्लाबारी नगरपालिका-६ किशान चोक नजिक मे.६ प ९९७० नम्बरको मोटरसाइकल दुर्घटनामा एक जनाको मृत्यु भएको छ । आइतवार मोटरसाइकल अनियन्त्रित भई सडकबाट करीव २० मिटर तल खसेर दुर्घटना हुँदा पथरी शनिश्चरे-१० भूटानी शरणार्थी शिविर सेक्टर ई हट नम्बर ५० बस्ने २५ वर्षीय पूर्णसिंह गुरूङको घटनास्थालमै मृत्यु भएको छ । मोटरसाइकल प्रहरीको नियन्त्रणमा रहेको छ ।

महिलाको शव जलाउन लैजाने पक्राउ

रौतहट । कुर्टपिटबाट मृत्यु भएकी महिलाको शव जलाउन लैजाने कटहरिया नगरपालिका-५ कटहरिया टोल बस्ने ५० वर्षीय भन्दु साह सहित ४ जनालाई प्रहरीले नियन्त्रणमा लिएको छ । सोही ठाउँ बस्ने ३५ वर्षीया राजकुमारी देवी सोनारको उनकै पति ४२ वर्षीय विजय साह सोनारले मंगलबार कुर्टपिट गर्दा मृत्यु भएपछि जलाउनको लागि वकैया घाट ल्याई राखेको अवस्थामा प्रहरीले उनीहरूलाई नियन्त्रणमा लिएको हो । कुर्टपिटमा संलग्न रही फरार रहेका विजयको खोजतलास गर्नुको साथै यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

राष्ट्रियसभा सदस्यका छोराको मृत्यु

जनकपुरधाम । राष्ट्रियसभा सदस्य तथा कांग्रेस नेत्री मुक्ता यादवका २२ वर्षीय छोरा रूपेश यादवको सडक दुर्घटनामा मृत्यु भएको छ । शुक्रबार साँझ ७ बजे पूर्व-पश्चिम राजमार्गको पोर्ताहा चोक सडकखण्डमा बा७३प ९५६० नंको मोटरसाइकल दुर्घटना हुँदा यादवको मृत्यु भएको हो । मोटरसाइकललाई पछाडिबाट टाटा सुमोले ठक्कर दिएर भागेको बताइएको छ । दुर्घटनामा मोटरसाइकलको पछाडि बसेका सिरहाका दिनेशकुमार यादव घाइते छन् ।

साइबर सुरक्षासम्बन्धी सम्मेलन सम्पन्न

नेपालगन्ज । कम्प्युटर एसोसिएसन महासंघको आयोजनामा नेपालगन्जमा प्रदेशस्तरीय साइबर सुरक्षा सम्मेलन सम्पन्न भएको छ । प्रदेशस्तरीय साइबर सुरक्षासम्बन्धी सम्मेलनका सहभागीले साइबर सुरक्षालाई राष्ट्रिय सुरक्षासँग जोडेर हेर्नुपर्नेमा जोड दिएका छन् । सम्मेलनमा सूचना प्रविधिको युगमा प्रविधिको प्रयोगमा देखिएका चुनौती तथा साइबर सुरक्षाका बारेमा विज्ञहरूले कार्यपत्र प्रस्तुतसमेत गरेका थिए । सम्मेलनमा प्रदेश ५, ७ र कर्णाली प्रदेशका विभिन्न जिल्लाका सुरक्षा अधिकारीको सहभागिता थियो ।

भाईको हत्या गर्ने पक्राउ

कैलाली । हँसिया प्रहार गरी आफ्नै भाईको हत्या गरेको अभियोगमा धनगढी उपमहानगरपालिका-१७ बस्ने १४ वर्षीय लोकबहादुर शाहलाई प्रहरीले पक्राउ गरेको छ । शाहले शुक्रबार आपसी विवादमा घरमा कोही नभएको अवस्थामा ८ वर्षीय भाई हर्क शाहलाई हँसिया प्रहार गर्दा गम्भीर घाइते भएकोले उपचारको लागि अस्पतालतर्फ लैजाने क्रममा बाटैमा मृत्यु भएको थियो ।

करेन्ट लागेर एकको मृत्यु

बाँके । डडुवा गाउँपालिका-४ हिर्मुनिया बस्ने मुहान खटिकको ९ वर्षीया छोरी दिट्टी खटिकको करेन्ट लागेर मृत्यु भएको छ । सोही ठाउँको खेतमा सिचाई गर्न लगाएको मोटरबाट शनिबार करेन्ट लागेर असक्त भएकी बालिकाको उपचारको लागि भेरी अंचल अस्पताल लैजाने क्रममा मृत्यु भएको हो ।

प्रहरी कार्यालय परिसरभित्रै आगलागी

वीरगन्ज । जिल्ला प्रहरी कार्यालय पर्सा परिसरभित्र आगलागी हुँदा नियन्त्रणमा राखेका अवैध चारपांग्रे गाडीमा आगलागि भएको छ । अवैध चारपांग्रे गाडीमा अकास्मिक आगो लाग्दा केही बेर जिल्ला प्रहरी कार्यालय भित्र नै कोलाहल मचिएको थियो । आगोलाई नियन्त्रण गर्न संघिय ईकाई प्रहरी र जिल्ला प्रहरी पर्साका प्रहरी जवानहरूले केहीबेरमा नै आगो लाई नियन्त्रण गरेका थिए ।

मधेशी दलले मधेशलाई बन्धक बनाएको छ

कपलेश्वर यादव

मधेशमा एउटा मात्र आन्दोलन भएको होइन। मधेश आन्दोलन तीन चरणमा भएको हो। यो आन्दोलनमा मधेशी जनताले कति अधिकार पाए, उनीहरूका माग कति सम्बोधन भयो भन्ने कुरा महत्वपूर्ण छ। कति अधिकार पाए, अझै कति बाँकी नै छ।

मधेशको राजनीतिलाई सहि दिशामा डोऱ्याएर लैजान सक्नुपर्छ। यावत समस्या, चुनौतीहरू त छँदै छ। यो मधेशमा आन्दोलन किन भएको भन्ने बुझ्न जरूरी छ। मधेशीहरू लोकतन्त्र, गणतन्त्र प्राप्तिको आन्दोलन, २००७ सालको राजनीतिक व्यवस्था परिवर्तनको आन्दोलनदेखि ०४६ सालको जनविद्रोह, ०४७ सालको आन्दोलन लगायतका राष्ट्रको परिवर्तनको लागि भएका हरेक आन्दोलनमा प्रशंसीय भूमिका निर्वाह गरेको छ। त्यस समयमा मधेशको ठूलो जनधनको क्षति भएको पनि छ। तर देशमा गणतन्त्र स्थापना भइसके पनि मधेशीहरूले फेरी किन विद्रोह गर्नु पऱ्यो ? यो राज्यसँग जोडिएको मधेश जुन अलग भू-भाग छ, जहाँबाट सम्पूर्ण देशलाई खाद्यन्न पुऱ्याएको छ। मधेशको देशको लागि त्याग, बलिदानी हुँदाहुँदै पनि गणतन्त्रपछि मधेशले अधिकार पाउनुपर्ने हो। ०६३ को अन्तरिम संविधानमा आम जनताको अधिकार समावेश गरिएको थिएन। जब हामीले संविधान जलायौँ तब हामीलाई प्रहरीले समात्यो र धेरै यातना दियो। त्यस समयमा मधेश आन्दोलन नहुँदो हो त त्यस बेला नै हामी शहिद बन्नु पर्ने अवस्था थियो। हामीले मधेश आन्दोलन गऱ्यौँ, मधेशले धुप्पै नेताहरू पनि जन्मायो र धेरै विद्वानहरू मधेशले जन्मायो। यो आन्दोलनको ठूलो उपलब्धी ठानेका छौँ। तर पनि हामीले आफ्ना पिर, समस्याहरू कसलाई राख्ने ? हामीले गरेको कामको मूल्यांकन कसले गर्ने ? पहाडको नेताले या मधेशको नेताले ? अहिलेको अवस्थामा यो चिन्ताजनक विषय रहेको छ। संघीयता, अधिकारको लागि जुन बलिदान युवाहरूले दिए, कति शहिद भए, कति घाइते भए। यस किसिमको बलिदानी जसरी युवाहरूले दिए त्यसबाट राजनीतिमा धेरै परिवर्तन आयो तर मधेशी नेताहरूले युवाहरूलाई सडकमा ल्याउनका लागि मात्र प्रयोग गरे।

> मधेशमा अहिले पनि एक किसिमको आन्दोलन भइरहेको छ। अहिले पनि मधेशमा पीडा छ, अझै पनि मधेशी जनता गुलामीको जन्जिरभित्र छ, यो कसको कारणले हो।

मधेश बिनाको लोकतन्त्र हुँदैन, मधेशबिनाको कुनै पनि विकास सम्भव छैन। मधेशले गरेको पटक-पटकको जनविद्रोह, पहिलो मधेश आन्दोलनले जुन अधिकार दिएको थियो, जुन समयमा परिवर्तनकारी शक्तिहरूको बहुमत थियो त्यस समयमा मधेशी जनताले अधिकार पाएन र फेरी मधेशीले आन्दोलन गर्नु पऱ्यो। आज देश संघीय राज्यको रूपमा घोषणा भएको छ। यो सब मधेश आन्दोलनको कारणले भएको हो। मधेशीले पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म आन्दोलन गऱ्यो। किनभने मधेशीले चाहन्थ्यो कि स्वायत्त मधेश एक प्रदेश होस्। सम्पूर्ण मधेशी जनता एकताको सूत्रमा बाँधेर समतामूलक समाज निर्माण गरेर यो देशमा बराबरीको अधिकार लिनुपर्छ। आज हामीसँग मधेश प्रदेश त छ तर सबैभन्दा कङ्गाल प्रदेश भएको छ। मधेशवादको नाममा मधेशी जनता एउटा पिंजडा, जन्जिरभित्र बाँधिएर बसेको छ। त्यो पिंजडाभित्र बाँध्ने काम मधेशवादी दलहरूले नै गरेको हो। यो ध्रुवसत्य हो।

मधेश एउटा परिवर्तनकारी सोचका साथ अगाडी बढेको छ। मधेशले धेरै नेताहरू जन्माइसकेको छ। सबै त होइन तर केही नेताहरूको कारणले मधेशमा गन्ध फैलिरहेको छ। त्यसैले मधेशको राजनीतिलाई सहि दिशातर्फ लैजाने जिम्मेवारी अब युवाको काँधमा आएको छ।

मधेश आन्दोलन भएको एक दशक पुगिसक्दा मधेशको राजनीतिमा युवाको स्तर के छ त्यो महत्वपूर्ण कुरा हो। मधेशवादी नेताहरूको कारणले गर्दा केही सिमीत युवाहरू नेताको परिजिवी भएर, आसेपासे भएर गुलामी गरिरहेका छन्। मधेशका आम जनता सक्षम युवा नेताको खोजीमा छ। मधेशीहरूले कंगाल हुनका लागि आन्दोलन गरेको होइन। सम्पन्न मधेश र समृद्ध नेपालको परिकल्पनाका साथ आन्दोलनमा होमिएको हो। आज देशमा जति पनि परिवर्तनहरू भएका छन् त्यो सबै मधेशीहरूको बलिदानीबाट सम्भव भएको हो।

१० वर्षपछि जब मधेशी समाजको चेतना र युवाको स्तर निर्माण भएको छ। नेतृत्व गर्ने अधिकांश युवा नेता गुलामीमा बाँच्न बाध्य भएका छन्। चारैतिरबाट भूमिरीमा फसेको स्थिति छ। म मेरै नेतृत्व हुनुपर्छ भन्दिन, जो सक्षम युवा छन्, उनीहरू अगाडि आउनु पर्छ र नेतृत्व लिनुपर्छ। हिजोका दिनमा जुन आन्दोलन गरेर हामीले परिवर्तनको आश गरेका थियौँ तर त्यो हुन सकेन। मधेशमा अहिले पनि एक किसिमको आन्दोलन भइरहेको छ। अहिले पनि मधेशमा पीडा छ, अझै पनि मधेशी जनता गुलामीको जन्जिरभित्र छ, यो कसको कारणले हो। मधेशमा रहेको यसप्रकारको जन्जिरलाई तोडेर आर्थिक क्रान्ति तर्फ लाग्नु पर्छ, मधेशी र पहाडीबीच समानता हुनुपर्छ, देशलाई समृद्धतर्फ लैजानुपर्छ। मधेशी, जनजाती, आदिवासी, दलित आदि समुदायलाई संख्याको आधारमा अधिकार दिएर समानताको अधिकार दिनुपर्छ र अबको आन्दोलन बौद्धिक आन्दोलन हुनुपर्छ। अबको आन्दोलनलाई नेतृत्व गर्ने क्षमतावान व्यक्ति हुनुपर्छ। यो देशको राजनीतिको नेतृत्व नै मधेशीले गर्नुपर्छ। मधेशीले गरेको नेतृत्व मधेशीको लागि मात्र होइन हिमाल, पहाड र तराईलाई एकताको सूत्रमा बाँधेर समानतामूलक समाजको बाटोमा देशलाई लैजाने काम मधेशी युवाले गर्नुपर्छ।

मधेशमा समृद्धि हुनका लागि केही समय अझै लाग्छ। त्यसकारण मधेशी जनता विकल्पको खोजीमा छ। हिजोका दिनमा मधेशी जनताले भावनामा बगेर भोट दिए पनि अबका दिनमा मधेशी जनता भावनामा बग्नुहुन्न। त्यसकारण अब आन्दोलन हुन्छ र यो देशमा नयाँ किसिमको क्रान्ति हुन्छ।

हिजोसम्म म फोरम लोकतान्त्रिकको विद्यार्थी संगठनको सभापति थिएँ र पार्टीको पनि केन्द्रीय सदस्य थिएँ। फोरम लोकतान्त्रिक चौथो पार्टीको रूपमा स्थापित भइसकेको थियो र एक किसिमको शक्ति प्राप्त भएको थियो। तर पार्टीलाई कांग्रेसमा लगेर मिसाइए पछि अहिलेसम्म एकता हुन सकेको छैन। त्यो एकता कता कता मैले महशुस गर्न सकिरहेको छैन।

वास्तवमा पार्टी मर्ज भएको हो। एकता र विलय भन्नु आ-आफ्नो बुझाईमा भर पर्ने कुरा हो।

(युवा यादवसँग गरिएको कुराकानीको आधारमा)

नेपालगञ्ज रेलमार्ग सर्भे सुरू

बाँके। भारतीय सहर रूपैडियादेखि बाँकेको कोहलपुरसम्म निर्माण गर्ने भनिएको नेपालगन्ज रेलमार्ग निर्माणको सर्भेको काम सुरू भएको छ। रेलमार्गको सर्भे गर्ने जिम्मेवारी पाएको भारतीय कम्पनी आरके टेक्नोले मंगलवार नेपालगन्जमा आएर सर्भेको काम सुरू गरेको हो। फाइनल सर्भेको काम सकिएपछि टोलीले प्रतिवेदन बुझाउने छ। नेपाल र भारत सरकारबीच नेपाल-भारत सीमा क्षेत्रमा पर्ने पाँच स्थानमा क्रस बोर्डर रेलवे लिंक निर्माणका लागि भएको सम्झौताअनुसार सर्भेको सुरूआत भएको बाँकेका प्रमुख जिल्ला अधिकारी रमेश केसीले बताए।

रूपैडिया हुँदै नेपालगन्जसम्म १२.८ किलोमिटर रेलमार्ग निर्माणमा भारत सरकारले सहयोग गर्ने सम्झौता गरेको छ। सम्झौतामा आवश्यकताअनुसार दुई किलोमिटर बढ्न वा घट्न सक्ने सर्त उल्लेख गरिएको छ। नेपालका प्रथम राष्ट्रपति डा. रामवरण यादव भारत भ्रमणमा गएका बेला नेपाल र भारतबीच सीमा क्षेत्रमा पाँच क्रस बोर्ड रेलवे निर्माण गर्ने सम्झौता भएको थियो। भारत सरकारले रूपैडियादेखि राभ्रा विमानस्थलसम्म रेलमार्ग निर्माणमा सहयोग गर्ने छ। राभ्रादेखि कोहलपुसम्मको रेलमार्ग नेपाल सरकारले गर्ने तयारी भइरहेको छ। राभ्रादेखि कोहलपुरसम्मको करिब १२ किलोमिटर रेलमार्ग निर्माणका लागि ५० करोड रूपैयाँ लाग्ने अनुमान गरिएको छ। सुरूआतमा भारतीय र नेपाली सर्भे इन्जिनियरले नेपालगन्ज जमुना चौकीको पूर्व हुँदै राभ्रासम्मको सर्भे गर्ने बताएको छ। नेपाल सरकारले नेपालगन्ज भन्सारदेखि तीन किलोमिटर पश्चिमतर्फ एकीकृत भन्सार चौकी निर्माण गर्दैछ। त्यो बाटो भन्सार चौकी हुँदै कोहलपुर पुग्नेछ। एकीकृत भन्सार चौकी निर्माण सकिएपछि सो मार्गबाट मालवाहक सवारी साधन आवातजावत हुनेछन्।

भारतीय सेनाद्वारा नेपाली सेनालाई घोडाघोडी हस्तान्तरण

चितवन। चितवन जिल्लाको भरतपुरस्थित सैनिक ईक्वाइन बृडिङ सेन्टरमा भारतीय सेनाद्वारा नेपाली सेनालाई सहयोग स्वरूप प्रदान गरेको विभिन्न जातका ७ वटा घोडाघोडीहरू भारतीय राजदूत मन्जीव सिंह पुरीले प्रधानसेनापति राजेन्द्र क्षत्रीलाई एक समारोहबीच हस्तान्तरण गरेका छन्। उक्त हस्तान्तरण कार्यक्रमको दौरान प्रधान सेनापति क्षत्रीले यस प्रकारको सहयोगबाट नेपाली सेना र भारतीय सेनाको परापूर्वकालदेखि रही आएको सुमधुर सम्बन्धलाई निरन्तरता दिन सहयोग पुग्ने विश्वास व्यक्त गरे। साथै, यस सहयोगले बृडिङ सेन्टरबाट उत्पादन भएका घोडाघोडीहरू नेपाल क्याभलरी, नेपालका मठमन्दिर र नेपाल प्रहरीलाई समेत उपलब्ध गराउने भएको हुँदा देशको आर्थिक व्यायभारमा समेत कमी आउने देखिएकोले भारतीय सेनाको यस कार्यबाट नेपाली सेनासँग अझ बढी सुमधुर सम्बन्ध कायम राख्न टेवा पुऱ्याउँदछ भन्दै भारत सरकार, भारतीय राजदूत तथा भारतीय सेनालाई धन्यवाद दिएका छन्। सो कार्यक्रममा प्रबन्धरथी उपरथी शशिचन्द्र बहादुर सिंह, मध्य पूतना हे.क्वा.का पूतनापति उपरथी प्रभुराम शर्मा, नं. ७ वाहिनी अड्डाका बाहिनीपति सहायक रथी रामनाथ शर्मा दुङ्गानाको समेत उपस्थित रहेको थियो। उक्त ईक्वाइन बृडिङ सेन्टरमा हाल ६३ वटा घोडाघोडीहरू तथा ५ वटा गधा रहेको र वार्षिक रूपमा १४-१५ वटा बच्चा घोडाघोडी उत्पादन गर्दै आइरहेको छ।

भारतीय प्रधानमन्त्री र चिनीयाँ राष्ट्रपति यसै वर्ष नेपाल आउने : परराष्ट्रमन्त्री

काठमाडौं। नवनियुक्त परराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवालीले सन् २०१८ मा नेपालमा उच्चस्तरीय अर्न्तराष्ट्रिय भ्रमण हुने बताएका छन्। उनले सन् २०१८ मा भारतीय प्रधानमन्त्री र चिनीयाँ राष्ट्रपति दुवै नेपाल आउने बताए। '२०१८ मा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी आउनुहुन्छ, र चिनीयाँ राष्ट्रपति सि जिनपिङ पनि आउनुहुन्छ, त्यसैगरि नेपालबाट पनि उच्चस्तरीय भ्रमण हुन्छ,' मन्त्री ज्ञवालीले भने। सन् २०१८ मा द्विपक्षीय उच्चस्तरीय भ्रमणहरू हुने भएकाले यो वर्ष नेपालको लागि महत्वपूर्ण हुने उनले बताए। उनले सन् २०१८ मा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी र चिनियाँ राष्ट्रपति सि जिनपिङ नेपाल आउने विश्वास दिलाए। उनले भने,'हामी अहिले द्विपक्षीय उच्चस्तरीय भ्रमणको तयारीमा जुटेका छौं, गृहकार्यहरू भइरहेका छन्, दुवै मित्रराष्ट्रबाट नेपालमा उच्चस्तरीय भ्रमण हुन्छ।'

हालै नेपाल भ्रमणमा आएकी भारतीय विदेशमन्त्री सुष्मा स्वराजमार्फत भारतीय प्रधानमन्त्री मोदीलाई नेपाल भ्रमणको निम्तो दिईएको र चिनियाँ राष्ट्रपति जिनपिङ सन् २०१६ मै नेपाल आउने तयारी गरेकोले २०१८ मा दुवै जना नेपाल आउने उनको भनाई थियो। त्यसैगरि नेपालका प्रधानमन्त्री केपी शर्मा ओलीले पनि विदेश भ्रमण चाँडै गर्ने सुनाए। उनले भने,'प्रधानमन्त्री ओलीको विदेश भ्रमणको गृह कार्यमा हामी जुटिसकेका छौं।' भारतले नेपालसँग नयाँ ढंगले सम्बन्ध विकास गर्न खोजेको सन्देश दिईसकेकोले आफूहरू त्यसप्रति पूर्ण सकारात्मक रहेको ज्ञवालीको भनाई थियो। उनले भने,'त्यही कुरामा टेकेर हामी पनि सम्बन्ध नयाँ उचाईमा पुर्याउंछौं, यो बीचमा द्विपक्षीय उच्चस्तरीय भ्रमणहरू हुन्छन, हामी गृहकार्यमा जुटिसकेका छौं।'

मैत्रीपूर्ण सम्बन्धलाई विश्वसनीय बनाउन जोड

काठमाडौं। गृहमन्त्री रामबहादुर थापाले नेपाल र भारतबीच मैत्रीपूर्ण सम्बन्धलाई आगामी दिनमा थप प्रगाढ र विश्वसनीय बनाउँदै लैजानुपर्नेमा जोड दिएका छन्। गृहमन्त्री थापासँग नेपालका लागि भारतीय राजदूत मञ्जीवसिंह पुरीले सोमबार गृह मन्त्रालयमा गर्नुभएको भेटवार्तामा उनले सुरक्षा निकायको तालीम, भौतिक सामग्रीलगायत नेपालको विकासमा गर्दै आएको सहयोगप्रति भारत सरकारलाई धन्यवाद व्यक्त गरे।

नेपाल र भारतका सुरक्षाकर्मीको संयुक्त गस्ती

काठमाडौं। सीमामा हुने अपराध नियन्त्रण गर्न सीमा क्षेत्रमा नेपाल र भारतका सुरक्षाकर्मीले बर्दियामा संयुक्त गस्ती सुरू गरेका छन्। दशगजा क्षेत्रमा नेपाल प्रहरी र भारतीय सीमा सुरक्षा बल (एसएसबी) ले संयुक्त गस्ती थालेका हुन्। नेपाल-भारत खुला सीमाना गरिने संयुक्त गस्तीले सीमा अपराध नियन्त्रणका सहयोग पुगेको सीमा क्षेत्रका सुरक्षाकर्मीको भनाई छ। मानव बेचबिखन, अवैध चोरी पैठारी र खुला सीमाना हुने अपराध नियन्त्रणमा संयुक्त गस्ती प्रभावकारी भएको सुरक्षाकर्मीको दावी छ।

उद्योग परिसंघको टोलीबीच भेटघाट

काठमाडौं। प्रधानमन्त्री केपी शर्मा ओली र नेपाल भ्रमणमा आएका भारतीय उद्योग परिसंघको टोलीले आज शिष्टाचार भेटघाट भएको छ। सो अवसरमा प्रधानमन्त्री ओलीले नेपाल अब समृद्धिको मार्गमा अगाडि बढेकाले नेपालमा भारतीय संयुक्त लगानी विस्तारका लागि सहयोग गर्न सिआइआईका अध्यक्षलाई आग्रह गरेका थिए। उनले मुलुकको समृद्धि नै आफ्नो प्रमुख प्राथमिकता रहेको स्पष्ट पार्दै दुवै देशका निजी क्षेत्रका प्रतिनिधिमूलक संस्था नेपाल उद्योग वाणिज्य महासंघ र भारतीय उद्योग परिसंघबाट नेपालमा भारतीय संयुक्त लगानी बढाउन नेतृत्वदायी भूमीका निर्वाह गर्न अनुरोधसमेत गरे।

भारतीय पर्यटन व्यवसायीलाई स्वागत

चितवन। चितवनको भ्रमणमा रहेका भारतीय पर्यटन व्यवसायीको टोलीलाई सौराहामा स्वागत गरिएको छ। भारतीय महावाणिज्य दूत विसी प्रधानको नेतृत्वमा आएको टोलीलाई क्षेत्रीय होटल संघ सौराहा, रेवान सौराहा, युनाईटेड हात्ती सञ्चालन सहकारी संस्था र निकुञ्ज जिप सफारी प्रा.लि.ले स्वागत गरेको हो। कार्यक्रममा क्षेत्रीय होटल संघ सौराहाका अध्यक्ष सुमन घिमिरेले भारतीय पर्यटकका आगमनका कारण चितवनको पर्यटन विकासमा ठुलो सहयोग पुगेको भन्दै उनले भारतीय पर्यटक नेपाल ल्याउन र नेपाली पर्यटक भारत लैजाने विषयमा दुई देशका पर्यटन व्यवसायी बीच सहकार्य आवश्यक रहेको बताए। कार्यक्रममा भारतीय महावाणिज्य दूत विसी प्रधानले चितवनको पर्यटन विकासको लागि भारत सरकार सहयोग गर्न तयार रहेको प्रधानले बताए। टोलीमा भारतीय पर्यटन व्यवसायी, पत्रकार, दुर अपरेटर एजेन्सीका सञ्चालकहरूको सहभागिता रहेको थियो। कार्यक्रममा संरक्षणकर्मी तथा पर्यटन व्यवसायी टिका गिरी, क्षेत्रीय होटल संघ सौराहाका निर्वतमान अध्यक्ष ज्ञान विष्ट, महासचिव राममणि खनाल, युनाईटेड हात्ती सञ्चालन सहकारी संस्थाका अध्यक्ष दिपक भट्टराई चरावित् टिका गिरी लगायत रेवान सौराहा र निकुञ्ज जिप सफारीका पदाधिकारी तथा सदस्यहरूको सहभागिता रहेको थियो। नेपाल भारत सम्बन्धलाई मजबुत बनाउनु को लागी पर्यटन व्यवस्थालाई नेपाल भारत एक भई अझै विकास तर्फ लैजाने नेपाल को लागी रहनु भएका भारतीय राजदूत महामहिम सञ्जीव सिंह पुरी ले एक कार्यक्रम को बिच बताए। भरतपुर महानगरपालिका र भारतीय महावाणिज्य दुतावास विरगंज को संयुक्त आयोजना मा भएको नेपाल भारत द्विपक्षीय पर्यटन प्रवंद्धन सम्बन्धि गोष्ठि सम्पन्न भएको छ। नेपाल भारत को सम्बन्धलाई र पर्यटन क्षेत्रको विकास तर्फ पुर्णः रूप ले सहयोग गरिने नेपालका लागि भारतीय राजदुत सिंह पुरीले गोष्ठि कार्यक्रम मार्फत जानकारी दिए।

डिएभी कलेज अफ म्यानेजमेन्टले अन्तर्राष्ट्रिय सम्मेलन गर्दै

ललितपुर। डिएभी सुशील केडिया कलेज अफ म्यानेजमेन्टले अन्तर्राष्ट्रिय सम्मेलनको आयोजना गर्ने भएको छ। आगामी मार्च २४ र २५ अर्थात चैत १० र ११ गते हुने सम्मेलनमा नेपाल सहित भारत, फ्रान्स र चीनका प्रोफेसरहरूले सम्बोधन गर्नेछन्। एमबिएको पढाईमा रिसर्च बढी हुने भएकाले यस सम्बन्धी कार्यक्रम गर्न लागिएको डिएभी कलेजका अध्यक्ष अनिल केडियाले बताए। दुई दिन सम्म चल्ने अर्न्तराष्ट्रिय सम्मेलनमा प्रविधि र जनशक्तिका बीचमा कसरी तालमेल गराउने भन्नेमा केन्द्रित हुने केडियाले उल्लेख गरे। अहिले क्रमशः प्रविधि तर्फ आकर्षित भइरहेको समयमा सबै काम प्रविधिले गरेपनि भावनात्मक सम्बन्ध स्थापित हुन नसकिरहेको तर्फ इंगित गर्दै उनले यसकालागि सम्मेलन फलदायी हुने बताए। अहिले नेपालमा सिद्धान्तको कुरा भन्दा पनि व्यावहारिक शिक्षाको कुरा चलिरहेकाले आगामी दिनमा दिगोरूपमा जनशक्तिको व्यवस्थापन गर्न सजिलो हुने विश्वास लिइएको छ। सम्मेलनमा अन्तर्राष्ट्रिय स्तरमा रिसर्च गरिरहेकाहरूबाट यो विषयमा नेपाली विद्यार्थीलाई जानकारी गराईने अध्यक्ष केडियाले जानकारी दिए।

"Time is Now: Rural and Urban Activists Transforming Women's Lives"

नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

सूचना विभाग

पत्रपत्रिकाबाट...

राष्ट्रपति सी र प्रधानमन्त्री मोदीको नेपाल भ्रमण

हरि लम्साल

नवनियुक्त परराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवालीले विदेश नीति सञ्चालनलाई गम्भीर रूपमा लिँदै सरकारले 'ग्रो-एक्टिभ' कूटनीति अवलम्बन गर्ने बताउँदै भने - 'हाम्रो प्राथमिकता दुई छिमेकी मुलुक भारत र चीनसँग आ-आफ्नै प्रकारको सम्बन्ध कायम गरेर अघि बढ्नु नै हो। छिमेकी देशहरूसँगको सम्बन्धलाई विस्तार गर्ने सरकारको नीति रहेको र दुवै छिमेकीसँगको सम्बन्धलाई सन्तुलित गर्नेभन्दा पनि राष्ट्रिय हितलाई सर्वोपरी ठानेर आ-आफ्नै प्रकारको सम्बन्ध राखेर अघि बढ्ने र नेपालप्रति विश्वास एवं सद्भाव बढाउनु पर्दछ। दुई छिमेकी सम्बन्धमा अविश्वास छन् भने पनि त्यसलाई समाप्त पार्नुपर्दछ। सम्बन्ध मजबुत पार्दै विकसितरूपमा अघि बढाउन सकिए नेपालको सार्वभौमसत्ता, स्वतन्त्रताको समेत रक्षा हुन्छ, हामी सार्क, विमस्टेकजस्ता क्षेत्रीय संगठनको अध्यक्षता गरिरहेका छौं। यसको काम पनि उत्तिकै सक्रिय बनाएर जान सक्नुपर्दछ। संयुक्त राष्ट्र संघलगायत बहुपक्षीय संस्थाहरूसँगको सम्बन्धलाई ध्यान दिएर नेपाल अघि बढ्नु पर्दछ भने ठूलो संख्यामा नेपाली युवा काम गर्ने खाडी मुलुकहरूसँगको सम्बन्धलाई सरकारले महत्व दिनुपर्दछ। वैदेशिक रोजगारीमा गएका युवाको कल्याण, सुरक्षा र हित पछिल्लो प्राथमिकता हुनु आवश्यक छ र कूटनीतिक नियोगलाई अझ सक्षम र चुस्त बनाइनु पर्दछ।'

चिनियाँ राष्ट्रपति सी जिनपिङ र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी दुवैको प्राथमिकतामा नेपाल रहेको उनीहरूकै सञ्चार माध्यममा आउने धारणा र शुभकामनाको हतारोले देखाइसकेको छ। नेपाल प्राकृतिक पानीढलोबाट उत्तरतिर लहसिन नदिन दक्षिणले प्रयत्न गर्नु अस्वभाविक होइन। चीनले पनि कम्युनिष्टहरूलाई एकगठ गर्दै नेपालमा पश्चिमा उपस्थिति कमजोर पार्ने रणनीति अवलम्बन गर्न खोज्नुलाई अनौठोरूपमा लिन मिल्दैन। तर, कम्युनिष्टमा नै पश्चिमा प्रभाव र चाप कति छ भन्ने चीनले नबुझेको पक्कै छैन। चीनले नेपालबाट पश्चिमलाई सन्देश दिन चारतिरबाट भारत वर्षलाई घेर्दै त्यहाँको बजारसमेत खोजिरहेको छ। भारत पनि चीनप्रति नरम व्यवहारमा उत्रिएको देखिन्छ। यस्तो अवस्थामा यी दुई मुलुकका कार्यकारीले नेपाल भ्रमण गर्ने सम्भावना प्रशस्त देखिएको छ। नेपालले आफ्नातर्फबाट त्यहिअनुरूपको तयारीमा जुट्नु आवश्यक छ।

२०७२ असोज ३ मा नेपालको संविधान जारीसँगै भारतको अघोषित नाकाबन्दीले चीनसँगै पारवहन तथा यातयात सम्झौता गरेका केपी शर्मा ओली पुनः शक्तिशाली प्रधानमन्त्रीको रूपमा आएका छन्। निर्वाचनमा वाम गठबन्धनले स्पष्ट बहुमत ल्यायो, संविधान जारीसँगै संविधानमा असन्तुष्टि देखाएर आन्दोलित बनेका मधेशी दलले समेत ओली नेतृत्वको सरकारलाई विश्वासको मत दिए। संसदमा तीन चौथाईभन्दा बढी मत लिन उनी सफल भए। ओली प्रधानमन्त्री हुने निश्चित भएपछि भारतीय प्रधानमन्त्री मोदीले टेलिफोन गरेर स्वागत गर्न आतुरता देखाउँदा उनले मोदीलाई नेपाल भ्रमणको निमन्त्रणा दिइसके। थाँती रहेको जनकपुर र मुक्तिनाथ भ्रमणका लागि मोदि आतुर छन्। विदेशमन्त्री सुष्मा स्वराजलाई नेपाल पठाएर भारतको चासो र प्राथमिकता स्पष्ट पार्दै बहुपक्षीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बंगालको खाडीको प्रयास (विमेस्टेक) को शिखर सम्मेलन नेपालले आगामी बैशाखमा गर्ने तयारी थालेको छ र त्यही सन्दर्भमा मोदीले नेपाल भ्रमण गर्न सक्ने सम्भावना रहेको छ।

त्यसैगरी भारतका प्रधानमन्त्री मोदीले भ्रमणअघि नै माओत्सेतुङपछि शक्तिशाली राष्ट्रपति बनेका सीलाई भारतको बजार पस्ने सहज पहुँच नेपाल हो। त्यसभन्दा पनि अन्तर्राष्ट्रिय कूटनीतिको 'क्रिडास्थल' का रूपमा नेपाललाई बुझेको चीनले छिमेकमा वाह्य प्रभाव नरहोस् र बलियो सरकार बनोस् भन्ने चाहना राख्छ। सीले आफ्नो मन्त्रीमण्डल फेरबदललगायत दलीय कार्यहरू सकेर अप्रिलमा विदेश भ्रमणमा निस्किँदा नेपालसमेत पार्नेमा वेइजिङस्थित नेपाली राजदूत दुक्क देखिन्छन्। यसबाट स्पष्ट छ, राष्ट्रवादी नेताको 'पगरी' समेत पाएका ओलीले मोदी र सीलाई नेपालमा स्वागत गरेरमात्र आफ्नो यात्रा अघि बढाएमा उनले कूटनीतिमा नयाँ मोड दिन सक्नेछन्। पाकिस्तानी प्रधानमन्त्री अब्बासीको नेपाल भ्रमणपछि होला त सी र मोदीको काठमाडौं यात्रा ? सन् २०१६ को नोभेम्बरमा नै सार्कको १९ औं शिखर सम्मेलनको तयारी गरिएको थियो, पाकिस्तानमा। तर, स्थगन भएको डेढ वर्ष कटिसक्दा पनि सार्कको मिति तय हुन सकेको छैन, त्यो पनि मिति तय हुन सक्ला ? सी र मोदीको भ्रमण तय भयो भने सार्क वा विमस्टेक भ्रमणताका अगाडी सीको भ्रमण हुन सक्छ। परराष्ट्रमन्त्री सक्षम बने भने यी भ्रमण अवश्यंभावी तय हुन सक्छन्।

अब्बासीको नेपाल भ्रमणभित्र लुकेको रहस्य

काठमाडौं। दक्षिण एसियाको संघीय मुलुक इश्लामिक गणतन्त्र पाकिस्तानका प्रधानमन्त्री शाहिद खकान अब्बासी पाकिस्तान एअर फोर्सको विमानद्वारा काठमाडौंमा अवतरित भए। नेपालमा नयाँ सरकार गठन भएलगत्तै पाकिस्तानका कार्यकारी प्रमुख विमानबाट उत्रदा त्रिभुवन विमानस्थलमा हावासँगै संशय र अनुमानको राजनीति र कूटनीति पनि चल्यो। सन् २०१६ सेप्टेम्बर १८ मा भारत प्रशासित कश्मिरको उरी गाउँमा अत्याधुनिक हातहतियारले सु-सज्जित चार उग्रवादीहरूले भारतीय सैनिक क्याम्पमा धावा बोल्दै १७ सैनिकको हत्यापछिको हमलामा पाकिस्तानको हात रहेको आरोप लगाउँदै भारतले त्यसै वर्षको नोभेम्बरमा इश्लामावादमा तय भएको १९ औं सार्क शिखर सम्मेलनमा भाग नलिने भन्दै सहभागिता रद्द गरेपछि अफगानिस्तान, बङ्गलादेश र भूटानले समेत सम्मेलनका लागि असमर्थता प्रकट गरेपछि शिखर सम्मेलनका निम्ति सार्कका सबै सदस्य राष्ट्रहरूको सहमति अनिवार्य भएकाले त्यसयता सम्मेलनको अर्को मिति तय हुन सकेको छैन। पाकिस्तानलाई आतंकवादी 'स्वर्ग' का रूपमा प्रचार गर्दै भारतले अन्तर्राष्ट्रिय कूटनीतिक मञ्चहरूमा एकत्याउने प्रयास त जारी राखेकै छ, सँगै सार्कभन्दा विमस्टेक प्रवर्द्धन गर्ने र विकल्पमा बङ्गलादेश, भूटान, भारत र नेपाल (बीबीआईएन) सम्मिलित छट्टै मञ्च निर्माण गर्ने प्रयास पनि गर्दै आएको छ।

सार्क शिखर सम्मेलन स्थगन भइरहनु र अर्कोतिर भारतले विकल्पका निम्ति युद्धबाहेकका सबै मोर्चा खोल्नुबाट १९ औं सार्क सम्मेलनको आतिथ्य मुलुक पाकिस्तानका निम्ति पनि कुनै न कुनै रणनीतिक पहलकदमी चाल्नैपर्ने बाध्यत्मक अवस्था थियो। नेपालमा भारतको 'गुड बुक' मा नरहेका केपी शर्मा ओलीले प्रचण्ड बहुमतका साथ सत्तारोहणले पाकिस्तानलाई साइत जुराइदियो। पाकिस्तानका लागि 'नयाँ सरकार प्रमुखलाई बधाई' भन्नु जति श्रुतिमधुर हुनसक्छ, त्यति नै भारतीय नाकाबन्दीबाट बिच्किएको मुलुकको नेतृत्वतहको नाडी छाम्ने मौका। त्यसैले प्रधानमन्त्री अब्बासीले करिब १८ घण्टे नेपाल बसाइलाई राष्ट्रपतिसँगको समुहगत वार्ता र 'वान टु वान' देखि माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालसँगको भेट र मिडियासँग अन्तवार्तासम्ममा सदुपयोग गरे। भारतले पाकिस्तानलाई आतंगवादीको आश्रयस्थलका रूपमा प्रचार गरिरहँदा अब्बासीले चाहि पाकिस्तान स्वयं आतंकवादको चपेटामा परेको र आतंकवादसँग जुझिरहेको बताउन नछुटाउनुबाट उसले पनि क्षेत्रीय मञ्चमा भूमिका खोजिरहेको प्रष्ट हुन्छ। भ्रमणको समयमा पाकिस्तानी प्रधानमन्त्री अब्बासीले दुईपक्षीयभन्दा पनि क्षेत्रीय, भारत-पाक र चीनसँग सम्बन्धित विषयहरू जोडतोडका साथ उठाए। यद्यपि दुईपक्षीय सम्बन्ध पनि अगाडी बढ्ने संकेत देखिएका छन्।

क्षेत्रीयबाहेक अन्य केही दुईपक्षीय विषयलाई समेत पाकिस्तानले अगाडि बढाउन खोजेको देखिन्छ। नेपाल र पाकिस्तानबीचमा सन् १९६२ मा नै व्यापारसम्बन्धी सम्झौता भएको थियो। त्यसैगरी सन् १९८२ मा दुई मुलुकबीच एक सहमति भयो र एक मुलकले अर्कोलाई 'मष्ट फेवर' मुलुकको दर्जा दिए। भौगोलिक कठिनाई भारतले पारवहन अधिकार नदिएका कारण दुईपक्षिय व्यापार नगन्य रहेको पाकिस्तानको बुझाई छ। सन् १९८३ मा नेपाल-पाकिस्तान जोइन्ट इकोनोमिक कमिशन स्थापना भएको थियो। अर्थमन्त्री तहको उक्त कमिशनको छैठौं बैठक सन् २००९ मा दुई मुलुकबीचमा पर्यटन क्षेत्रमा सहकार्यसम्बन्धी सम्झौता भएको थियो। सन् २०१६ मा ३ हजार ५ सय पाकिस्तानीले पर्यटकका रूपमा नेपाल भ्रमण गरेका थिए। एक अन्तर्वार्तामा अब्बासीले भनेका थिए - 'पाकिस्तानमा महत्वपूर्ण बौद्ध धार्मिक स्थलहरू छन्, जुन नेपालका बौद्धमार्गीका निम्ति तीर्थाटनका क्षेत्रहरू हुन सक्छन्। सरकारले व्यापार सम्भावनाहरूलाई पनि प्रोत्साहन र सहजीकरण गर्न सक्नेछ।'

सार्क सम्मेलन नहुनुमा भारत र पाकिस्तानले एक-अर्कालाई आरोप लागाईरहेका छन्। अध्यक्षको हिसावले नेपालले भारतसँग कुरा गर्नुपर्ने अपेक्षा राखेको छ। दक्षिण एसिया मामिलाका जानकार निश्चलसाथ पाण्डेले भने - 'पाकिस्तानका प्रधानमन्त्रीको भ्रमणले के देखाएको छ भने सकेसम्म छिटो सार्क सम्मेलन सम्पन्न गर्न अध्यक्ष मुलुकका हिसावले नेपालल प्रभावकारी भूमिका खेल्नु आवश्यक छ। भखँरै गठन भएको सरकार लामो समयसम्म टिक्ने भएकाले नयाँ सरकारसँग सहकार्य गर्न अन्तर्राष्ट्रिय समुदाय इच्छुक छ भन्ने सन्देश पनि यो भ्रमणले दिएको छ।' अब्बासीको भ्रमणबाट नेपालले तत्कालै पर्यटकिय वा व्यापारिक लाभ उठाउन नसक्ने, तर आत्मविश्वास भने पक्कै उकास्न सक्छ। तर, पाकिस्तानले पनि चाहे झैं काउण्टर वेट प्राप्त गरेको छ। सार्क मुलुकहरूले १९ औं सार्क सम्मेलन गर्न सफल भएभने यी मुलुकहरूको समुन्नति हुने विश्वास गरिन्छ।

–राष्ट्रवाणी साप्ताहिकबाट

क्यान्सर

शरीरमा अनियन्त्रित रूपमा कोषहरूको असमान्य बृद्धि हुनुलाई क्यान्सर भनिन्छ। यो सरूवा रोग होइन।

क्यान्सर रोग चेतावनीका चिन्हहरू :

- स्तनमा गिर्खा आउनु/गाँठागुँठी आउनु।
- मुसा, कोठीमा परिवर्तन आउनु।
- पाचनकृया र दिशा गर्ने बानीमा बारम्बार परिवर्तन आउनु।
- लामो समयसम्म खोकी लाग्नु र स्वर परिवर्तन हुनु।
- महिनाबारीमा धेरै रगत बग्ने अथवा अनियमित रगत बग्ने।
- अन्य शरीरको भागबाट अनियमित रगत बग्ने।
- कुनै घाउ वा सुजन निको नहुने।
- शरीरका कुनै पनि अंगको कोषमा अनियन्त्रित बृद्धि हुन गई क्यान्सर हुन सक्दछ।

तसर्थ क्यान्सर रोग लागेको शंका लागेमा तुरून्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखी उपचार बारे आवश्यक जानकारी लिनु पर्दछ।

जिल्ला जनस्वास्थ्य कार्यालय, काठमाडौं, टेकू

पि.पि.आर रोगबारे सूचना

पि.पि.आर. रोग भेडा/बाखामा लाग्ने संक्रामक रोग हो। यो रोगले अत्यधिक भेडा/बाखाको मृत्यु हुनजान्छ। रोगबाट भेडा/बाखालाई बचाउन किसानलाई निम्न उपायहरू अवलम्बन गर्न अनुरोध गरिन्छ :-

- आफूले पालेका भेडा/बाखासँग खरिद भएका वा बाहिरबाट ल्याएका भेडा/बाखालाई कम्तिमा दश दिनसम्म नमिसाई अलग्गै राखौं।
- भेडा/बाखालाई पि.पि.आर. रोग विरूद्धको खोप लगाऔं।
- भेडा/बाखामा पि.पि.आर. रोगको लक्षण देखिएमा नजिकको पशु सेवा निकाय वा जिल्ला पशु सेवा कार्यालयमा सम्पर्क राखौं।

नेपाल सरकार
पशुपंक्षी विकास मन्त्रालय
पशु सेवा विभाग
पशु स्वास्थ्य निर्देशनालय
त्रिपुरेश्वर, काठमाडौं
फोन :- ०१४२६१५६९/०१४२६११६५

जिल्ला समाचार

जिपि कोइरालाको स्मृति दिवस मनाइयो

कपिलवस्तु। पूर्वप्रधानमन्त्री एवं नेपाली राजनीतिका शिखर पुरूष स्वर्गीय गिरिजाप्रसाद कोइरालाको ८औं स्मृति दिवस कपिलवस्तुसहित देशभर मनाइएको छ। कांग्रेस कपिलवस्तुले चन्द्रैटामा एक अन्तर्कक्षा कार्यक्रम गरी कोइरालाको स्मृति दिवस मनाएको हो। कार्यक्रममा बोल्दै जिल्ला नेताहरूले सशस्त्र जनयुद्धलाई रोकेर तत्कालिन माओवादीलाई शान्ति प्रक्रयामा ल्याउने र २०६२।६३ सालको आन्दोलनमा राजतन्त्र हटाएर गणतन्त्र स्थापन गर्ने जस्तो कार्यले लोकतन्त्र स्थापना र संस्थागत विकासमा कोइरालाको अतुलनिय योगदान रहेको नेताहरूले बताएका छन्। एकता, मेलमिलपा, सहकार्य जस्ता सिद्धान्तमा अडिग रही नेपालको राजनीतिक र विकासमा परिवर्तन ल्याउने तथा बोलेका कुराहरू व्यवहारमा ल्याउने जस्ता कार्य कोइरालाले गरेको कारण नेपालमा शान्ति, संविधान तथा विकास र परिवर्तन भएको नेताहरूले औल्याएका थिए।

कविता संग्रह "मधुरस" विमोचित

वीरगन्ज। वीरगन्ज भन्सार कार्यालयका कर्मचारी लीला बल्लभ नेपालद्वारा रचित कविता संग्रह "मधुरसु" को विमोचन कार्यक्रम भन्सारकै सभा हल कर्मचारी मिलन केन्द्रमा शनिवार सम्पन्न भएको छ। कविताका विभिन्न पक्षमा कलम चलाउन सक्षम नव कवि नेपालले व्यक्ति, परिवार, समाज तथा सिंगो देशलाइ नै सकारात्मक परिवर्तनको दिशामा अग्रसर गराउने अभियानका साथ कविता संग्रह त्रयना गरेका हुन्। उक्त विमोचन कार्यक्रम प्रमुख भन्सार अधिकृत सेवन्तक पोखरेलको प्रमुख आतिथ्य तथा भन्सार अधिकृत पुष्करनाथ उप्रेतीको अध्यक्षतामा सम्पन्न भएको थियो। विभिन्न स्थानीय भाषाहरूको प्रभावले नेपाली भाषा ओझेलमा पर्दै गएको परिपेक्षमा प्रदेश नं २ को वीरगञ्जमा यस्ता साहित्यिक पुस्तकहरूको विमोचन कार्यक्रमले नेपाली भाषा तथा साहित्यलाई थप उचाइ प्रदान गर्ने देखिएको छ।

प्राधानाध्यापकलाई सम्मान तथा विदाई

राकेश यादव, रौतहट। रौतहट जिल्लाको बौधिमाई नगरपालिका वार्ड नम्बर ८ सरमूजवामा अवस्थित श्री प्राथमिक विद्यालयको आयोजनामा सम्मान तथा विदाई कार्यक्रम शुक्रबार सम्पन्न भएको छ। सेवा निवृत भएका विद्यालयमा कार्यरत प्राधानाध्यापक प्रेमलाल ठाकुरको विदाई गर्नका लागि आयोजित कार्यक्रमको सम्बोधन गर्दै नगर प्रमुख राजीव रंजन यादवले सेवाबाट अवकाश लिएका प्राधानाध्यापक ठाकुरको अधुरो सपना पूरा गर्ने प्रतिवद्धता जनाएका छन्। प्रमुख अतिथिको आसन्नबाट सम्बोधन गर्दै प्रमुख यादवले शिक्षाको सुधार प्रमुख प्राथमिकता रहेको बताउँदै अभिभावकहरूले विद्यालयप्रति चासो देखाउनु पर्ने आवश्यक भएको बताए। शिक्षक, विद्यालय व्यवस्थापन समितिले मात्र विद्यालय र शिक्षामा सुधार हुन नसक्ने उनको कथन रहेको थियो। २०७७ साल कार्तिक १० गतेमा शिक्षा सेवामा प्रवेश गरेका ठाकुरले उमेरको हदको कारण २०७४ माघ २८ गते सेवाबाट अवकाश भएका छन्।

नेपाल-भारतमैत्री क्रिकेट टुर्नामेन्ट

इमरान खान, कपिलवस्तु। कपिलवस्तु जिल्लाको कृष्णनगर नगरपालिकाको चैपुरवामा नेपाल युवा क्लव कपिलवस्तुले नेपाल भारत मैत्री क्रिकेट टूर्नामेन्ट आयोजना गरेको छ। उद्घाटन समारोहमा प्रमुख अतिथि कृष्णनगर नगरपालिकाको उपमेयर सवनम खातुन तथा अतिथिहरूमा कृष्णनगर यतायात समिति अध्यक्ष एवम नेकपा माओवादी केन्द्रका नेता जावेद आलम खाँ, विजयनगर गाउँपालिका अध्यक्ष गोपाल थापा, ईलाका प्रहरी कार्यलय कृष्णनगरका स.ई चन्द्र प्रसाद शर्मा, युवा संघका अध्यक्ष लोकेश थापा, समाजसेवी नूरमोहम्मद मुसलमान,वसीम पठान, तुफेल अहमद खा,दीपक उपाध्यया लगायतको उपस्थिति थियो। यस क्रिकेट टूर्नामेन्टको उद्घाटन जावेद आलम खाँले गरेका थिए। उद्घाटन खेलमा छिमेकी राष्ट्र भारतको उत्तर प्रदेशको सिद्धार्थनगर जिल्लाको कोटिया बाजारको टीम र कपिलवस्तु जिल्लाको गोरूसिघेको टीम बीच प्रतिस्पर्धा भएको छ। कार्यक्रमकै क्रममा सेन्जूस इंग्लिस सेकेन्डी स्कूल कृष्णनगरका विधार्थीहरूले नेपाल र भारतको राष्ट्रगीत प्रस्तुत गरेका थिए।

पदाधिकारीद्वारा शपथ ग्रहण

वीरगंज। वीरगंज महानगरपालिका न्यायिक समितिका पदाधिकारीहरूले शपथ ग्रहण गरेका छन्। वीरगंज महानगरपालिकाका नगर प्रमुख (मेयर) विजय कुमार सरावगीले आइतवार एक समारोहबीच समितिका संयोजक नगर उपमेयर शान्ति कार्की, नगर कार्यपालिका सदस्य अरविन्द गुप्ता र वैजन्ति मालालाई शपथ ग्रहण गराएका थिए। वीरगंज महानगरपालिकाको सभा कक्षमा गराइएको शपथ ग्रहण कार्यक्रममा नगरका सम्पूर्ण वडा अध्यक्ष, कार्यपालिका सदस्य तथा विभिन्न शाखाका अधिकृतहरूको उपस्थिति रहेको थियो। शपथ ग्रहण गर्दै पदाधिकारीहरूले महानगरपालिका, मुलुक र सम्पूर्ण जनताप्रति नै पूर्ण वफादार रही सत्य र निष्ठापूर्वक ईश्वर, देश, जनताका नाममा शपथ लिएका थिए। उनीहरूले नेपालको संविधान र स्थानीय सरकार संचालन ऐन २०७४ तथा अन्य प्रचलित कानूनप्रति पूर्ण वफादार रही वीरगंज महानगरपालिकाको न्यायिक समितिको सदस्य पदको कामकाज प्रचलित कानूनको अधिनमा रही काम गर्ने प्रतिवद्धता व्यक्त गरेका थिए। शपथ ग्रहणपछि उपमेयर शान्ति कार्कीले महानगरपालिका कार्यालयमा छिट्टै न्यायिक बेन्चको स्थापना गरी सम्पूर्ण न्यायिक कार्यहरूलाई तीब्रता दिने बताइन्।

सार्वजनिक शौचालयमा ताला

राम नारायण पंडित, सिरहा। सिरहाको मिचैयामा रहेको सार्वजनिक शौचालय संचालन नहुँदा सर्वसाधारणलाई सास्ती भोग्नु परेको छ। मिचैया नगरपालिका वडा नं. ६ मा रहेको पक्की सार्वजनिक शौचालाय व्यवस्थापनको अभावमा अझै सञ्चालनमा आउन सकेका छैन। मिचैया नगरपालिका खुल्ला दिसामुक्त क्षेत्र घोषणा भएपनि व्यस्त बजार कटारी चौकमा बनाइएको शौचालयमा ताला लागेको छ। यात्रुहरूको चाप हुने स्थानमा सुविधाका लागि बनाइएको शौचालयमा सरोकारवालाको चरम लापरवाहीका कारण ताला झुन्डिंदा यात्रुहरूलाई आपत पर्ने गरेको छ। शौचालय निमाण भएको महिनौ बित्दा पनि सञ्चालन आउन सकेको छैन। शौचालय प्रयोगविहीन भएपछि बजारमा व्यापार व्यवसाय गर्नेदेखि लिएर बाहिरबाट मिचैया विभिन्न कामले आउनेहरूलाई असहज हुने गरेका छन्।

सुकुम्वासी समस्या समाधान गरिने

चन्द्रकान्त खनाल, रूपन्देही। जिल्ला बसोवास व्यवस्थापन समिति रूपन्देहीले एक वर्ष भित्रमा रूपन्देहीमा अव्यस्थित तथा सुकम्वासी क्षेत्रको समस्या समाधान गर्ने दावी गरेको छ। समितिले बुटवलमा पत्रकार सम्मेलन गरी नेपाल सरकार, स्थानिय तहहरू, राजनितिक दल, सरकारी कार्यालय सहित सरोकारवालाहरको सहयोग भएमा एक वर्ष भित्रर समस्या समाधान गर्ने दावी गरेको हो। सम्मेलनमा बोल्दै समितिका अध्यक्ष हरी बहादुर आचार्य क्षेत्रीले बुटवलको वडा नम्बर २,६,११,१२,१३ र १७ सैनामैनाको ३ र ४, देवदहको चरगे र गणेशनगर , तिलोत्तमाको वडा नम्बर ८ र ३ तथा कञ्चन गाउपालिकालाइ प्रथमिकतामा राखि तत्काल काम सुरू गर्ने बताए। आचार्यका अनुसार रूपन्देहीमा करीब ८० हजार जनसंख्या सुकम्वासी र अव्यवस्थित बसोवासमा रहेको छ।पत्रकार सम्मेलनमा समितिका सदस्य अधिवक्ता कृष्ण प्रसाद पोखेलले समितिले काम गर्ने तरिकाका सम्बन्धमा जानकारी गराए।

राजमार्ग मर्मत नहुँदा दुर्घटनाको जोखिम

राम नारायण पंडित, सिरहा। पुर्वपश्चिम महेन्द्र राजमार्ग अन्तर्गत सिरहाको विभिन्न स्थानमा सडक मर्मत नहुँदा दुर्घटनाको जोखिम बढ्दै गएको छ। देशकै मुख्य राजमार्गको रूपमा रहेको यस मार्गमा सडकको विभिन्न स्थानमा रहेको खाल्डाखुल्डी समेत नपुरिदाँ सवारी साधन आवागमनमा असहज भईरहेकाले दुर्घटनाको जोखिम बढेको चालकहरूले बताएका छन्। दैनिक हजारौ सवारी साधन आवागमन गर्ने राजमार्ग नै भत्केर कुरूप बन्दापनी सम्बन्धित सरोकारवाला पक्षको ध्यान जान नसकेको स्थानियको आरोप छ। असार-साउन महिनाको अवरिल वर्षाका कारण मिचैयामा भत्केका सडकको झन्डै ८ महिना बितेपनि टालटुल समेत हुन सकेका छैन्। खासगरी पुर्वमा मिचैयाको मटियर्वा चौकदेखि पश्चिममा सल्हेश चौकसम्म रहेका खाल्डाखुल्डीका कारण राजमार्गको अवस्था अस्तव्यस्त बनेको छ। मिचैयाको मटियर्वा चौक, थाना चौक, कटारी चौक र पश्चिम बस स्टेन्डमा रहेका ठुल-ठुला खाल्डाखुल्डीले पैदल आवतजावत गर्न समेत समस्या भइरहेका छन्।

एउटा विदेशी नियोगले नेपालको कुनै जाति विशेषलाई 'आरक्षण' नदिनु भन्ने आपत्तिजनक उर्दी जारी गरेको सुनियो । हामी नेपाली जनता स्वयंले बनाएको संविधानमा कतै 'आरक्षण' शब्द छैन । त्यहाँ 'समानुपातिक समावेशी प्रतिनिधित्व' मात्र छ, जुन बिल्कुल सही छ । गुड र गोबर नचिन्नेले थुतुनो नचलाएकै वेश । **डा. बाबुराम भट्टराई**

टीकापुर घटना तथा रेशम चौधरीको प्रकरणमा देशलाई भावनात्मक आधारमा अदालत र जनमतलाई ध्रुवीकरण गर्नु उचित होइन । बरू सरकार समक्ष रहेका २ वटा छानविन प्रतिवेदनलाई सार्वजनिक गरियोस् अनि, यस मुद्दालाई संक्रमणकालीन न्याय सम्पादनको श्रेणीमा राखियोस् । समाधान तिर जाउँ । **जेपी गुप्ता**

ठूला दलका सनातनी शासक खलकका लाठेहरू आफैंले संघीयतालाई शैशवकालमै मार्न चाहेजस्तो देखियो । आवश्यक कानुन, संरचना, श्रोतसाधन र कर्मचारीबिना प्रदेश सरकार निस्तेज बुझ्याचा भए । नेका, एमाले र माकेका नाइकेहरू हिजोसम्म मानौं कुम्मकर्णे निन्द्रामा लट्ट थिए र नै त यो दुगर्ती देख्नुपरो । **खंग्रेन्द्र संग्रौला**

खस र आर्यका सम्बन्धमा युरोपियन युनियनको टिप्पणी दुर्भाग्यपूर्ण छ । यसले नेपाली समजमा बन्दै गरेको जातीय एकता र साम्प्रदायिक सद्भावमा गम्भीर असर पर्न सक्छ । स्वयं ईयुको नियतमाथि समेत प्रश्न उठ्न सक्छ । यो निष्कर्षलाई फिर्ता लिनु नै वेस हुन्छ । **योगेश भट्टराई**

जब जब अधिकार र विभेदको विरूद्ध प्रश्न तेर्सिन्छ शासक वर्ग तर्सिन्छ र सत्य स्वीकार्नुको साट्टो राष्ट्रियता माथिको खतरा र हस्तक्षेप मात्रै देख्दछन् वा देख्ने ढोंग गर्दछ । मैथिलीमा एउटा भनाई छ– *झेलिया क राजबजै नीक* त्यहि भनाई अहिले चरितार्थ हुँदैछ । **रिता साह**

देशमा पहिलो पटक भर्खर प्रदेश सरकारहरू बनेका छन् । नयाँ ठाउँमा प्रदेशका राजधानीहरू बनाइएका छन् । त्यसैले अहिले नै मुख्यमन्त्रीहरूले यो छैन उ छैन भनेर गुनासो गर्ने होइन । सबै कुरा व्यवस्थित हुन केही समय त लाग्छ नै । **डा. गोविन्द थापा**

नेपाली संविधानले अँगिकार गरेको समावेशीताको प्रयोगसम्बन्धी युरोपेली संघको एउटा सामान्य सुझावले प्रभावशाली ज्ञवाली, भट्टराई, भुर्तेल, काजी, थापा, महत, घिमिरे, रेस्मी सरहरूको मात्र निद्रा हराम भएछ । अन्य समूहहरूले खासै वास्ता गरेनछन् । किन होला ? कति ठूलो संयोग । **नारायण सिन्धुलिया**

गिरिजाप्रसाद कोइरालाको स्मृति दिवसको दिन यति मात्र इच्छा, देशको प्रधानमन्त्रीको हैसियतमा कोइरालाले मधेशी नेतासँग गरेका लिखित सहमति र मधेशी जनतासँग गरेका मौखिक सहमति मधेशी जनभावना अनुरूप कार्यान्वयन गरियोस् । तात्कालीन प्रधानमन्त्री गिरिजा बाबूको हस्ताक्षरको सम्मान गरियोस् । **स्नेहा झा**

जनकपुरमा निधिलाई हराएर राजेन्द्र महतोलाई कसले जितायो राष्ट्रवादी महोदयहरू ? ओलीले महतोलाई जितायका होइनन् र ? ओली र महतोको अतिवाद एक ठाउँ भएको होइन र ? हामीले त्यसै खोक्रो राष्ट्रवाद भनेका होइनौं । **मनिता घिमिरे**

८०% प्रत्यक्ष चुनाव लड्ने र जिल्ले खस आर्य समुदायलाई आरक्षण दिने हो भने यो राज्य कहिले पनि समावेशी हुने सक्दैन । यो इयूले भने पनि नभने पनि, राज्य समावेशी बनाउने हो भने आगामी चुनाव अगाडी खस आर्य समुदायलाई दिएको आरक्षण खारेज हुनैपर्दछ । **प्रदिप परियार**

प्रधानमन्त्री यही महिना भारत जाने

काठमाडौं । प्रधानमन्त्री केपी शर्मा ओलीले चैत अन्तिम साता भारत भ्रमण गर्ने भएका छन् । परराष्ट्र मन्त्रालयका अनुसार चैत अन्तिम साता प्रधानमन्त्री ओली दिल्ली जान लागेका हुन् । परराष्ट्र मन्त्री प्रदीप ज्ञवालीका अनुसार चैतको अन्तिम साता भ्रणमको कुरा भइरहेको भएपनि मिति टुङ्गो लागेको छैन । उनले दुईपक्षीय कुराकानीका आधारमा भ्रमणको मिति टुङ्गो लाग्ने बताए । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले प्रधानमन्त्री नियुक्त भएपछि ओलीलाई बधाई दिँदै भ्रमणको निम्तो दिएका थिए । ओली प्रधानमन्त्री चयन हुनुअघि उनकै निमन्त्रणामा भारतीय विदेश मन्त्री सुष्मा स्वराज नेपाल आएकी थिइन् ।

नेपाल-भारत आईजीसी बैठक अप्रिल २४ देखि

काठमाडौं । वाणिज्य सचिव स्तरीय नेपाल-भारत समिति (आईजीसी)को बैठक आगामी अप्रिल २४ देखि २७ सम्म पोखरामा हुने भएको छ । नेपाल-भारत बीचमा रहेको वस्तु आयत निर्यातमा केही समस्या रहेको भन्दै सरकारी तथा गैरसरकारी पक्षबाट कुरा उठेपछि उक्त बैठक वस्न लागेको हो । नेपालले उक्त बैठकमा आयत निर्यातमा देखिएको समस्यालाई सम्बोधन हुने नीति नै निर्माण गर्ने गरी प्रस्ताव पेश गर्न लागेको छ । बैठकमा अदुवा निर्यातमा देखिएको समस्यादेखि नेपालबाट भारत जाने कृषि उत्पादनका वस्तुलाई निःशुल्क भन्सारमा भित्रयाउने नीतिलाई निरन्तरता दिनुपर्ने विषय उठान हुने भएको हो । भारतबाट भित्राइने गरेको एलपी ग्यासमा भारतीय बुलेटको मात्रै प्रयोग भइरहेकाले नेपाली बुलेटको समेत प्रयोग गर्ने प्रस्ताव उक्त बैठकमा लाने भएको हो । सिमेन्टका लागि चाहिने क्लिङ्ग आयतमा देखिएको समस्यालाई पनि दीर्घकालिन रूपले समाधान गर्न उक्त बैठकमा विषय उठान गर्ने वाणिज्य मन्त्रालयले जनाएको छ ।

ओलीले मधेशी...

सरकारमा सहभागि भएका थिए । प्रचण्ड प्रधानमन्त्री पदमा नौ महिनासम्म बसे तर मधेशको कुनै पनि माग पूरा भएन ।

त्यस पछि बनेको माधव कुमार नेपालको नेतृत्वमा सरकार गठन भयो । त्यो सरकार गठन हुँदा उपेन्द्र यादव नेतृत्वको फोरम नेपालबाट विजयकुमार गच्छदार अलग भएर माधव नेपाल नेतृत्वको सरकारमा सहभागि भएका थिए ।

त्यो सरकारमा उपेन्द्र यादव सहभागि भएनन् तर राजेन्द्र महतो नेतृत्वको तत्कालीन सद्भावना पार्टी र महन्थ ठाकुर नेतृत्वको तत्कालीन तमलोपा सहभागि भएको थियो । उनीहरू पनि उक्त सरकारमा त्यतिकै सहभागि भएनन् । माधव नेपालसँग सम्झौतापत्रमा हस्ताक्षर गरेर नै सरकारमा सहभागि भएका थिए । तर त्यो सम्झौता पनि रद्दीकै टोकरीमा फालियो ।

त्यसपछि एमालेकै नेता झलनाथ खनाल नेतृत्वको सरकार गठन भयो । त्यसमा उपेन्द्र यादव नेतृत्वको फोरम नेपाल मात्र सहभागि भएको थियो । अन्य मधेशी दलहरू बाहिरै बसे । उपेन्द्र यादव पनि झलनाथ खनालसँग सहमतिपत्रमा हस्ताक्षर गरेर सरकारमा सहभागि भएका थिए तर त्यो सम्झौता पनि कार्यान्वयन भएन र सरकार ढल्यो ।

झलनाथ खनाल नेतृत्वको सरकार ढलेपछि माओवादीका तत्कालीन नेता डा.बाबुराम भट्टराईको नेतृत्वमा सरकार गठन भयो । त्यो सरकार गठन हुने प्रक्रिया शुरू हुनै लाग्दा फोरम नेपालबाट जेपी गुप्ता बाहिरिएका थिए । भट्टराई नेतृत्वको सरकारमा मधेशी मोर्चालाई सहभागि गराउनका लागि जेपी गुप्ता र विजयकुमार गच्छदारले भूमिका खेलेका थिए । र, नेपालको इतिहासमै मधेशबाट सबभन्दा बढी मन्त्री बाबुराम नेतृत्वको सरकारमा बनेका थिए । त्यसबेला पनि चार बुँदे सम्झौता गरेर मधेशी मोर्चा सरकारमा गएका थिए ।

तर मधेशी मोर्चाका नेताहरू सरकारमा यसरी रमाए कि त्यो चार बुँदे सम्झौता कार्यान्वयन गर्ने तिर ध्यान नै दिएन । त्यो चारबुँदे सम्झौतापत्र पनि त्यतिकै रद्दीको टोकरीमा गयो । संविधान निर्माणका प्रक्रिया शुरू हुँदा आफ्नो अधिकारका कुरा उठाउने, आन्दोलनको चेतावनी दिने, विभिन्न गठबन्धन र समूह बनाउने काम मधेशी दलबाट भए पनि सम्झौता लागू भएन ।

बाबुराम सरकारको पालमा संविधानसभा विघटन भयो । प्रधानन्यायधीश खिलराज रेग्मीको नेतृत्वमा सरकार गठन भयो र २०७० सालमा संविधानसभाको दोस्रो पटक निर्वाचन भयो ।

दोस्रो पटकको संविधानसभा चुनावको नतिजा देखेर मधेशी दल आन्दोलनमा जान निर्णय गरे । दोस्रो पटकको चुनावमा पहिलो नम्बरबाट तेस्रो नम्बरको पार्टीमा झरेको माओवादीको साथमा मधेशी दलले ३० दलीय गठबन्धन बनाएर आन्दोलन शुरू गरेका थिए । आन्दोलन देशैभरी फैंलदै थियो । त्यतिकैमा गठबन्धनका संयोजक समेत रहेका माआवादीका अध्यक्ष प्रचण्ड नै आन्दोलन छाडेर कांग्रेस र एमालेसँग गठबन्धन बनाइ १६ बुँदे सम्झौता गरे, त्यसमा विजयकुमार गच्छदारले पनि साथ दिएका थिए ।

आन्दोलनको नेतृत्व गर्दै आएका प्रचण्ड र गच्छदार हिँडिसकेपछि मधेशी मोर्चालाई ठूलो झट्का लाग्यो । उपेन्द्र यादव, महन्थ ठाकुर, राजेन्द्र महतो र महेन्द्र राय यादबले मधेशी मोर्चालाई क्रियाशील गर्दै आन्दोलनलाई अगाडि बढाए । त्यती बेला नेपाली कांग्रेसका सभापति सुशील कोइराला प्रधानमन्त्री थिए । एमालेको सहयोगमा बनेको सरकारमा मधेशी मोर्चा र माओवादी केन्द्रको सहभागि वा समर्थन थिएन । आन्दोलनमा रहेको अवस्थामा पनि विजयकुमार गच्छदार सुशील कोइराला नेतृत्वको सरकारमा सहभागी हुने प्रयास गरेका थिए तर सुशील कोइरालाले उनलाई लिएका थिएनन् ।

मधेशी मोर्चाले बिगतमा भएका सम्झौता अनुसार संविधान निर्माण हुनुपर्ने माग राख्दै आन्दोलनको चेतावनी दिँदै थिए । मधेशको माग समावेश नगरी संविधान निर्माण भयो भने आन्दोलन गर्ने चेतावनी दिँदै थियो । त्यसका लागि मधेशी मोर्चासँग सुशील कोइराला नेतृत्वको सरकारले पटक-पटक बार्ता पनि गऱ्यो ।

तर बार्ता कहिल्यै निष्कर्षमा पुगेन । मधेशी मोर्चासँग कुनै सहमति नगर्दै सुशील कोइराला नेतृत्वको सरकारले संविधान निर्माणको प्रक्रिया अगाडि बढाये । अन्ततः फास्ट्रयाकमा संविधान निर्माण भयो । आफूहरूको माग सम्बोधन नै नगरी संविधान निर्माण हुन लागेको भन्दै मधेशी मोर्चा २०७२ भदौ १ गतेदेखि मधेश आन्दोलनको घोषणा गऱ्यो । आन्दोलन चलिरहेकै बीचमा कोइराला नेतृत्वको सरकारले असोज ३ गते संविधान घोषणा गरे । त्यतिबेलासम्म २० जनाभन्दा बढी आन्दोलनकारीको मृत्यु भइसकेको थियो । संविधान निर्माणपछि एमालेका अध्यक्ष केपी शर्मा ओली पहिलो पटक प्रधानमन्त्रर भए । यद्यपि संविधान निर्माणपछि केपी ओली प्रधानमन्त्री बन्ने पनि कांग्रेस र एमालेबीच भइ सहमति भएको थियो । तर, सुशील कोइरालाले फेरी प्रधानमन्त्रीका लागि उम्मेदवारी दिएका थिए । त्यतिबेला संविधानसभा बहिष्कार गरेर हिँडेका र सद्भावना पार्टीका सांसदले संविधानसभाबाट राजीनामा समेत दिइसकेका थिए तर उनीहरूले संसदमा गएर सुशिल कोइरालाको पक्षमा मतदान गरे ।

त्यो बेला सुशील कोइलारालाई मधेशी मोर्चाले निःशर्त प्रधानमन्त्रीमा समर्थन गरे का थिए । मधेशी मोर्चाले कोइरालालाई मतदान गरे पनि माओवादी केन्द्रले साथ दिएपछि एमालेका अध्यक्ष ओली प्रधानमन्त्री बने ।

ओली प्रधानमन्त्री बनेपछि आन्दोलन झन् चर्किंयो । मधेशी मोर्चाले नाकाबन्दीको सहितको आन्दोलन जारी राख्यो । ओली प्रधानमन्त्री हुँदा मधेशी मोर्चासँग ३६ पटकसम्म संवाद र वार्ता भए पनि निष्कर्षमा पुग्न सकेन ।

प्रधानमन्त्रीको रूपमा ओली भारत भ्रमणमा जाँदा नाकाबन्दी पनि हट्यो र सबै आन्दोलन पनि फिर्ता भयो ।

सोही क्रममा माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले ओलीको सरकार ढाल्ने निर्णयमा पुगे र त्यसमा साथ मधेशी मोर्चाले दिए । एमालेसँग गठबन्धन तोडेपछि कांग्रेस र मधेशी मोर्चाले प्रचण्डलाई प्रधानमन्त्री बनाए ।

प्रचण्डलाई प्रधानमन्त्रीमा सहयोग गर्नका लागि मधेशी मोर्चाले तीन बुँदे सम्झौता गरेको थियो । संविधान संशोधन र आन्दोलनका क्रममा मृत्यु भएकाको क्षतिपूर्ति लगायतका माग थियो । प्रधानमन्त्री प्रचण्डले जसरी पनि संविधान संशोधन गर्ने पटक पटक प्रतिबद्धता जनाएका थिए । यहाँसम्म कि संविधान संशोधन नभएसम्म स्थानीय तहको चुनाव नहुने पनि उनले भनेका थिए । उनले संशोधन विधेयक संसदमा लरो पनि एमाले र राप्रपाको असहयोगका कारण त्यो पारित हुन सकेन । त्यही बीचमा मधेशी मोर्चामध्ये छ दल मिलेर राजपा नेपाल गठन गरे ।

प्रचण्ड नेतृत्वको सरकारसँग पनि मधेशी मोर्चाले दर्जनौं पटक वार्ता र संवाद गरे तर कहिले सहमति बन्न सकेन । मधेशी मोर्चाको विरोधका बावजुद पनि प्रचण्ड नेतृत्वको सरकारले स्थानीय तहको पहिलो चरणको चुनाव सम्पन्न गरेर बिदा भए ।

दोस्रो चरणको चुनावमा मधेशी मोर्चालाई पनि सहभागि गराउने वार्ता र संवाद चलिरहेकै बेला प्रचण्डले प्रधानमन्त्री पदबाट राजीनामा दिए । यद्यपी मधेशी मोर्चाले संविधान संशोधन नभएसम्म चुनावमा सहभागि नहुने चेतावनी दिँदै आएका थिए ।

शेरबहादुर देउवालाई प्रधानमन्त्रीमा समर्थन गर्नका लागि मधेशी दलहरूले पुनः तीन बुँदे सम्झौता गरे । प्रधानमन्त्री देउवाले मधेशी दललाई संविधान संशोधन गर्ने आश्वासन पनि दिए । तर यसमा पनि उनी असफल भए र प्रतिनिधिसभा तथा प्रदेशको निर्वाचन सम्पन्न गरारए बिदा भए ।

यसरी ससंसी हेर्दा बिगतमा बनेका सबै सरकारसँग कुनै न कुनै रूपमा सम्झौता र सहमति भएको देखिन्छ तर एउटा पनि कार्यान्वयन भएको पाइदैन । अहिले ओलीको दोस्रो कार्यकालमा पनि मधेशी दलहरूले लिखित सम्झौताको प्रतीक्षामा छन तर उनीहरूले यो पनि हेक्का राख्नु पर्छ कि पहिलाको सम्झौता लागू हुन नसकेको अवस्थामा नया सम्झौता र सहमतिको अर्थ कति ? सरकारमा जान मात्र सम्झौता गर्न खोजिएको, जस्तो पहिला पनि भएको हो, कि वास्तविक निकासका लागि ।

विशेष गरी जर्मनी र डेनमार्कका नियोगहरू विकासे कार्यक्रमको निरन्तरता तथा मानवअधिकारको स्थितिमा केन्द्रित देखिन्छन् । युरोपियन युनियन (ईयू) को सदस्य नरहेको तर नेपालमा धेरै विकासे धनराशी खर्च गर्ने नर्वेको विचार पनि ईयूसँग मिल्दोजुल्दो छ ।

विगतमा आफ्नो देशमा उग्र वामपन्थीलाई नसहने तर नेपालमा चाहिँ माओवादतर्फ लचिलोपन अपनाउने 'डवल स्टेण्डर्ड' देखाएको छिटा पनि पर्ने गरेको थियो केही युरोपेलीहरूमाथि ।

नेपालको राष्ट्रिय स्वार्थलाई जोगाउन राष्ट्रिय एकता र अखण्डता कायम राख्न र सार्वभौम सत्ता जोगाउन सामूहिक प्रयत्नबाट मात्र सम्भव छ । अन्यथा तिब्बत र चीन घेर्ने पश्चिमा रणनीति र भारत घेर्ने चिनियाँ रणनीतिको घात प्रतिघातमा नेपालको राज्य व्यवस्था, संविधान, सरकार तथा सिङ्गो मुलुक पर्नसक्छ । बेलैमा सचेत हुनका लागि नेपालका सम्पूर्ण राजनीतिक शक्तिहरू एक हुन जरूरी छ ।

इयुको अर्थहीन...

साम्राज्यवादी शक्तिहरूले नेपाललाई जातीय द्वन्द्वमा फसाउने कोशिस गर्दै आएका छन् । जब जातीय द्वन्द्व चर्किन्छ, त्यसपछि वर्गीय द्वन्द्व ओझेलमा पर्दछ । वर्गीय द्वन्द्व नभएपछि शोषक वर्गीय सत्ता कायम रहिरहन सक्छ भन्ने मान्यताका साथ युरोपियन युनियनले जातीय द्वन्द्व चर्काउन ठूलो मात्रामा आर्थिक लगानी गरेका छन् ।

नेपाल आदिवासी जनजाति महासङ्घलाई आफ्नो स्वार्थ अनुकूल प्रयोग गर्न उनीहरूले करोडौं डलर खर्च गरिरहेको कुरा सार्वजनिक हुँदै आइरहेको छ । बेलायती संस्था डीएफआईडीले त नेपाल आदिवासी जनजाति महासङ्घलाई अर्बौं सहयोग गर्दै आएको कुरा स्वयं महासङ्घले पनि स्वीकार गरेको छ ।

त्यस्तै नर्वेजियन चर्च, इण्टर चर्च अर्गानाइजेसन फर डेभलोपमेन्ट को-अपरेसन नेदरल्यान्ड लगायतका इसाई मिशनरीहरूले ठूलो मात्रामा नेपालमा लगानी गरिरहेका छन् । यसरी एउटा स्वतन्त्र, सार्वभौमसत्ता सम्पन्न मुलुकमाथि भइरहेको वैदेशिक चलखेलले नेपाललाई सिक्किम, भुटान, सुडान, इथियोपिया वा नाइजेरियाको दिशातर्फ डोऱ्याइरहेको प्रष्टै छ ।

यसरी, नेपालको इतिहासमै देशको राष्ट्रियता गम्भीर सङ्टमा पुगेको छ । यसलाई सही प्रकारले समाधान गर्न सकिएन भने हामी नेपालीले गम्भीर दुर्घटनाको सामना गर्नु पर्ने छ । त्यसैले अहिले सबै देशभक्त, जनतान्त्रिक र प्रगतिशील शक्तिहरूको दायित्व देशको राष्ट्रियतालाई बचाउन तथा लोकतन्त्रलाई संस्थागत गर्नतिर नै हुनु पर्दछ ।

राष्ट्रिय मामिलामा बाह्य शक्तिको चासो र यस सम्बन्धी विवादको सन्दर्भमा नेपालको परराष्ट्र सम्बन्ध कता गइरहेछ, हेर्ने बेला भएको छ । देश र समाजको दिशा निर्धारण गर्ने अभिभारा बोकेका राजनीतिक दलहरू बदलिंदो वैदेशिक सम्बन्धमा उनीहरूले त्यति धेरै ध्यान दिएको देखिँदैन ।

युरोपेली चासो

युरोपियन युनियनअन्तर्गत नेपालमा क्रियाशील दूतावासहरू,

आर्थिक समाचार

प्रभुका नयाँ दुई शाखा

काठमाडौं । प्रभु बैंकले बारलुङको बरेङ गाउँपालिका र कास्की जिल्लाको माछापुच्छ्रे गाउँपालिकामा शाखा कार्यालय नयाँ शाखा सञ्चालनमा ल्याएको छ । संघीय संरचनाबमोजिम गठित विभिन्न स्थानीय तहमा रहेका सेवाग्राहीहरूलाई सरल र सहजरूपमा बैंकिङ् सेवा पुऱ्याउने उद्देश्यका साथ नयाँ शाखा सञ्चालनमा ल्याएको बैंकले जनाएको छ । बारलुङको बरेङ गाउँपालिकाको सोहि गाउँपालिकाका अध्यक्ष कृष्णप्रसाद शर्मा र कास्की जिल्ला माछापुच्छ्रे गाउँपालिकाको सोहि गाउँपालिका उपाध्यक्ष सुष्मा कुमारी दवाडीले उद्घाटन गरेका हुन् ।

एभरेष्टको विराटनगर शाखा उद्घाटन

विराटनगर । प्रदेश नम्बर १ का मुख्यमन्त्री शेरधन राईले एभरेष्ट बैंकको विराटनगर शाखाको नवनिर्मित भवनको उद्घाटन गरेका छन् । विराटनगरमा भएको उक्त कार्यक्रममा प्रदेश नम्बर १ का गृह तथा कानुन मन्त्री हिक्मतकुमार कार्की, अर्थ तथा योजना मन्त्री इन्द्रबहादुर आडबो, बैंकका सञ्चालक समितिका सदस्यहरू, प्रमुख कार्यकारी अधिकृत सोमेश्वर सेठ, स्थानीय वाणिज्य संघका पदाधिकारी, सुरक्षा निकायका प्रतिनिधिलगायतको उपस्थिति थियो । एभरेष्ट बैंकले हाल आफ्ना ८० वटा शाखा, ७ एक्सटेन्सन काउन्टर, २८ राजस्व संकलन काउन्टर र ११३ एटीएम तथा बृहत् बाह्य सञ्जालमार्फत् सेवा प्रदान गर्दै आइरहेको छ।

रूपन्देहीमा बैंकका शाखा विस्तार तीव्र

बुटवल । रूपन्देहीमा बैंकहरूले शाखा विस्तार आक्रामक रूपमा अगाडि बढाएका छन् । विकासका पूर्वाधार निर्माणसँगै आर्थिक गतिवधि तीव्र हुँदै जाँदा रूपन्देहीमा बैंकहरूको शाखा विस्तार तीव्र भएको हो । त्यसो त मुलुक संघीय संरचनामा गएसँगै स्थानीय तहले गाउँमै पहलपहल बढाएपछि त्यसको असर बैंकहरूमा पनि परेको कतिपय जानकार बताउँछन् । यहाँ बैंकहरूले शाखा विस्तार गर्न होडबाजी जस्तै गरेका छन् । जनतालाई घर आँगनमा सेवा प्रदान गर्न भन्दै वाणिज्य बैंकदेखि लघुवित्त बैंकहरू शाखा विस्तारमा जुटेका हुन् । रूपन्देहीमा १६ स्थानीय तह छन् । नेपाल राष्ट्र बैंक, भैरहवाका अनुसार आर्थिक वर्ष २०७३०७४ सम्म जिल्लामा २६७ वटा बैंकका शाखा सञ्जाल रहेकोमा हाल यो संख्यामा भारी वृद्धि भएको छ । राष्ट्र बैंक, भैरहवाका निर्देशक अशोककुमार पौडेलका अनुसार प्रदेशको राजधानी तोकिएसँगै रूपन्देहीमा लगानीका सम्भावना देखेर बैंकहरूले आफूलाई यहाँ केन्द्रित गर्न थालेको छन् । पौडेलले भन्छन् , 'पछिल्लो आठ महिनामा ४० देखि ५० वटासम्म नयाँ शाखा थपिएका छन् ।' उनी बैंकहरूको तीव्र शाखा सञ्जाल विस्तारले रूपन्देही लगानीको 'हब' बन्दै गएको बताउँछन् ।

युरोपियन युनियनको टिप्पणीप्रति प्रेस काउन्सिलको आपत्ति

काठमाडौं। हालै सम्पन्न प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन पर्यवेक्षणको नाममा युरोपियन युनियनद्वारा जारी प्रतिवेदनप्रति प्रेस काउन्सिल नेपालको गम्भीर ध्यानाकर्षण भएको छ। काउन्सिलका कार्यवाहक अध्यक्ष विशोर श्रेष्ठले बिहीबार एक विज्ञप्ति जारी गरी प्रेस काउन्सिलको गठन विधि, कार्यक्षेत्र, भूमिका र प्रभावक्षेत्रको वस्तुगत विश्लेषण र तथ्यपरक जानकारी नै नराखेको भन्दै एकदमै सतहीरूपमा टिप्पणी गरिएको जनाएका छन्। 'युरोपियन युनियनको उपरोक्त प्रतिवेदनमाथ यत्तिको न्यायिक र नैसर्गिक सिद्धान्तलाई सामान्यरूपमासमेत ख्यालगरिएको पाइएन ।' विज्ञप्तिमा भनिएको छ, 'प्रेस काउन्सिलकै सन्दर्भमा कतिपय गलत, भ्रामक र आधारहीन किटानी गरिएको र संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागतगर्न सबै वर्ग, तहतप्काका जनसमुदायको भर्खर सम्पन्न आमनिर्वाचनमा उत्साहजनक सहभागिता रहेको परिप्रेक्ष्यमा युरोपियनयुनियनको प्रतिवेदनले आफैंमा विश्वसनीयताको संकट पैदा गरेको छ ।'

इयुको प्रतिवेदनप्रति भर्त्सना

काठमाडौं । युरोपियन युनियन (इयु)को निर्वाचन मिसनले प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचन पर्यवेक्षणबारे सार्वजनिक गरेको प्रतिवेदनप्रति क्षत्री समाज राष्ट्रिय महासंघले भर्त्सना गरेको छ । महासंघका महासचिव बहादुरसिंह विष्टले बिहीबार एक विज्ञप्ति जारी गरी इयुले खसआर्य विरूद्ध धावा बोलेको निष्कर्ष निकालेको छ । खसआर्यहरूलाई आन्दोलित गराएर नेपालमा अशान्ति गरी आफ्नो उद्देश्य पूरा गर्न खसआर्यविरूद्ध अन्य जातजातिहरूलाई उक्साउने प्रयास गरेको' आरोप महासंघले विज्ञप्तिमार्फत् लगाएको छ । नेपाल सरकारले इयुको यस्ता गतिविधिलाई रोक्न लगाई अब उपरान्त विखण्डनकारी गतिविधि हुन नदिन महासंघले माग गरेको छ ।

विरोध गर्नु दुःखद् : महासंघ

काठमाडौं । युरोपियन युनियन (इयु)को निर्वाचन मिसनले प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचन पर्यवेक्षणबारे सार्वजनिक गरेको प्रतिवेदनले नेपालको वर्तमान राजनीतिक अवस्था र समावेशिकरणलाई सही तरिकाले औल्याएको नेपाल आदिवासी जनजाति महासंघले ठहर गरेको छ ।

सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक सरकार र जिम्मेवार केही राजनीतिक दलहरूद्वारा प्रतिवेदनमाथि आपत्ति जनाएकोप्रति नेपालका ३७ प्रतिशत भन्दा बढी आदिवासी जनजातिहरूको साझा प्रतिनिधिमूलक संस्था नेपाल आदिवासी जनजाति महासंघको गम्भीर ध्यानाकर्षण भएको आदिवासी जनजाति महासंघले जनाएको छ ।

'इयुको निर्वाचन पर्यवेक्षण प्रतिवेदनको सुन्दर पक्षहरूको अवमूल्यन गर्दै नेपाल सरकार, परराष्ट्र मन्त्रालयले गोलमोटल ढंगले उत्तेजनामा आएर प्रतिवेदन गलत रहेको टिप्पणी गरिनु एकल नश्लीय तथा जातीय चिन्तनले ग्रसित भएर अपरिपक्वता देखाउँदै अन्तर्राष्ट्रिय जगतमा नै नेपालको छविलाई गिराउने गरी आवेगको भरमा विज्ञप्ती जारी गरिएकोमा महासंघ दुःख व्यक्त गर्दछ ।' महासंघका अध्यक्ष जगतबहादुर बरामले विज्ञप्तिमार्फत् जनाएका छन् ।

साथै जिम्मेवार राजनीतिक दलहरू र तिनका नेताहरू समेतले प्रतिवेदनको विरोध गर्नु थप दुःखद पक्ष रहेकोले ती गैरजिम्मेवार अभिव्यक्तिप्रति महासंघ भर्त्सना गरेको छ ।

नेपालमा सदिऔंदेखि राजनीतिक रूपले बहिष्करण, सामाजिक, सांस्कृतिक, भाषिक, धार्मिक रूपले विभेद, आर्थिक रूपले शोषण खेपिरहेका/पारिएका आदिवासी जनजाति, दलित, मधेसी, मुस्लिम, महिला, यौनिक अल्पसंख्यक लगायत जनताको प्रतिनिधित्वको सुनिश्चितता समानता र न्यायमा आधारित विश्वव्यापी मापदण्डअनुरूप हुनुपर्नेमा प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा सोबमोजिम हुन नसकेको इयुको सिफारिश सही रहेको महासंघको ठहर छ ।

तसर्थ, लोकतन्त्रको सुदृढिकरण, समावेशी लोकतन्त्रको विकास र विभेदरहित समाजको स्थापनाका लागि मानव अधिकार, सामाजिक न्याय, समानता र सबैखाले विभेदको अन्त्यले मात्रै सम्भव छ ।

उपत्यकाभित्र संचालित सैलुनहरूको अनुगमन

काठमाडौं । काठमाडौं उपत्यकाभित्र संचालित सैलुनहरूको अनुगमन सुरू भएको छ । संयुक्त नाई श्रमिक व्यवसाय संघको अगुवाईमा सैलुनहरू अनुगमन भइरहेको छ । कपाल, दाढी काट्ने पेशालाई व्यवस्थित तथा मर्यादित बनाउने उद्देश्यका साथ नेपाल नाई ट्रेड युनियन र अखिल नेपाल राष्ट्रिय नाई मजदूर संघबीच सम्झौता भई संयुक्त नाई श्रमिक व्यवसाय संघको रूपमा नेपालभरि संस्थाको काम कारबाही तथा अनुगमन गरी विधानमा उल्लेखित मापदण्ड पूर्णरूपमा पालन गराउने उद्देश्यका साथ शनिवारदेखि अनुगमन गागिएको हो । मूल्य सूची, सैलुन पसल दर्ता, सिप प्रमाणपत्र, नपा तथा पानमा दर्ता, सिकारू स्टाफ र सैलुनमा प्रयोग हुने औचार तथा कपडाहरू किटाणुरहित प्रयोग लगायतका विषयमा अनुगमन भइरहेको नेपाल नाई ट्रेड युनियनका अध्यक्ष गजेन्द्र ठाकुरले जनाएका छन् ।

मधेशवाणी प्रा.लि.द्वारा प्रकाशित, सम्पादक : **राजेश अहिराज**, कार्यकारी सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ४२६६१४२, ४२६६१४१, फ्याक्स : ४२६६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं